मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

२०५५, भदौ / असोज

ग्रात्ती

संचेतना द्वैमासिक

प्रजातन्त्र
र
निरिह जनता

मानवअधिकार
आन्दोलनको
वर्तमान चुनौति

सर्वोच्च अदालतको बहुचर्चित फैसला

गोपनियताको हक कि यौन स्वच्छन्दता ?

मानवका लागि मानवअधिकार,
मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष ६, पूर्णाङ्क २४, भदौ/असोज २०५५

प्राची डबली २
प्रस्तुति /समवेत ३
संगत/विसंगत कविता / देविका तिमिल्सिना ४
गोपनीयताको हकको सुरक्षा तर यौन .... / सूर्य थापा ५
अस्थिर फैसलाका स्थिर प्रभावहरु / टिकाराम भट्टराई ९
किशोरीहरुको पीडा र सामाजिक वहस १३
प्रजातन्त्र र निरीह जनता / डा. राजेश गौतम १४
दयाका वीर : दयावीर / रघुनाथ लामिछाने १५
मानवअधिकार आन्दोलनको चुनौति / सुशील प्याकुरेल ... १६
चिन्ता र चासोमा केन्द्रित मानवअधिकार / सुरेश आचार्य १९
कुसाइत कस्लाई ? / कणाद महर्षि २०
निस्वार्थ राजनेता / आत्माराम शर्मा २१
के हो नेपालको सन्दर्भमा युवाअधिकार / प्रकाश ज्ञवाली ...२२
बालबालिका हाम्रा गुरु / कविता अर्याल..... २४
काकाको कमाल / मनोज गजुरेल २५
अभिप्रेरणाको वलियो सन्देश / मुकुन्द कट्टेल २७
डोल्पाले दिएको उपहार / कुन्दन अर्याल..... ३०
ख्याल-ख्याल होइन झ्याल / नरनाथ लुइँटेल ३१

संस्थापक : सुशील-प्रकाश

सल्लाहकार :
सुशील प्याकुरेल
डा. राजेश गौतम
कुन्दन अर्याल

सम्पादक : नरनाथ लुइँटेल/देविका तिमिल्सिना

सह-सम्पादक : आत्माराम शर्मा

आवरण : गोविन्द थापा, कलाकेन्द्र

ले-आउट : गोविन्द त्रिपाठी

व्यवस्थापन : समीर नेपाल

यस अंकका सहयोगीहरु :
गीता माली, वासु क्षितिज / हरिप्रसाद शर्मा

मुद्रक : इन्द्रेणी अफसेट, बागबजार

पत्राचार
पत्र मञ्जुषा २७२६, काठमाडौं
टेलिफोन - २७०७७०/२७८७७०
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

उल्लेख्य :

अन्नपूर्णा राणाको बहुचर्चित मुद्दा
गोपनियताको हक कि यौन स्वच्छन्दता ?

सर्वोच्च अदालतको फैसलाबारे :
अन्नपूर्णा राणा, समाजशास्त्री डा. ओम गुरुङ, अधिवक्ताहरू टिकाराम भट्टराई, सुशील पन्त, श्याम खरेल, महेश नेपाल र मानवअधिकार कार्यकर्ता इन्दिरा फुयाँलका विचारहरू।

मानवअधिकार आन्दोलनको वर्तमान चुनौति



प्राची डबली

सम्पादकज्यू
प्राची द्वैमासिक

प्राचीको २३ औं अंक पढ्ने मौका पाएँ। पत्रिकामा प्रकाश काफ्लेको आवरण चित्र हेर्दा नै मन भावविभोर भयो। मानवअधिकार अथक योद्धाको तस्वीर बोल्नै लागे जस्तो, केही गर भनी निर्देशन दिनै आँटे जस्तो साह्रै मर्मस्पर्शी लाग्यो। मानवअकिारका योद्धा प्रकाश स्मृति विशेष अंक भएकोले उहाँप्रति दिनु पर्ने सामग्री अझै अपूरो नै लाग्यो। नरनाथ लुइँटेलद्वारा लिखित प्रकाश पुञ्ज कविता ज्यादै मार्मिक छ। सुशील प्याकुरेलको लेखले हामीलाई मिलेर बाँच्न र केही गर्न हौसला दिएको पाएँ। कुन्दन अर्यालको मेरो प्रकाश दाजु लेखले मलाई भाव विभोर बनाएर नै छोड्यो। कविता अर्याल, प्रदीप नेपाल, भीम रावल, अशेष मल्ल, आत्माराम शर्मा, कणाद महर्षिहरूका रचनाले भने प्रकाशका बारेमा अपूरै जानकारी दिए जस्तो लाग्यो। उहाँहरूको लेखमा प्रकाश त्यति चम्किन पाएका छैनन्। श्रीमती सरीता काफ्लेसंगको कुराकानी ज्यादै रोचक छ तर इन्सेक अभियान पूर्णाङ्क २२, २०५४ साउनको अंकमा प्रकाश काफ्लेका सहयात्री सुशील प्याकुरेलको संस्मरण र सरीता काफ्लेको भनाइ भने बाझे जस्तो लाग्यो।

- कुमार खड्का
सचिव
मानवअधिकार शिक्षा
रेडियो श्रोता क्लव केन्द्रीय
तदर्थ समिति

प्रकाश स्मृति विशेष भएर प्रकाशित भएको प्राचीको अंक २३ पढ्ने अवसर मिल्यो। धेरै नाम सुनेको र ०५० साल यता देखि धेरै नै चर्चा पाएको प्रकाश काफ्लेको बारेमा यस पत्रिकाले मलाई धेरै नै जानकारी गराएको छ। पत्रिकामा उल्लेख गरिएको समवेतले प्रकाश काफ्लेको उचाइको सम्बन्धमा यथार्थ मूल्यांकन गरेको छ। कवि नरनाथ लुइँटेलको कविताले कविलाई मात्र होइन सबैको हृदयलाई छुन अत्यन्त सफल छ। स्व. काफ्लेको सम्बन्धमा स्व. मदन भण्डारीले व्यक्त गर्नु भएका विचार पढ्दा मुलुकले एउटा होनहार प्रतिभा गुमाए छ भन्ने लाग्यो। उहाँकी धर्मपत्नी श्रीमती सरीता काफ्लेसंग गरिएको कुराकानीले स्व. काफ्लेको विविध व्यक्तित्वका पक्षमा थप जानकारी प्राप्त भयो।

यातनाको अनेक रूप भन्ने लेख स्व. प्रकाश काफ्ले आफैले लेख्नु भएको रहेछ। लेखमा उहाँले उल्लेख्य गर्नु भएको जेलको यथार्थ घटना पद्म न्यौपानेले भोग्नु परेको २० वर्षको कैद सजाय पढ्दा विनाकसुर नेपालीहरूले भोग्दै आएका यातनाका पीडादायक घटनाको सम्बन्धमा धेरै कुरा जानकारी मिल्यो। साहित्यकार कणाद महर्षिको काफ्लेप्रतिको अनुभूति र उहाँले उठाउनु भएको मानवअधिकार उल्लंघनसम्बन्धी प्रश्न मार्मिक र अत्यन्त सान्दर्भिक मैले पाएको छु। यो अंक बारे सारांसमा भन्नु पर्दा अथक मानवअधिकार योद्धा स्व. प्रकाश काफ्ले स्मृति गर्दै उचित कदर गरेको छ।

- पवन गुरुङ
बागबजार, पोखरा

अन्य पत्रपत्रिका भन्दा भिन्न र फरक विषयवस्तु लिएर प्रकाशित हुँदै आएको प्राचीका हरेक अंकहरू बजारमा पाएसम्म खरिद गरेर पढ्ने गरेको छु र यसका पुराना अंकहरू संकलन समेत गरेको छु। पत्रिका पढिसकेपछि आफूलाई लागेका र देखेका कुरालाई लिएर यस भन्दा अगाडि पनि मैले चार पाँच वटा पत्रहरू पठाएँ तर हालसम्म प्रकाशित भएनन्। तरपनि एउटा पाठकको कर्तव्य निर्वाह गर्दै पुनः पत्रिकाको सम्बन्धमा टिप्पणी पठाएको छु।

प्रकाश स्मृति विशेष अंक २३ केही दिन अगाडि मात्र हात पऱ्यो। आफूले नाम सुन्दै आएको स्व. प्रकाश काफ्लेको यथार्थ व्यक्तित्वको जानकारी प्राप्त भयो। स्व. मदन भण्डारीका अभिव्यक्ति देखि लिएर, उहाँकी धर्मपत्नीका विचारकासाथै उहाँकै सहयोद्धा सुशील प्याकुरेलका समेत लेख र विचारले स्व. काफ्लेको महत्वलाई यस अंकले अझै माथि उठाएको अनुभूति मैले गरें। पत्रिकाको अन्य लेखहरूमा प्रदीप नेपाल, कपिल श्रेष्ठ, कुन्दन अर्याल र भीम रावलका विचार र लेखले स्व. काफ्लेको उचाइलाई यथार्थ मूल्यांकन गरेको मैले पाएँ। साहित्यकार अशेष मल्ल, राजव र शार्दूल भट्टराईका संस्मरण पढ्दा स्व. प्रकाश काफ्लेको व्यक्तित्वको घेरा फराकिलो रहेछ भन्ने जानकारी मिल्यो। यस्ते पत्रिकाको अन्य सामाग्रीहरूमा कवि नरनाथ लुइँटेलको कविता, आत्माराम शर्माको लेख, कविता अर्यालको बालपन देखिको संस्मरण रोचक र पठनीय छन्। धन्यवाद !

- शक्ति भट्टराई
इलाम बजार, इलाम

अथक मानवअधिकार योद्धा प्रकाश काफ्लेको स्मृति अंकको रूपमा बजारमा आएको प्राचीको नयाँ अंक साउन महिनामा नै हात पऱ्यो। प्रकाश काफ्लेको आकर्षक तस्वीरले पत्रिका सजाउनु भएकोले पत्रिका पढ्न रूचि लाग्यो। साथै प्रकाश काफ्लेको सम्बन्धमा अध्ययन गर्ने इच्छा पनि भयो। आफूले कता-कता नाम मात्र सुनेको, यथार्थमा राम्रो जानकारी नपाएको स्व. काफ्लेका सम्बन्धमा पत्रिकाले मलाई यथेष्ठ जानकारी दिलायो।

पत्रिका पढिसकेपछि उहाँले मानवअधिकारको आन्दोलनमा निकै योगदान गर्नुभएको रहेछ भन्ने कुरा, स्व. मदन भण्डारी, मनमोहन अधिकरी, प्रदीप नेपाल, सुशील प्याकुरेल, कपिल श्रेष्ठ र कुन्दन अर्यालका विचार र लेखवाट प्रष्ट जानकारी पाएँ। आफूले कहिल्यै नभेटेका नचिनेको मानिस भएपनि विभिन्न तस्वीरमासमेत उहाँलाइँ यस अंकमा पढ्न पाउँदा, कता कता मैले पनि चिनेको र देखेको अनुभूति गरायो। समग्रमा पत्रिकाले मानवअधिकारको सम्बन्धमा जानकारी र रूचि राख्नेहरूका साथै एउटा योद्धाको सम्बन्धमा यथार्थ तस्वीर खिच्न सफल छ।

- कुलमान श्रेष्ठ
साँखु, काठमाण्डौ

राजनीति र मानवअधिकार

२०४६ सालदेखि आधार स्तम्भ मान्ने हो भने यताका यी आठ वर्षमा मुलुक र जनताले धेरै कुरा पाइसक्नु पर्ने हो, तर बिल्कुलै त्यस्तो भएको छैन । जनताका इच्छा, आकांक्षाहरू मुर्झाएका छन्, जनजीविका, रोजगार एवं नागरिक अवसरहरू प्राप्त हुन सकेका छैनन् । वर्तमान प्रजातन्त्रले मुलुकवासीलाई राहत हैन, आहत दिइरहेको अनुभूत भइरहेको छ । सबै क्षेत्रमा अराजकता, स्वार्थ र भ्रष्टमति मौलाउँदै जाँदो छ । प्रजातन्त्रको मेरुदण्ड राजनीति फोहर र गन्धा खेलमा परिणत भएको छ । सत्ता प्राप्तिको होजबाजी जनसमस्या हल गर्न होइन, राष्ट्र बनाउन होइन, निजी स्वार्थ साध्ने अभिष्टमात्र सावित भइरहेको छ । राजनीति भनेको फट्याईं बनेको छ, झुठ बनेको छ, षडयन्त्र, तिगडम र बेइमानी बनेको छ। मुलुक अहिले साँच्ची नै एउटा संगीन र सम्वेदनशील मोडमा आइपुगेको छ ।

आदर्श, आस्था र विश्वासका प्रतिमूर्ति राजनेताहरू स्वयं आफनो प्रेरणास्पद विगतलाई पैतालाले कुल्चिएर व्याज असुल गरिरहेका छन् । अरू जेसुकै होस्- आफू बनौं, आफनो बनाउँ भन्ने व्यक्तिवादी सोच र प्रवृत्ति हावी भइरहेको छ । उनीहरूका बोली-वचन र क्रियाकलापहरूले यस्तै तस्वीर प्रस्तुत गरिदिएको छ । लाग्छ, प्रजातन्त्र भनेको केही सीमित व्यक्तिहरूको निजी सम्पत्ति हो । राजनेताहरू सुद्ध नभएसम्म राजनीति शुद्ध हुँदैन र राजनीतिक शुद्धता विना प्रजातन्त्र मौलाउँदैन । यस्तै परिस्थितिमा आदर्श, आस्था र विश्वासहरू धर्माइरहेका छन् । यही अराजक, अस्थिर र अन्यौलग्रस्त स्थितिले मानवअधिकारको प्रश्नलाई गौंण बनाइदिएको छ । मानवअधिकार आयोग सम्बन्धी कानून बनेको दुई वर्ष बितिसक्दा पनि आयोग गठनको संकेतसम्म देखिएको छैन।

राजनीतिकै नाम र निहुँमा मुलुक अहिले हिंसामय बनेको छ । प्रजातन्त्रको पुनरवहाली पछि गठित सरकारले अबलम्बन गरेका हिंसात्मक दमनको विरोधका नाममा माओवादीहरू हिंसात्मक गतिविधि चलाइरहेका छन् ।अनि सरकार जनयुद्ध नियन्त्रणको नाममा हिंसात्मक दमनमा ओर्लिएको छ । यसरी मुलुक हिंसा र प्रतिहिंसाको दलदलमा नराम्रोसंग फस्दै गएको छ । मानवअधिकार संस्था र मानवअधिकार कर्मीहरू खवरदारी तथा शान्ति प्रक्रियाका मागहरू लिएर सडकमै ओर्लिएका छन् । यो आतंक र विकराल वातावरणबाट मुलुकलाई उन्मुक्त बनाउन सर्वप्रथम राजनीतिक प्रतिबद्धता, इमान्दारिता र शुद्धता प्रकट हुनु पर्दछ । राजनीतिक शुद्धता र प्रतिबद्धता बेगर न मानवअधिकारको सम्मान हुन्छ, न प्रजातन्त्रकै संरक्षण हुन्छ । प्राची मानवअधिकार र प्रजातन्त्रको रक्षा, विकास एवं सुदृढीकरणको पक्षमा आफनो उपस्थितिलाई अर्थपूर्ण बनाउन कटिबद्ध छ । आउननोस्, प्राचीको स्वर तपाईंकै स्वर हो- स्वरमा स्वर मिलाऔं ।

अन्त्यमा, प्राचीका समस्त पाठकहरूमा विजया दशमी ०५५ को हार्दिक मंगलमय शुभकामना ।

समवेत

सरकार भनको कानून कार्यान्वयन गर्ने संस्था हो। राज्यले प्रत्याक्रमणका क्रममा आतंक मचाउन पाइदैन। उसले प्रचलित कानूनको सीमाभित्र रहनुपर्ने हुन्छ। तर यहाँ सरकारले नै कानून तोडेको छ।

- रघुजी पन्त

सांसद, नेकपा (एमाले)

एउटै घटनालाई लिएर अखबारहरूमा बेग्लाबेग्लै थरिका रिपोर्टहरू प्रकाशित हुन्छन्। सूचना प्रवाहमा हाम्रो निर्भरता गृह मन्त्रालय र प्रहरीमाथि नै रहने हो भने समस्या जस्ताको तस्तै रहन्छ।

- मनमोहन भट्टराई

नेपाली कांग्रेसका युवा नेता

सूचनाले समाजलाई आतंकित पारिदिन सक्दछ, त्यसैले सूचनालाई मिलाउने र छान्ने पद्धति नभएसम्म सूचना प्रवाह कठिन हुन्छ।

- किशोर नेपाल

सभापति, पत्रकार महासंघ

माओवादीका नाममा मान्छे मारिएको छ, संविधानको चरम अमर्यादा भएको छ, निर्दोष मान्छे मारिएका छन्, प्रजातन्त्रको खिलाफमा काम भइरहेको छ। मानअवधिकारवादी संस्थाहरू सबै मिलेर सूचना केन्द्र निर्माण गर्नुपर्ने भएको छ र सूचना दिने मात्र नभै पीडितहरूलाई सेवा गर्ने काम हुनुपर्छ। प्रेस पनि सुविधाभोगी हुन थालेका छन्, सत्तासमीकरणमा बढी केन्द्रित भएको छ र प्रेसले पनि मानवअधिकार उल्लंघनका घटनाहरूलाई प्रभावकारी ढंगले उजागर गर्नुपर्छ।

- दमननाथ ढुंगाना

पूर्व सभामुख

माओवादी आन्दोलन र आन्दोलन दमनका नाममा सर्वसाधारण, व्यक्तिको हत्या भएको छ, यातना दिएको छ, यो गति यही ढंगले अगाडि जाने हो भने मुलुक गम्भीर स्थितिमा जाने छ।

- सुशील प्याकुरेल

अध्यक्ष

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

हाल पञ्चायतकालका अवशेषहरूको सहारामा प्रशासन चलेको र यतिसम्म घिनलाग्दो कुरा छ कि गैरसरकारी संस्था दर्ता-नवीकरण गर्न जिल्ला प्रशासन जाँदा श्री ५ को सरकारको नीति मान्नुपर्छ भनेर विधानमा राख्न दबाब दिइन्छ।

- कृष्ण पहाडी

अध्यक्ष

मानवअधिकार तथा शान्ति समाज

संगत । विसंगत

देविका तिमिल्सिना

मान्छे आफैंलाई कैद गरेर
स्वतन्त्रताको सलामी चढाउँदै
अन्याय चुपचाप सहिरहेको छ कसरी भन्छौ?

न्यायको कुरा गर्छु भन्नेहरू
अन्यायमा परेकालाई उठाउनुको सट्टा
हामीलाई भ्याङ बनाएर अन्याय गर्ने अभ्यासमा व्यस्त छन्।

गोल भेडा जस्तो सर्वत्र रातो
कहाँ हुन्छ आलुबखडाको फल?
बाहिर रातोभित्र अमिलो मात्र एउटा छल।

दिन दिन जस्तो ल्याउने कुरा
अलि टाढा पारी क्षितिजमा नै हराउने भयो
कहिल्यै राम्रो नगर्नेले राम्रो गर्ने बहाना मात्र गऱ्यो

जनता जीवन, जीवन होइन शुल विताइ रहेछ
सुख, शान्ति र आराम त कतै दरवार तिरै थन्किरहेछ
नयाँ नयाँ श्री ३ र दरबार निरन्तर जन्मिइ नै रहेछ।

असाध्य लोभ र पाप बढिरहेको बेला
बा भन्थे श्री कृष्णको जन्म हुने भयो
खोइ कहाँ जन्म्यो कृष्ण? कंसै कंसको राज भयो।

यतिखेर मान्छे आफ्नै अस्मिता पोलेर
तातोको अनुभव गरिरहेको छ
आफैंलाई नष्ट गरिरहँदा कहाँ रहन्छ मानवत्व?

शान्ति-शान्ति र शान्ति भन्दै
आफ्ना दाह्रा नंग्राले मान्छेलाई कुरूप पारेर
शासन अहिले मान्छेकै रगत खाइ रहेको छ।

क्रान्ति-क्रान्ति र क्रान्ति भन्दै
फटाहा दलको जत्था त्यही रगतमा हिस्सा माग्दै
सत्ताको आसनमा पुगिरहेको छ।

पानी-पानी र पानी माग्ने जनताहरू
थाकेर लखतरान हुँदै नखगलित भइरहेका छन्
अब आशाको दीप जलाउन फेरि शुरू गर्नुपर्नेछ इतिहास।

इच्छाहरू ठालुबाट खोसिएको खोसिएकै छ
त्यो फर्काउने कुरामा कैयौं प्रयासहरू गरियो
फर्काउन तयार छौं भन्नेहरूले धोखा दिएपछि के गर्न सकिन्छ र?

अझै बलात्कारको चित्कार हटिसकेको छैन
बलात्कारी विरूद्ध लड्छौं भन्नेहरू नै बलात्कारी भएपछि,
खोइ कहाँबाट थुन्न सकिंदो रहेछ र बलात्कारीको क्रन्दन?

विपन्न वर्ग उठेर सर्व संपन्नता छाउँछौ भन्नेहरू
जनताको टाउकोमा टेकेर आफू मात्र सम्पन्न भएपछि,
कसरी आउँदो रहेछ र समतामूलक समाज?

वर्ग वर्ग र शोषणमुक्त समाज
सत्ता, शासन र शासक रहुन्जेल
यथावत रही रहनेछ भन्ने कुरा विर्सिएछौ कि कसो?

हामीले धेरै कुरा विर्सेर थोरै सम्झ्यौं।
सिद्धान्तमा कतै तल वितल परेर हो कि?
सिद्धान्त चिरेर व्याख्या गर्न नजानेर हो?

राष्ट्रियता सगरमाथा भन्दा उच्च र गौरवमयी छ
राष्ट्रियता जनताको भोक र शोकसंग पनि छ
भन ! तिमी केका लागि राष्ट्रियता खोज्छौ?

जनता सिध्याएर पनि राष्ट्रियता खोज्न सक्छौ
जनतासंगसंगै जीवीत राखेर पनि राष्ट्रियता भेट्न सक्छौ
जनताकै लागि राष्ट्रियता हो भने जनतालाई जीवीत राख

युद्धलाई घृणा गर्न सिक र घृणा गर
युद्धको विनाशकारी भुमरीमा जनतालाई नहोम
जीवन शान्त र सुखी राख्न कलहरहित जीवन बाँच।

अनिष्टकारी सारा छल र कपटहरू छोड
जनता सादा सरल जीवनको बाटो समाएर
निरन्तर जीवन भोग्न चाहन्छ।

सन्दर्भ : अन्नपूर्ण राणाको बहुचर्चित मुद्दा

गोपनियताको हकको सुरक्षा तर यौन स्वच्छन्दताको पक्षपोषण

सूर्य थापा

"बदलिंदो सामाजिक परिवेशलाई हेर्ने हो भने पनि कुमारित्व कायम राख्ने वा स्वच्छन्द भएर आफूले मन पराएको मानिससंग यौन सम्पर्क राख्दै जाने भन्ने कुरा सम्बन्धित व्यक्तिको निजी आचरणको कुरा हो । कसैले खुलस्त भएर त्यस्तो आचरण गरिहिड्छन् भने कसैले लुकिछिपी अर्थात गोप्यरूपमा त्यस्तो आचरण गर्दै जाने पनि हुन सक्छन् । त्यस्तो यौन सम्पर्क भएको हुँदैमा महिलाको कानूनी स्थितिमा खास परिवर्तन हुन सक्तैन । कसै-कसैले पहिले यौन सम्पर्क राखी त्यसबाट बच्चासमेत जन्मिएपछि मात्र विधिवत् रूपमा लोग्ने स्वास्नीको सम्बन्ध जोड्न सक्छन् । अझ यस भन्दा अगाडि बढेर भन्ने हो भने पनि यौन सम्पर्क तथा अन्य यावत दृष्टिबाट लोग्ने स्वास्नी जस्तो गरी बसे, हिंडे, डुलेको देखिने भएपनि विवाहको सुत्र नजोडी परस्पर स्वतन्त्र भएर वर्षौंसम्म संगै बसी आउन सक्ने अवस्था पनि अब समाजले मान्यता दिंदै जानुपर्ने स्थिति छ भने कुनै पनि केटीले आफू Girl friend *भई कुनै केटा साथी* Boy friend *बनाएर सबै सन्तुष्टि लिएर हिडडुल गर्न सक्छे वा त्यसबाट बच्चाको जन्म हुन सक्छ भने त्यस्तो भएको हुँदैमा कुनै एक केटी र कुनै एक केटीको विवाह नै भयो भनेर मान्न सकिदैन ।"*

सर्वोच्च अदालतले अन्नपूर्ण राणा निवेदक रहेको वहुचर्चित रिट निवेदनको फैसलामा उल्लेख गरेको उपयुक्त अंश निकै विवादास्पद वन्न पुग्यो। नेपालको राजप्रसादका ज्वाई कुमार गोरख शमशेर राणालाई प्रतिवादी बनाई अन्नपूर्ण राणाले ०५३ सालमा दायर गरेको प्रस्तुत रिट निवेदन माथिको फैसला यसकारण पनि चर्चित वन्यो कि मुद्दा हार्ने कुमार गोरख शमशेर राणा र उहाँकी आमा अम्विका राज्यलक्ष्मी देवी राणा हुनुहुन्थ्यो भने मुद्दा जित्ने उहाँहरूकै चेली - अन्नपूर्णा राणा। सायद सामान्य नेपाली महिलाको प्रतिनिधि भएर यस्ने प्रकृतिको मुद्दा अरू कसैले दायर गरेको भए त्यसको फैसला कस्तो हुन्थ्यो र त्यसको चर्चा, परिचर्चा कति हदसम्म हुन्थ्यो भनेर चाहिं केवल अनुमान गर्न सकिन्छ। एक जना महिलाले आफ्नो गोपनियताको हक संरक्षण गरियोस् भनी दिएको निवेदनको सन्दर्भमा भने सर्वोच्च अदालतको संयुक्त इजलाशले सकारात्मक फैसला गऱ्यो। अन्यथा अन्नपूर्णा राणाको योनी र पाठेघर

मैले पूर्ण रूपमा न्याय पाएकी छु

- अन्नपूर्णा राणा

० सर्वोच्च अदालतले तपाईको मुद्दामा गरेको फैसलाबाट न्याय पाएको ठान्नुहुन्छ?

- सर्वोच्च अदालतले यो मुद्दामा गरेको फैसलावाट मैले पूर्ण रूपमा न्याय पाएकी ठान्छु। हाम्रो समाजमा विद्यमान याथर्थता र संवैधानिक हक समेतको संरक्षण गरी गरिएको यो फैसलावाट सम्पूर्ण नेपाली जगत लाभान्वित हुने स्पष्ट छ।

० यो फैसला पश्चात पुनः फूल बेच्चबाट हेरियोस् भन्ने मुद्दा परेको छ। त्यसमा अब कसरी प्रस्तुत हुनुहुन्छ?

- "सर्वोच्च अदालतको अधिकार क्षेत्र" अन्तर्गत संविधानको धारा ९३(४) मा सर्वोच्च अदालतले कानूनद्वारा तोकिएको अवस्था र शर्तमा आफ्नै फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्न सक्नेछ भन्ने व्यवस्था भएकोले विपक्षीहरूबाट पुनरावलोकनको लागि निवेदन परेको छ भन्ने विषयमा सबैले एक स्वस्थ प्रजातान्त्रिक समाजमा आ-आफ्नो हक अधिकारको उपभोग गर्न पाउने वातावरण हाम्रो समाजमा रहेको छ भन्ने कुरा स्पष्ट हुन्छ। जहाँसम्म कस्तो रूपमा प्रस्तुत हुने भन्ने प्रश्न छ, हाम्रो संविधान २०४७ को धारा २२ मा गोपनियताको हक प्रदान गरिएको छ र यो गोपनियताको हक Right to Liberty जस्तो आधारभूत मानवअधिकारको अभिन्न अंग हो। साथै Women's Rioghts are Huan Rights भन्ने नारासाथ समाप्त भएको बेइजिङ सम्मेलनमा नेपालको संलग्नता तथा अन्य अन्तर्राष्ट्रिय सन्धिहरूमा समेत नेपालले हस्ताक्षर गरिसकेको वास्तविकता हाम्रा सामु नै छन्। कुनै पनि पाइला अगाडि बढाउँदा समाजमा भएका यथार्थतालाई अगालेर अगाडि बढ्नु जरूरी हुन्छ। आफ्नो हक अधिकारको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य हो।

जाँची कुमारित्व कायम रहे नरहेको पत्ता लगाउन खोजेको खण्डमा यो मुद्दा अझै व्यापक चर्चित हुन पुग्ने निश्चित थियो।

उक्त फैसलामा उल्लेख छ-"हाम्रो सामाजिक परिपाटी अनुसार अभिभावक वा आमा बाबुबाट विधिवत् रूपमा विवाह गरिदिएको अवस्था छैन भने केटीले आफूखुसी कतै कसैसंग यौन सम्पर्क राखी र त्यसबाट बच्चा पैदा भयो भन्दैमा त्यो केटीले त्यो केटासंग विवाह गरेकै हो भनी स्वतः भन्न मिल्ने होइन। बास्तवमा परम्परागत रूपमा वा विधि विधान केही नगरी सामान्य ढंगबाट विवाह भएको वा कानून बमोजिम दर्ता गरी विवाह भएको हो भन्ने तथ्ययुक्त आधार प्रमाण बेगर कुनै महिलाको पर पुरूषसंग विवाह भइसकेको हो भनी निक्यौल गर्न उपयुक्त सन्दर्भमा मिल्ने देखिन आउँदैन। अहिलेको समाज (Mordern Society) हरेक क्षेत्रमा आधुनिकतातिर बढीरहेको छ र यो समाजमा व्यक्तिगत स्वतन्त्रतामा जोड दिइने हुँदा यस्तो प्रकारको विवहपूर्व यौन सम्पर्कका आधारबाट मात्र बैवाहिक स्थिति कायम हुन सक्तैन र यस्तो भएकोले मात्र कुनै केटीको सम्बन्धमा आमा बाबुको दायित्व समाप्त नै भयो भनी मान्न मिल्ने स्थिति पनि देखिन आउँदैन।"

दुईथरी नजीरको प्रतिपादन

अन्नपूर्णा राणाको सन्दर्भमा संयुक्त इजलाशले यस्तो फैसला गऱ्यो। तर यो फैसला हुनु भन्दा करिब एक महिना अघि रतनलाल कनौडिया विरूद्ध रेणु कनौडियाद्वारा माना चामलको माग गर्दै दायर गरिएको रिट निवेदनको पक्षमा सर्वोच्च अदालतले अलग्गै प्रकारको नजीर प्रतिपादन गरेको थियो। न्यायधीशहरू कृष्णजंग रायमाझी र हरिश्चन्द्र उपाध्यायको संयुक्त इजलाशले गरेको उक्त मुद्दाको फैसलामा करणी भएपछि विवाह हुन्छ भन्ने आशयको आधारमा रेणु कनौडियाको पक्षमा न्याय दिएको थियो। तर अन्नपूर्णा राणाको सन्दर्भमा भने बच्चासमेत जन्माइसकेको, अस्पतालको प्रमाण पेश गर्दा पनि करणीलाई आधार मानेर विवाह भएको मानिने उक्त नजीरले काम गरेन। एकै महिनाको अन्तरालमा दुई पृथक नजीर कायम हुनु लाई संसारकै गतिशिलता हो भन्ने एकजना अधिवक्ताको टिप्पणी रहेको छ। जबकि मानाचामल मुद्दामा निवेदीका अन्नपूर्णा राणाको योनी तथा पाठेघर जाँच गराइयोस् भनी माग गरिएको थियो। त्यसको प्रतिउत्तर पत्रमा नै प्रतिवादीले अन्नपूर्णा राणाको भारत नैनितालका मुकुल आर. एस. तडागीसंग विवाह भएको र निजको एक लक्ष्मी सिंह तडागी नामकी छोरी जन्मिएको भनी लोग्ने तथा बच्चीको नाम र बच्चा जन्मिएको जि. पी. पन्थ नैनिताल अस्पतालको रेकर्डसमेत उल्लेख गरेको विवरण पेश गरिएको उल्लेख छ।

यस्तै प्रकृतिको मुद्दा ०५२ साल पुस १८ गते पाल्पा छेर्लुङ्गकी बाला भट्टराईले जिल्ला अदालतमा दायर गरेकी थिइन्। आफ्नै फुपुको छोरा उपेन्द्र नेपालसंग विवाहपूर्वको यौन सम्पर्कबाट गर्भवती हुन पुगेकी बालाले पनि ०५१ सालमै छोरी जन्माएकी थिइन। तर उपेन्द्र नेपालले बालाको दावीलाई अस्वीकार गरेपछि उनी अदालतको शरणमा पुगकी थिइन्। ०५५ साल साउन २५ गते पाल्पा जिल्लाअदालतले गरेको फैसलामा उनले न्याय प्राप्त गरेकी छन्। अदालतले छोरी उपेन्द्रको हो भन्ने ठहर सहित मुद्दा दर्ता भएको मिति देखि मासिक दुई हजार रूपैयाका दरले बालालाई उपेन्द्रले खर्च दिनुपर्ने फैसलामा उल्लेख गरेको छ। यो तल्लो अदालत फैसला भएतापनि निवेदिका चाहिं अन्नपूर्णा राणा जस्तै एक छोरीकी आमा बनेकी प्रसंग चाहिं उल्लेख्य छ।

गोपनियताको हकको संरक्षण

यस मुद्दामा निवेदिकाको तर्फबाट बहस गर्ने अधिवक्ता पुष्पा भुषाल, हरिकृष्ण कार्की र अग्नी खरेलहरूले गोपनियताको हक (Right of Privacy) को संरक्षण हुनुपर्ने जिकिर गर्नु भएको थियो। नेपाल अधिराज्यको संविधान ०४७ को धारा २२ मा कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत पत्राचार वा सूचनाको गोपनियता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुने छ भन्ने स्पष्ट व्यवस्था छ। यसबाट मन्जुरी बेगर कसैको जीउ, आवास, सम्पत्ति, लिखित पत्राचार वा सूचनाको गोपनियताको जाँच गराउँदा निजको गोपनियताको अतिक्रमण हुन जाँदैन भन्न मिल्ने देखिदैन। त्यसमा पनि महिलाको योनी जस्तो गुप्ताङ्गको निजको मञ्जुरी बेगर जाँच गराउँदा संविधानको धारा २२ ले प्रदान गरेको हकबाट निजलाई बंचित गरेको हुन जाने नै देखियो। निवेदीकाको तर्फबाट बहस गर्ने अधिवक्ताहरूले नेपाल अधिराज्यको वर्तमान संविधान ०४७ भन्दा पूर्वको नेपालको संविधान ०१९ लगायत्का यस्तो गोपनियताको हकको संरक्षण गर्ने व्यवस्था पहिले

यसको अर्थ छाडा हुन पाउने भनेको होइन

- समाजशास्त्री डा. ओम गुरुङ्ग

- अन्नपूर्ण राणाको रिट निवेदनमा सर्वोच्च अदालतको संयुक्त इजलाशले हालै गरेको फैसलाको असर हाम्रो समाजमा कस्तो पर्ला ?

० विवाहपूर्व यौन सम्पर्क राख्न पाउने र बच्चा जन्माउने कुरा मानिसको नैसर्गिक अधिकार हो। कसैको विवाह हुन सक्ला, कसैको नसक्ला। विवाह नभएकाले यौन सम्पर्क राख्न नै नपाउने भन्ने त सामन्ती चिन्तन हो। हिन्दु धर्मको आडमा तत्कालीन शासकहरूले विवाहपूर्व यौन सम्बन्ध राख्न नपाउने नियम बनाएका छन्। हाम्रै देशमा पनि कतिपय समाज यस्तो छ। जहाँ विवाहपूर्व नै केटीले कन्या अवस्थामै बच्चा जन्माउन सक्लान्। जस्तो- राई, लिम्बु, मगर, शेर्पा, तामाङ, गुरुङ समाजमा यो स्वभाविक मानिन्छ। तसर्थ विवाहपूर्व नै बच्चा जन्माउने कुरालाई नराम्रो मान्नु हुँदैन।

- यसरी स्वाभाविक मान्दा त नेपाली समाज पनि पश्चिमा देशहरूको समाज जस्तै छाडा हुँदैन र ?

० बच्चा जन्माउने, यौन सम्पर्क राख्ने कुराहरू छाडापन र अनैतिकताभित्र पर्दैनन्। हाम्रो समाजले यी कुराहरूलाई नियन्त्रण गरेको हुनाले मात्रै हामीलाई असहज लागेको हो। यौन सम्पर्क त जैविक आवश्यकता र नैसर्गिक अधिकार पनि हो। त्यसलाई नियम कानूनले बाँधेकोले मात्रै हाम्रो निम्ति अनैतिक हुने भन्ने मान्यता बनेको हो। यसको अर्थ छाडा छाड्ने भनेको होइन। एउटा घरकी छोरी २५-२६ वर्षे यौवनले मदामत्त भएकी छ, बाबु आमाले बिहे गरिदिँदैनन् वा उपयुक्त केटो नै भेटिँदैन भने विचरीले के गर्ने? त्यस्ता युवतीहरूको लागि वैकल्पिक उपाय भनेको विवाहपूर्व यौन सम्बन्ध राख्नु नै हो। यस्ता युवतीले विवाह नै नगरी बच्चा जन्माउन पाउनु कुनै अपराध ठहरिने र अपराध हुने कानून नै बेठीक हो। बच्चा जन्माउने कुरालाई नैतिकता वा कुनै भौतिक पर्दाले ढाक्दैन।

भएको थिएन। अहिलेको यो संविधानमा भएको उक्त व्यवस्थाबाट व्यक्तिको जीउ, सम्पत्तिको गोपनियताको हकको संरक्षण गर्नका लागि विशेष व्यवस्था भएकोले निवेदीका अन्नपूर्णा राणाको योनी तथा पाठेघरको जाँच गराउने गरी भएको आदेश संवैधानिक रूपमा उक्त व्यवस्थाको प्रतिकूल छ भन्ने जोड दिनुभएको छ। अब उक्त धारा २२ मा "कानूनद्वारा तोकिएको अवस्थामा बाहेक" भन्ने समेत उल्लेख भएको हुँदा सो अनुसार त्यस्तो गोपनियताको हकलाई नियन्त्रण गर्न कानून बन्नुपर्ने अवस्थासमेत देखियो। तर हाल त्यस्तो कानून बनि नसकेको अवस्था समेत नहुँदा सो गोपनियताको हकको पूर्ण उपयोग गर्नबाट कसैलाई बंचित गर्न मिल्ने देखिन आएन। यसरी सर्वोच्च अदालतको फैसलामा संविधान प्रदत्त गोपनियताको हकको अतिक्रमण हुन नदिने कुरालाई विशेष जोड दिन खोजिएको छ। यसको पुष्टिका लागि नेपाली समाजको आधुनिकताको कल्पना गर्न नपुगेको भए पनि हुन्थ्यो। फैसलाको निष्कर्षमा उल्लेख छ।- "यी यावत कुराहरूलाई ध्यानमा राखी ओदश गर्नुपर्नेमा काठमाण्डौ जिल्ला अदालत तथा पुरावेदन अदालत पाटनबाट त्यसतर्फ ध्यान दिइएको देखिन आएन। एउटी महिलाको लागि निजको कुमारित्वको जाँच गराउनु ठूलो चुनौती त हुँदै हो, त्यसमा पनि निजको सारा भविष्यलाईसमेत प्रभावित गर्न सक्ने र त्यसबाट कुनै पनि अनपेक्षित परिणाम निस्कन सक्ने अवस्थासमेत देखिन आउँछ।" अर्कोतर्फ प्रतिवादी गोरख शमशेर जवरा र अम्बिका राज्यलक्ष्मी राणाको तर्फबाट बहस गर्ने अधिवक्ता श्याम प्रसाद खरेलले सर्वोच्च अदालतबाट पहिले पनि पुरूषको लिङ्ग जाँच गर्ने आदेश दिएको हुँदा अहिले निवेदीका महिला भएकोले मात्र निजको योनी तथा पाठेघर जाँच गराउन नमिल्ने भन्दा असमान दृष्टिकोण अपनाएको हुन जान्छ भन्ने धारणा व्यक्त गर्नुभएको थियो। उहाँले निवेदीकाको जीउको कुनै सार्वजनिक रूपमा प्रदर्शित हुनेगरी गोपनियताको भंग हुन लागेको होइन, केवल मुद्दाको रोहमा उठेको विवादलाई लिएर अदालतको आदेश बमोजिम विशेषज्ञहरूबाट जीउको जाँच गराइने भएकोले यस्तोमा नेपाल अधिराज्यको संविधान, ०४७ को धारा २२ आकर्षित नै हुन सक्तैन भन्ने समेत जिकिर गर्नुभएको थियो। यस सन्दर्भमा फैसलामा उल्लेख छ - कतिपय कुरामा महिला तथा पुरूषमा समानता कायम हुनसक्छ तर जहाँ यस्तो प्रश्न छ, जुन महिलाकै लागि विशेषरूपले अति नै महत्व राख्ने हुन्छ। जुन प्रकारले पुरूषका सम्बन्धमा त्यस्तो खास महत्व राख्दैन, पुरूषको लिङ्ग जाँचबाट खास मुद्दामा खास किसिमले प्रमाण आउला। तर महिलाको योनी तथा पाठेघर जाँच गर्दा भने सो महिलाको आचरण, शुद्धता, सामाजिक प्रतिक्रिया आदि यावत कुराहरू उठ्दछन्। यस्तोमा समानस्तर (equal footing) मा राख्न कदापी मिल्ने देखिंदैन। "तथापि मूलतः उक्त धारा २२ को गोपनियताको निजी जीउ अंगको गोपनियतामा अतिक्रमण गर्न नपाउने गरी गोपनियताको हकको स्पष्ट व्यवस्था भएबाट अदालतकै आदेश भएपनि यदि शरीरको त्यस्तो गोप्य अंग निजको -

वकिलहरूको
फरक फरक प्रतिक्रिया

यो फैसलामा अदालतले रिटको विषयवस्तु भन्दा निकै बढी छलङ्ग हानेको छ। र एउटा अति आधुनिक समाजको जगमा उभिएर फैसला गरेको छ। साथै तल्लो अदालतमा विचराधिन मुद्दामा असर पार्ने गरी माथिल्लो अदालतले नवोल्ने अदालती परम्पराको विपरित हुने गरी फैसला आएको छ। अमेरिकामा पनि यो फैसलाले कल्पना गरेजस्तो यौन स्वतन्त्रता छैन। यसर्थ नेपालजस्तो बन्द र नियन्त्रित समाजको हकमा फैसलाले पूरै यौन स्वतन्त्रताको वकालत गरेको छ र पूर्ण यौन स्वतन्त्रताको पक्षमा उभिएको छ। अब प्रहरीले मसाज पार्लरमा गएर छापा मार्ने काम गर्न यो फैसलापश्चात पाउने छैनन्। साथै बेश्यावृतिमा लागेको भनी कसैलाई पक्राउ गर्न पनि नमिल्ने भएको छ। यसरी यो फैसलाले यौन स्वतन्त्रतालाई संस्थागत गरेको छ।

- अधिवक्ता सुशील पन्त

यो फैसलाले गर्दा अब स्वास्नी मान्छेहरू ठाडै अलपत्र पर्ने निश्चित छ। किनभने अन्नपूर्ण राणाले छोरी जन्माउँदा समेत विहे गरेको ठहर्दैन भने विवाहपूर्व बच्चा जन्माउने केटीहरूले पनि कसैसंग विवाह गरेको ठहर्ने बाध्यता हुँदैन। यौन स्वतन्त्रताकै परिणामस्वरूप बच्चा जन्मिएको हो, बच्चा जन्मिदैमा कुनै पनि केटाले त्यो केटीलाई (विवाह गर्नुपर्ने बाध्यकारी व्यवस्थाको यो फैसलाबाट अन्त्य हुन गएको छ। बच्चा जन्मेपछि त्यो बच्चाको बाबु को हो ? भन्ने आमाले बताएपछि उसले नै बाबुको हैसियतले न्वारान गराउनुपर्ने र त्यो केटीसंगै विवाह गरेको मानिने हाम्रो कानुनी परम्परा अब तोडिएको छ। किनभने स्वास्नी मान्छेले छोराछोरी जन्माउँदा विवाह गरेको कुरा इन्कार गर्न पाउँछन् भने यो अधिकार लोग्ने मान्छेलाई पनि अवश्य हुन्छ। साथै अवैधरूपमा विवाहपूर्व नै कुमारी आमा बन्ने, त्यस्ती छोरीको र उसको बच्चा हेर विचारको जिम्मा पनि माइतीले नै लिनैपर्ने नयाँ स्थिति यो फैसलाले गर्दा बन्न गएको छ। यसबाट स्वास्नी मान्छेहरू अलपत्र पर्ने बाहेक अर्को कुनै परिणाम निस्कने छैन। त्यसैले यो फैसलाले गर्दा हाम्रो अनुशासित समाजको मेरूदण्ड नै भाँचिन पुगेको छ र प्रचलित सामाजिक मान्यता चकनाचुर भएको छ। अब त हाम्रो समाज भद्रगोल नै हुने भयो। र, यौन स्वतन्त्रतामा एवं छाडापनको मामिलामा फैसलाले हाम्रो देशलाई युरोप र अमेरिकाभन्दा पनि माथिल्लो तहमा पुऱ्याउने काम भयो।

- अधिवक्ता श्याम खरेल

यो फैसलाले गर्दा हाम्रो समाजमा धेरै पहिलेदेखि मान्यताप्राप्त विवाहपद्धतिहरूमाथि प्रश्न चिन्ह उठेको छ। यसको सरसरती अध्ययन गर्दा हाम्रो समाजभन्दा अदालतले दुई कदम अगाडि पुगेर फैसला गरेको मान्नु पर्ने हुन्छ। यसले गर्दा संक्रमणकालमा रहेको नेपाली समाजलाई कुन दिशातर्फ लैजान खोजेको हो भन्ने अनुमान त गर्न सकिन्छ तर ठोकुवा नै गरेर केही भन्न सकिने स्थिति छैन।

- अधिवक्ता महेश नेपाल

फैसलाले मान्छेको अंग प्राचंगको गोपनियता सम्बन्धी वैयक्तिक स्वतन्त्रताको हक संरक्षण गर्न खोजेको छ। तर यौन उच्छृंखलताको प्रश्नमा जुन प्रकारको स्वतन्त्रताको वकालत गरिएको छ, त्यो गलत हो। त्यस अर्थमा यो फैसला हाम्रो हिन्दु कानूनको विपरित जगमा प्रस्तुत भएको छ। अविवाहित रहेर पनि यौन क्रिडा गर्न र बच्चा जन्माउन पाउने कुरालाई अदालतको फैसलाले मान्यता दिन खोजेर मात्रै हुँदैन। यसरी मान्यता दिन खोज्दा हाम्रो समाजको प्रचलित मान्यता खतम भई छाडा र उच्छृंखलता स्थापित हुन जान्छ। जुन कुरा हाम्रो जस्तो समाजकालागि पाच्य हुँदैन। हाम्रो प्रचलित कानूनले कुमारी आमालाई मान्यता दिएको छैन। यहाँ विवाहपूर्व कोही पनि आमा बन्न सक्तैन। विवाहपूर्व यौन सम्पर्क कायम राख्न पनि हामीकहाँ चरित्रहिन कार्य भनिन्छ।

- अधिवक्ता मुक्ति प्रधान

फैसला सकारात्मक कदम हो

- इन्दिरा फुयाँल

सर्वोच्च अदालतको हालै गरेको निर्णयले बाध्यतावश र अन्जानमा भएका यौन सम्पर्कका कारण घरका न घाटका भएका युवतीहरूलाई कम्तिमा एकातर्फको भरोसावाट फुस्किन नपर्ने बनाइदिएको छ। कसैबाट बलात्कारको शिकार भएर वा करकापमा परेर वा किशोरावस्थाको अन्जानपनको कारण गर्भवती भएर पछि भूल स्वीकार्दा स्वीकार्दै पनि घरको न घाटको बनेर आत्महत्या गर्नुपर्ने बाध्यतावाट यो निर्णयले अलिकति राहत प्रदान गरेको छ। हाम्रो समाजमा हामीले नचाहँदा नचाहँदै पनि यस्ता घटनाहरू हुने गर्दछन्। यसो हुनुमा हाम्रा शैक्षिक पाठ्यक्रममा पनि यौन शिक्षाबारे ज्ञान दिने कुनै नीति नभएकोले गर्दा भर्खरका किशोर किशोरीहरूलाई त्यसको भयावह नतिजा थाहा नभइकन कहिलेकाहीं यस्ता घटनाहरू हुने गर्छन, जब उनीहरूले अन्जान वा प्रौढताको कमीबाट भएका त्यस्ता गल्ती थाहा पाउँछन् तब समाजले उनीहरूलाई कहिल्यै उठ्न नसक्ने पारिसकेको हुन्छ र उनीहरूले आफूले गरेको गल्ली स्वीकार्ने मौका नै पाउँदैनन्। यस किसिमको परिवेशलाई विद्यमान हाम्रो समाजमा सर्वोच्चको यस फैसलाले गर्दा बाधा अड्काउ फुकाएको छ।

छोरीको कसैसंग कारकापमा परेर वा बलात्कारकै शिकार भएर भएपनि गर्भ रहन गएमा त्यसै बलात्कारीलाई नै जबरजस्ती भिराएर (सामाजिक अवगालबाट आफू पन्छिने नाममा) आफ्नो नैतिक दायित्वबाट सरक्क पन्छिने हाम्रो समाजलाई सर्वोच्चको यस फैसलाले उम्किन दिएको छैन। छोरीले छोरा सरह पैत्रिक सम्पत्तिमा समान अधिकार पाउनु पर्छ भन्ने आवाज चारैतिरबाट उठिरहेको यो बेला सर्वोच्चले मुद्दाको गाम्भिर्यतालाई महसुस गरी गरेको यस फैसलाले यस समाजका नीति निर्माताहरूलाई छोरीलाई पैत्रिक सम्पत्तिमा अधिकार प्रदान गर्नु उत्तिकै आवश्यक छ भन्ने सबक पनि निश्चय नै प्रदान गरेको छ। किनकी यस मुद्दाका प्रतिवादी स्वयं राणा परिवार या भनौं यस समाजका सम्पत्तिवाल परिवार भएर पनि आफ्नी छोरी जसको विवाह भएको समाजलाई थाहा छैन र अहिलेसम्म माइतमै बसेकी छन् उनलाई बाँच्नका लागि मानो चामल दिन अस्वीकार गरिरहेका छन् र आफ्नो कोखबाट जन्मेकी छोरीको योनी तथा पाठेघर जाँच गर्न माग गर्न समेत जन्म दिने आमा पछि पर्दिनन्। यसबाट हाम्रो समाजको चिन्तनलाई प्रष्ट पारेको छ र सम्पत्तिको लागि मान्छे कत्ति नीच र निर्दयी हुन सक्छन् भन्ने स्पष्ट हुन्छ। उक्त मुद्दाबाट अहिलेसम्मको हाम्रो कानूनले छोरीको अस्तित्वलाई स्वीकारेको छैन भन्ने कुरा पनि स्पष्ट पार्छ। सर्वोच्चको उक्त फैसलाले सामाजिक न्याय नपाएर विडम्बनापूर्ण जीवन बाँचेका ती महिलाहरूका लागि थोरै भएपनि राहत प्रदान गरेको छ र पतितर्फको अधिकार सुनिश्चित नहुन्जेल माइतीतर्फको अधिकारबाट वञ्चित गराउन नपाइने अवस्था स्पष्ट पारेको छ।

सर्वोच्चको उक्त फैसलालाई एकाथरि मानिसहरूले पाश्चात्य चिन्तनबाट प्रभावित भन्ने विश्लेषण पनि गरेका छन्। विश्वमा फैलिएको उदारवाद र विश्वव्यापीकरणले नेपाललाई पनि अछुतो राखेको निश्चिन्त छैन। हामीले नचाहँदा नचाहँदै पनि पाश्चात्य पप र र्‍याप संगीतहरू नेपाल भित्रिएका छन्। हामीले नरूचाउँदा नरूचाउँदै पनि पाश्चात्य फेशनका मोडेलहरू स्वदेश भित्रिएका छन् र विश्वव्यापीकरण र निजीकरणको हावाले संसारका कुना कुनालाई हल्लाइरहेको छ र हाम्रो देश पनि त्यसबाट अछुतो रहन सकेको छैन।

हामीले ध्यान दिनैपर्ने कुरा के हो भने हाम्रो समाजमा लुकिछिपी र अवैधरूपमा त्यस्ता कार्य गरेर निर्धा, सोझा र सीधालाई मात्र कानूनी डण्डा देखाउनु उचित हुँदैन। जब मानिसलाई समाजले गरेको फैसलाले चित्त बुझ्दैन तब उ अदालतको शरणमा जान्छ त्यसैले कानूनी रूपमा जबरजस्ती बन्देज लगाउँदैमा सामाजिक विकृति र कुरितिहरू हट्छन् भन्ने मान्यता राख्नु गलत हो। यस अर्थमा पनि सर्वोच्चको उक्त फैसलाले घर, न माइती भएका, त्यस्ता समस्याका भूमरीमा परेका नारीहरूलाई नहुने मामा भन्दा काना मामा जाति भन्ने तबरको राहत दिएको छ।

मञ्जुरी बेगर जाँच गर्न लगाइन्छ भने त्यसबाट व्यक्तिको सो गोपनियताको हकबाट निजलाई बंचित गर्नु सरह नै हुने स्पष्ट देखिन आउँछ। सो व्यक्तिका लागि अदालतले जाँच गराउन र अरू कसैबाट अतिक्रमण गर्नुमा सही मानेमा कुनै खास अन्तर हुन पनि सक्तैन। यसर्थ निवेदीका अन्नपूर्णा राणाको योनी तथा पाठेघरको गाइनोक्लोजिष्टबाट परीक्षण गराइने भनी भएको आदेश नेपाल अधिराज्यको संविधान ०४७ को धारा २२ द्वारा प्रद्धत्त गोपनियताको अनतिक्रम्यको हकको उपेक्षा गरे सरह भई सोका विपरित हुन जाने समेत देखियो।"

काठमाण्डौ र पुनरावेदन अदालतको आदेश किन बेठीक छ भन्ने सन्दर्भमा फैसलामा लेखिएको छ।

पुनरावलोकन निवेदन

सर्वोच्च अदालतको संयुक्त इजलाशले ०५५ साल जेठ २५ गते सोमबार गरेको उक्त फैसला पश्चात प्रतिवादी अम्बिका राज्य लक्ष्मी राणा र गोरख शमशेर राणा फेरि सर्वोच्चकै ढोका ढक्ढक्याउन पुग्नु भएको छ। जेठ २५ को फैसला गर्ने संयुक्त इजलाशमा न्यायाधीशहरू अरविन्दनाथ आचार्य र राजेन्द्रराज नाख्वा सम्मिलित हुनुहुन्थ्यो। तर उक्त मुद्दा संयुक्त इजलाशले मात्रै फैसला गरेर पुगेन, पूर्ण इजलाशले नै गर्नुपर्छ भन्ने माग पुरावलोकन निवेदनका निवेदकहरूले गरेका छन्। यसरी अन्नपूर्ण राणाको मुद्दा फेरि सर्वोच्च अदालतमै फर्किएको छ। यसमा अब तीन सदस्यीयपूर्ण इजलाशले फैसला गर्ने छ। यदि पूर्ण इजलाशमा राय बाझियो भने न्याय सम्पादनको इतिहासमा यो एउटा अर्को रोचक घटना बन्न जानेछ।

अमेरिका र नेपालका यौन मुद्दा

अमेरिकी राष्ट्रप्रति बिल क्लिन्टन व्हाइट हाउसकी पूर्व कर्मचारी २५ वर्षीया सुन्दरी मोनिका लेवेन्स्कीसंगको अनुचित यौन सम्बन्धका कारणले विश्वव्यापी चर्चामा तानिनु परेको छ। भर्खरै राष्ट्रपति क्लिन्टनले मोनिकासंग आफ्नो अनैतिक सम्बन्ध रहेको स्वीकार गर्दै क्षमायाचना गर्नुभयो। अमेरिकी जस्तो पश्चिमा खुला समाजमा यौन स्वच्छन्दताको सम्बन्धमा यसरी कुरा उठ्छ भने नेपालमा आधुनिकताको कुन सीमाको कल्पना गरेर अन्नपूर्ण राणाको फैसला हुनु पुग्यो। यो चाहिं रमाइलो पक्ष भएको छ। तर अमेरिकी राष्ट्रपतिको सम्बन्धमा व्हाइटहाउस जसरी विवादमा तानिन पुग्यो अन्नपूर्णा राणाको मुद्दाले गर्दा नेपालको राजप्रासाद पनि यस्तै चर्चामा तानिएको छ। किनभने अन्नपूर्णा राणा र गोरख शम्शेर राणाबीच मुद्दा चलिरहेको र गोरख शम्शेरले आफ्नी चेलीको यौन तथा पाठेघर जाँच गरियोस् भन्ने माग गरेको तथ्य जानकारीमा हुँदा हुँदै नेपालको राजप्रसादले आफ्नी एक मात्र चेलीलाई हिन्दु परम्परा अनुरूप अन्माएर पठाई गोरख शमशेर जबरालाई ज्वाई तुल्याएको र कुमारको उपाधी दिएको थियो। यो केवल स्मरणीय पक्ष मात्रै हो। तर अमेरिकामा मोनिका लेवेन्स्की र यहाँ अन्नपूर्णा राणाका मुद्दाले मच्याएको तहल्कालाई भने उस्तै उस्तै चर्चित मान्नु पर्छ।

अस्थिर फैसलाका स्थिर प्रभावहरू

अधिवक्ता टिकाराम भट्टराई

सर्वोच्च अदालतको आदेशले सुश्री बनाइएकी अन्नपूर्ण राणा विरूद्ध गोरख शमशेर राणासमेत भएको उत्प्रेषण मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्त अहिले नेपाली बौद्धिक क्षेत्र र संचारका माध्यमको अलावा हरेक घर घरको चर्चा परिचर्चाको विषय बनेको छ। यसले न्यायलयप्रति जनताको चासो बढाउने हदसम्मलाई यसको सकारात्मक पक्ष मान्न हिचकिचाउनु हुँदैन। साच्चै भन्ने हो भने गैह्र राजनैतिक क्षेत्रको मुद्दा भएर पनि सर्वसाधारणको गम्भीर चासो उत्पन्न गराउने सर्वथा पहिलो मुद्दा यो नै हुनुपर्छ। प्रस्तुत मुद्दाको फैसलाले नेपालको सामाजिक, धार्मिक, कानूनी र साँस्कृतिक क्षेत्रमा ठूलो हलचल ल्याइदिएको छ। अन्य क्षेत्रमा यसले पारेको प्रभावका बारेमा सम्बन्धित क्षेत्रबाटै व्याख्या विश्लेषण हुने हुँदा प्रस्तुत लेखमा केवल कानूनी र सामाजिक क्षेत्रमा यसको दुरगामी प्रभावको बारेमा संक्षिप्त चर्चा गर्ने प्रयत्न गरेको छु।

हाम्रो वर्तमान सामाजिक संरचना हिन्दु धर्मबाट निर्देशित भएको कारणले कसैले चाहे पनि नचाहे पनि यो विद्यमान संरचनाको विकल्प अहिल्यै तयार हुन सक्दैन त्यसै भएर हाम्रा सामाजिक, पारिवारिक, कानूनहरू हिन्दु विधिशास्त्रको प्रभाव बमोजिम निर्मित भएको तथ्यमा विवाद हुन सक्दैन। अत राज्यका तीन अंगमध्ये न्यायपालिकाले विधायिकाद्वारा निर्मित कानूनको व्याख्या गर्ने अख्तियारी पाएको तथ्यमा पनि कसैको दुई मत हुन सक्दैन तर आजकल न्यायिक सक्रियता (Judiciat Activism) को अवधारणा विकसित भएर न्यायपालिकाले आफ्नो अधिकतम सीमा कायम गर्दा विद्यमान ऐन कानूनको व्याख्या मात्र नगरेर तिनमा परिमार्जन वा संशोधन गर्न कार्यकारिणीलाई निर्देशात्मक आदेश जारी गर्न सक्ने देखिन्छ। तर न्यायालय आफैले भइरहेको कानूनमा संशोधन भने गर्न सक्दैन यो न्यायपालिकाको स्थायी सीमा हो। राज्यको कुनै एक निकायले आफ्नो सीमा उल्लंघन गर्नासाथ त्यो अर्को निकायको अधिकार क्षेत्रमा हस्तक्षेप गरेको मानिन्छ र त्यसले अन्तर निकाय बीचमा खिचातानी र प्रतिस्पर्धा सुरू हुन्छ अर्थात संविधानले परिकल्पना गरेको शक्तिपृथकिकरण र नियन्त्रणको व्यवस्था (Seperation of Power and Check and Balance) समाप्त भएर अराजकताकोस्थिति सृजना हुन्छ तसर्थ हरेक निकायहरूले आफ्नो सीमासम्म रहेर अधिकतम अधिकारको उपभोग गर्नुपर्दछ। तर अर्काको सीमाको किंचित पनि अतिक्रमण गर्नु हुँदैन तर वर्तमान

आमा बाबु वा अभिभावकबाट विधिवत रूपमा विवाह गरिदिएको अवस्था छैन भने केटा केटीले स्वतः आफू खुसी विवाह गरेको हो भनि भन्न मिल्ने होइन। वास्तवमा परम्परागत रूपमा वा विधिविधान केही नगरी सामान्य ढंगबाट विवाह भएको हो वा कानून बमोजिम दर्ता विवाह भएको हो भन्ने तथ्ययुक्त आधार प्रमाण बेगर कुनै महिलाको कुनै पुरूषसंग विवाह भइसकेको हो भनि निर्क्यौल गर्न मिल्दैन ।



जानकारीमूलक तथ्यहरू

१. अन्नपूर्ण राणा र गोरख शमशेर राणा सहोदर दाजु बहिनी हुन्।
२. अन्नपूर्ण राणा वर्तमान महाराजधिराज सरकारकी सुपुत्री श्रुति राज्यलक्ष्मीकी नन्द हुन्।
३. अन्नपूर्ण राणाले काठमाडौं जिल्ला अदालतमा आमा अम्बिका राज्यलक्ष्मी राणा र दाजु गोरख शमशेर राणाले आफूलाई खान लाउन सम्पत्ति नछुट्याएकोले मानो चामल मुद्दा हालेकोमा विपक्षीहरूले प्रतिउत्तर फिराउदा निज विवाहित भएकोले माना चामल दिनु पर्ने होइन निजको योनि तथा पाठघर जाँच गरी पाउँ भन्ने जिकिर लिएकोमा का.जि.अ. ले ०५२/१०/१९ मा अन्नपूर्णालाई प्रसुति गृहमा पठाई तीन जना गाइनोकोलोजिष्टबाट योनी तथा पाठेघर जाँच्ने आदेश गरेको थियो।
४. उक्त आदेशलाई पुनरावेदन अदालतले समेत सदर गरेपछि उक्त आदेशबाट गोपनियताको हक हनन भयो भनी अन्नपूर्णले सर्वोच्चमा रिट निवेदन गरेको सन्दर्भमा मिति ०५५ जेठ २५ मा मा.न्या. अरविन्दनाथ आचार्य र राजेन्द्रराज नारुवाबाट प्रस्तुत फैसला भएको हो।
५. फैसलामा निज अन्नपूर्णाको भारत नैनितालका आर. यस. तडागीसंग विवाह भै सोही अस्पतालमा दुही लक्ष्मीसिंह भन्ने बच्ची जन्मेको तथ्यलाई स्वीकार समेत गरेको छ।

फैसलाले न्यायपालिकाले आफ्नो सीमाना भन्दा बाहिर गएर प्रचलित कानूनलाई संशोधन गर्ने (विधायिकी अधिकार) प्रयास गरेको देखिन्छ। प्रस्तुत फैसलाले विद्यमान कानूनी संरचनामा पारेको प्रभावलाई निम्न बमोजिमले संक्षेपीकरण गर्न सकिन्छ।

(१) विहावारी सम्बन्धी कानूनमा पारेको प्रभावः

विवाहको सम्बन्धमा हाम्रो देशमा २ वटा विशेष कानूनहरू छन्। मुलुकी ऐनको महल १७ मा विहावारीको महल र विवाह दर्ता ऐन २०२८, मुलुकी ऐन विहावारीको १ नं. ले आफ्नो इच्छानुसार केटा केटीले विवाह गर्न हुन्छ भन्ने कुरालाई स्वीकार गरी ऐनको २ नं. ले केटीको उमेर १८ र केटाको उमेर २१ वर्ष भएपछि आफ्ना बाबु आमाको मन्जुरी नभएपनि आफूखुसी विहावारी हुन सक्छ भन्ने कुरालाई मान्यता दिएबाट विवाह गर्दा पौराणिक मान्यता अनुरूपको सप्तसदी वा कर्मकाण्ड नै गर्नुपर्छ वा बाबु आमाले कन्यादान नै गर्नुपर्छ भन्ने शर्त बन्देज हाम्रो कानूनले सृजना गरेको छैन। केलाई विवाह भएको मान्ने भन्ने सम्बन्धमा हाम्रो प्रचलित कानूनको आशय, सामाजिक मान्यता र परापूर्व कालदेखि चलिआएको प्रथाले समेत केटा र केटी बीचको शारीरिक सम्बन्ध वा करणी लेनदेन नै विवाह छुट्याउने प्रचलित मापदण्ड हो। तर प्रस्तुत फैसलाले यी तमाम कानूनी सिद्धान्तलाई जिवितै राखेर कानून नै परिवर्तन गर्ने गरी नयाँ मान्यता स्थापित गरी दिएको छ र केटा केटीले आफू खुसी गर्न पाउने विवाहको मान्यता नदिई यो केवल मनोरन्जनको विषय मात्र हो भन्ने फैसला गरेको छ। विवाहको मान्यताको बारेमा फैसला भन्छ -"आमा बाबु वा अभिभावकबाट विधिवत रूपमा विवाह गरिदिएको अवस्था छैन भने केटा केटीले स्वतः आफू खुसी विवाह गरेको हो भनि भन्न मिल्ने होइन। वास्तवमा परम्परागत रूपमा वा विधिविधान केही नगरी सामान्य ढंगबाट विवाह भएको हो वा कानून बमोजिम दर्ता विवाह भएको हो भन्ने तथ्ययुक्त आधार प्रमाण बेगर कुनै महिलाको कुनै पुरूषसंग विवाह भइसकेको हो भनि निर्क्योल गर्न मिल्दैन" विवाहको मान्यता सम्बन्धी फैसलाको उपयुक्त अंशले यदि विवाह भएको कुरा विवाह दर्ता अधिकारीको रेकर्डमा देखिदैन वा विवाह दर्ता भएको छैन भने ५ वटा छोरा छोरीका बाबु वा आमाले पनि विवाह भएको कुरा इन्कार गरेको अवस्थामा आफ्नो दायित्वबाट उन्मुक्ति पाउने देखिन्छ। मलाई लाग्दैनकी नेपाल अधिराज्यका कूल दम्पतिहरू मध्ये १% भन्दा बढीले विवाह दर्ता गराएका होलान् त्यसो भए के नेपालका ९९% विवाह दर्ता ऐन २०२८ दफा १२ ले पनि रितिस्थिति परम्परा वा ऐनले प्रतिकूल असर नपार्ने घोषणा गरेबाट पनि चलन अनुसार अफूखुसी विवाह गर्न सक्ने देखिन्छ तर प्रस्तुत फैसलाले दर्ता विवाह बाहेकका अन्य सम्पूर्ण विवाहलाई प्रश्न चिन्ह खडा गरेर तपाईं हामी सबैलाई आफ्नै विवाह भएको हो कि होइन सोच्न बाध्य तुल्याएको छ।

(२) करणी सम्बन्धी कानूनमा पारेको प्रभाव :

(क) करणी सम्बन्धी पर्ने मुद्दाहरू मध्ये ९०% भन्दा बढी मुद्दामा अभियुक्त अर्थात केटाको इन्कारी हुन्छ र करणीमा साविती भएको अवस्थामा पनि केलाई करणी भएको मान्ने भन्ने सम्बन्धमा एकिन गर्न अदालतलाई बहुत कठिन पर्छ। केटीको शरीर, गुप्ताङ्ग वा अन्य संवेदनशील अंगहरूमा केवल स्पर्स गर्दा मात्र वा वीर्य स्खलन नहुँदासम्म वीर्य गुप्ताङ्ग भन्दा बाहिर परेको अवस्थामा वा वीर्य स्खलन नै भएको अवस्था वा केटीको गुप्ताङ्गको (Hymen) च्यातिएको वा नच्यातिएको इत्यादी अवस्था छुट्टिएपछि मात्र करणी हो वा उद्योग मात्र हो वा अभियोग मात्र हो एकिन गर्न सकिन्छ। त्यस्तो गर्नलाई पीडित वा अभियुक्त दुबैको लिङ्ग परीक्षण वा शारीरिक जाँच अत्यावश्यक मात्र होइन त्यसको अभावमा बैकल्पिक अनुसन्धान नै तयार भइसकेको छैन तर प्रस्तुत फैसलाले शारीरिक जाँच वा लिङ्ग जाँचलाई व्यक्तिको निशर्त गोपनियताको हक (Rights to Privacy) हो भनेको छ। फैसलामै भाषामा अभिव्यक्त गर्दा "अदालतकै आदेश भएपनि यदि शरीरको त्यस्तो गोप्य अङ्ग निजको मन्जुरी बेगर जाँच गर्न लगाइन्छ भने त्यसबाट व्यक्तिको गोपनियताको हक बन्चित भएको मान्नु पर्छ" फैसलाको यो मान्यताले अब जबरजस्ती करणीका अभियुक्तहरूले वा पीडितले शारीरिक जाँच गर्न इन्कार गरेको अवस्थामा जबरजस्ती करणी मुद्दाको सम्पूर्ण अनुसन्धान पद्दति नै निष्कृय हुन जान्छ र समाजमा जबरजस्ती करणीका घटनाहरूले प्रोत्साहन पाउन सक्ने चाहना विनाको बाध्यताको समाज बन्न सक्छ जो अत्यन्त चिन्ताको विषय हो।

(ख) हाल सम्म हाम्रो कानूनी र सामाजिक दुवै मान्यताका आधारमा कुनै केटाले कुनै केटीसंग शारीरिक सम्बन्ध कायम राखेमा त्यस्ता केटा केटीलाई लोग्ने स्वास्नी भन्ने नामाकरण गरिन्छ र त्यस्तो घटना पछि तिनीहरू एक आपसमा लोग्ने स्वास्नी भएर बस्न बाध्य हुन्छन् र त्यस्तो क्रियाबाट जन्मेको सन्तान समेतले करणी गर्ने व्यक्तिलाई नै पिता मान्नु पर्दछ। त्यसै मान्यताका आधारमा मुलुकी ऐन जबरजस्ती करणीको १० नं. ले करणी गर्ने लोग्ने मानिसले आफ्नो मागको आधा अंश पीडित व्यक्तिलाई दिनु पर्दछ र त्यस्ती पीडित व्यक्ति विवाहित रहिछ भने त्यसले अघिल्लो लोग्नेको अंश केवल भोग मात्र गर्न पाउँछे लान पाउँदिन अर्थात ऊ पछिल्लो लोग्नेको अंशियार ठहर्छे तर प्रस्तुत फैसलाले करणी गर्दैमा लोग्ने कायम नहुने भनेबाट लोग्ने नै कायम नभएपछि उसले अंशहरू पनि त्याग गर्नु पर्दछ र अघिल्लो लोग्नेको अंशहरूबाट पनि बन्चित हुनु पर्दछ। यसरी यो फैसलाले जबरजस्ती करणीको महलमा विद्यमान कानूनी प्रावधानलाई पनि निश्कृय बनाई दिएको छ।

(3) अंशबण्डा सम्बन्धी कानूनमा प्रभावः

मुलुकी ऐन अंशबण्डाको महलले लोग्ने छउन्जेल स्वास्नीले आफ्नो लोग्नेको हकमा सासु ससुरासंग दावा गर्न सक्तिन केवल लोग्नेको भागको अंशियार अनुसारको हिस्सामा मात्र दावा गर्न पाउँछे अर्थात लोग्नेको सम्पत्तिबाट मात्र उसको सम्पत्तिको निर्धारण हुन्छ। अन्य देवर जेठाजू सरह उसको हक हुँदैन र उसका सन्तानले पनि आफ्नो बाबुको अंशबाट मात्र अंश पाउँछन् तर यदि अब बच्चाको पिता चाहिं नहुने केवल माता मात्र हुने यो फैसलाको मान्यतालाई अंगिकर गर्ने हो भने त्यस्ती श्रीमती वा तिनका सन्ताले कसको अंशमा दावी गर्ने ? जबकी विधिवत विवाह

भएको छैन भने सन्तान जन्मिए पनि विवाह भएको मानिदैन भन्ने मान्यतालाई फैसलाले अंगिकर गरेको छ। यसरी अंशबण्डा सम्बन्धी प्रचलित कानूनमा पनि यो फैसलाले प्रतिकूल असर पारेको छ।

यस देखि बाहेक पनि फैसलाका धेरै कानूनी र सामाजिक तथा साँस्कृतिक प्रभावहरू समाजमा दुरगामी ढंगले रहन सक्ने देखिन्छ। फैसलाले आधुनिक समाजको दुहाई दिंदै Free Sex लाई सभ्य समाजको स्वाभाविक विशेषता मानेको छ। के यो मान्यतासंग हाम्रो समाजको चेतनास्तरले मेल खान्छ? फैसलामा भनिएको Morden Society को परिभाषा वा मापदण्ड के हो? के युरोपियन समाजको छाडाबाद अपसंस्कृति र अनुशासनहिनता तथा उच्छृंखलपन आधुनिक समाजको मापदण्ड हुन सक्छ? समाजशास्त्रीहरू के भन्दछन् भने सामाजिक संस्कार वा संस्कृति भनेको समाजकै उप उत्पादन (by product) हो यो आयातित कदापी हुन सक्दैन। त्यसैले यूरोपको सडकमा देखिने अश्लिल र लाजमर्दो संस्कृति तिनका लागि सभ्य होला हाम्रा लागि त त्यो असभ्य र जंगलीपन हो हामी त्यसबाट फड्को मारेर विकसित हुने क्रममा छौं, त्यसैले एउटा वयस्क कंटा वा कंटीले जतिसुकै कंटा वा कंटीसंग शारीरिक सम्बन्ध राखे पनि त्यो तिनीहरूको नितान्त व्यक्तिगत कुरा हुने, त्यसलाई राज्य वा कानूनले नियन्त्रण गर्न नहुने भन्ने फैसलाको मान्यता समाज, सामाजिक चेतनास्तर र हाम्रो अपरिहार्य मौलिक संस्कृतिकै विरूद्धमा छ। यसले हाम्रो मौलिक र गौरवान्वित संस्कृतिको सट्टा छाडा र आयातित संस्कृतिलाई प्रोत्साहन दिन खोजेको छ जो कानूनी मात्र नभएर सामाजिक दृष्टिकोणले समेत प्रतिगामी छ । यसले हाम्रो सामाजिक संरचनालाई ध्वस्त पार्छ र पश्चिमा छाडा संस्कृतिलाई बढावा दिन्छ।

यो फैसलालाई अन्नपूर्ण राणा र गोरख शमशेर राणाबीचको व्यक्तिगत मुद्दाको रूपमा मात्र लिंदा निश्चितै रूपमा यति धेरै व्याख्या विश्लेषण र चर्चा परिचर्चाको आवश्यकता थिएन। तर नेपाल अधिराज्यको संविधान २०४७ को धारा ९६ ले सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त (नजिर) गरीकन मुद्दाको फैसला हुन सक्दैन। अझ संवेदनशील पक्ष त के छ भने माना चामल र विहावारी वा करणी सम्बन्धी मुद्दा प्रचलित कानून बमोजिम जिल्ला अदालतको अधिकार क्षेत्रभित्र पर्दछन्। जिल्ला र पुनरावेदन अदालतले त यो सिद्धान्त अक्षरश अनिवार्य रूपमा लागु गर्नु पर्दछ। यहाँ मैले सर्वोच्च अदालतलाई किन बाहेक गरेको भने सर्वोच्च अदालतको एकल र संयुक्त इजलास (दुई जना माननीय न्यायधिश भएको बेंच) लाई मात्र यो सिद्धान्त बन्धनकारी छ तर २ जना भन्दा बढी न्यायधिश भएको पूर्ण वा विशेष इजलासले त्यसलाई कारणसहित नमान्न पनि सक्छ। तसर्थ जस्ले बढी यो पालना गर्नु पर्दछ त्यसले अन्यथा गर्न सक्ने संभावना नै नभएको हुनाले जिल्ला र पुनरावेदन अदालतका न्यायधिशहरू नचाहँदा नचाहँदै पनि यो सिद्धान्त मान्न विवश छन्।

अब निश्कर्ष तर्फ जाँदा प्रस्तुत फैसलाले निवेदक अन्नपूर्णा राणा वा महिला मुक्ति आन्दोलनसंग सम्बन्धित संघ संस्थाहरूले यसलाई स्वागत र समर्थन गरेको पाइयो तर मेरो विचारमा यो अत्यन्त सतही र अल्पज्ञानी निश्कर्ष हो। यो फैसलाले न त अन्नपूर्ण राणाको जीत भएको छ, न त महिला आन्दोलनको। यसले समाजमा महिलाको स्थितिलाई अरू बढी दर्दनाक, पीडादायी, घृणाको पात्र जस्तो र कानूनी रूपले हैसियत विहिन बनाएको छ मैले त सोचेको थिएँ महिला हकहितसंग सम्बन्धित संस्थाहरूले यसको विरूद्धमा आफ्नो आवाज बुलन्द गर्नेछन् तर परिणाम उल्टो दखियो हुन सक्छ म गलत हुँला तर पनि म आफ्नो मान्यतामा अडिक छु किनकी म लाखौं अविवाहित चेलीहरूप्रति चिन्तित छु। एउटा कुनै गलत कंटाको फन्दामा परेर होस वा आवेशमा आएर होस् वा राजिखुसीले होस् तिनीहरू बीच शारीरिक सम्बन्ध रह्यो, बच्चा पनि जन्मिए अनि त्यो अवस्थामा कंटाले मैले विवाह नै गरेको छैन भनेर यो फैसला तेर्स्याइदियो भने के यो फैसलाले तिनलाई माना चामल भराउन सक्छ? अहिले विवाहित दम्पतिहरू मध्ये जो कसैले पनि मेरो विवाह भएको छैन भनेर पारिवारिक दायित्वबाट उम्कन खोजे भने के हुनेछ? त्यसैले कृपया सोचौं यसमा महिलाको जीत भएको छ कि हार?

यी सबै कुराहरू हुँदा हुँदै पनि फैसलाका सिमित सकारात्मक पक्षहरूलाई उल्लेख गरिएन भने सायद पाठकहरूको दृष्टीकोणमा त्यो पूर्वाग्रही देखिन सक्छ निश्चितै रूपमा यसको सकारात्मक पक्ष के हो भने नेपाल अधिराज्यको संविधान २०४७ को धारा २२ मा व्यवस्था गरिएको सम्भवत संविधानमा नै उल्लेख गरिएको विश्वको पहिलो मौलिक हक गोपनियताको हकलाई संरक्षण गर्न अदालतले आफ्नो प्रतिवद्धता देखाएको छ। यसले भविष्यको केही सुखद मार्गको संकेत गरेको छ, त्यसो त अन्नपूर्ण राणा विरूद्ध गोरख शमशेर राणा भएर चलिरहेको काठमाण्डौ जिल्ला अदालतको माना चामल दिइ पाउँ भन्ने मूद्दामा माना चामल दिनु पर्छ कि पर्दैन वा अन्नपूर्णा राणाको विवाह भएको छ कि छैन भनेर एकिन गर्न अन्नपूर्ण राणाको गुप्ताङ्ग र पाठेघर नै जाँच्नु पर्छ अन्य बैकल्पिक उपाय थिएनन् भन्ने जस्तो निष्कर्षमा पुगेर गरिएको त्यो आदेश आफैमा विरोधाभास र संवेदनशील थियो। त्यसलाई सर्वोच्च अदालतले कायमै राख्नु पर्दथ्यो भनेर भन्नु वा त्यस्तो मान्यता राख्नु गलत हुन्थ्यो। त्यसैले त्यस्तो असभ्य र अविवेकी आदेशलाई बदर गरेको हदसम्मलाई पनि फैसलाको सकारात्मक पक्ष नै मान्नु पर्दछ। तर एउटा गलत आदेश बदर गर्ने नाममा त्यो भन्दा गलत र दुरगामी अर्को प्रभावकारी आदेश भएको हुनाले नै यसको बढी चर्चा परिचर्चा भएको हो। सर्वोच्च अदालतले केवल अन्य तथ्य र प्रमाणबाटै विवाहित अविवाहित छुट्टीन सक्ने हुँदा उक्त योनी तथा पाठेघर जाँच्ने आदेश बदर गरिएको छ भनेको भए निर्विवाद सुरक्षित र प्रभावकारी हुन्थ्यो तर आवश्यकै नभएको विषयमा बढी बोलेर अदालत स्वयं विवादमा त फसेकै छ तर यसले गम्भिर नकारात्मक परिणाम ल्याउने देखिन्छ। त्यतिमात्र कहाँ हो र अदालतप्रति रहेको सर्वसाधारणको जनआस्थामा पनि यसले गम्भिर प्रश्न चिन्ह खडा गरेको छ। हेरौं यसको सुरक्षित अवतरण भविष्यमा कसरी हुन्छ र आशा पनि गरौं, अदालतले समाजलाई सकारात्मक दिशा तर्फ नै निर्देष गरोस्।

किशोरीहरूको पीडा र सामाजिक बहस

शताब्दीले चाँडै विदा लिंदैछ ! "पप संस्कृति" ले टेलिभिजन र सिनेमाको जादुलाई प्रयोग गर्दै युवाहरूको अन्तहीन उचाईको कल्पनाशक्तिमा यौन, सफलता र मनोरञ्जनले भरिएको आफ्ना सन्देशहरूको एक कार्यसूचीको निर्माण नै गरेका छन्। युवाहरूले यसको दावी पनि गरेका छन् र यसको प्रतिउत्तर एक नयाँ सामाजिक भाषामा दिएका छन्।

भारतमा यो सन्देश तीब्र र स्पष्ट रूपमा देखिएको छ तर बुढाहरू यसलाई पढ्न नै अस्वीकार गर्छन्। परिणामस्वरूप दुवै पुस्ता बीचको अन्तर अझ फराकिदै छ, जहाँ युवाहरू उनीहरूको जीवन पद्धतिलाई नै गोप्यताको आवरणभित्र राखेर अघि बढाइरहेका छन्। युवाहरू बीचमा यौनिक अन्तरक्रियामा बृद्धि भइरहेको छ तर यी सहभागीहरू यसको सामना कसरी गर्ने भन्ने बारेमा अझै अनभिज्ञ रहेका छन्। विगतको पाँच वर्षमा किशोरावस्थाको गर्भपतनमा खतरा पूर्णरूपले बृद्धि भएका संकेतहरू देखिएको छ। जसमा किशोरीहरू प्रायः गरी त्रासदीपूर्ण जीवन बिताइरहेका छन्।

आफ्नो केटा प्रेमीसंग भागेर गएकी, दिल्लीको एक नामुद व्यापारीकी छोरी तेह्र वर्षीया रानीको अवस्थालाई नै उदाहरणको रूपमा लिउँ। व्याकुल अभिभावकहरू रानीको खोजतलासमा जुटे र उनलाई घर फर्किनका लागि फकाए। त्यसपछि उनीहरूले रानीको जबरजस्ती गर्भपतन गराए। जसले गर्दा रानी चिड्चिडा र झड्झ रिसाउने भइन् र स्कूल जान पनि अस्वीकार गर्न थालिन्। जुन दिनदेखि अभिभावकहरूले उनको छिमेकका साथीहरूसंग पनि उनलाई भेटघाट गर्ने अनुमति दिन छाडे, रानी आफू एक्लो भएको गुनासो गर्न थालिन्। हाल रानीका आमा बाबुहरू (परिवार) उनी सोह्र वर्ष पार गर्ने दिन पर्खिरहेका छन्। उनीहरू रानीले सोह्र वर्ष पार गर्नेवित्तिकै "उपयुक्त जोडा" खोजेर उनको विवाह गरिदिने सोचमा छन्। केटासंग भागेर जानको निमित्त (पोइल) उनको निर्णयको प्रेरक कारण चाहिं सिनेमा थियो। जसमा प्राय जसो विवाहपछि युगल दम्पत्तिहरूले जीवनभर सुखमय दाम्पत्य जीवन बिताएको देखाइन्छ।

अभिभावकहरूले यस्ता समान अवस्थाहरू भिन्न भिन्न जातिहरूमा पनि व्यहोरीरहेका छन्। झुग्गी झोपडी (सुकुम्बासी) मा बस्ने चौध वर्षीया रूपाले जब आफ्नी आमालाई छिमेकमा बस्ने केटासंगको यौन सम्पर्कबाट आफू गर्भवती भएको कुरा विश्वासकासाथ बताइन् तब तुरून्तै उनलाई निजी क्लिनिकमा गर्भपतनका लागि लगियो। हाल उनी आफ्नो प्रेमीले दिनरात आफूलाई छायाँ सरह पिछा गरिरहेको उनलाई थाहा छ। उनको प्रेमी उनलाई विवाह गर्न अझै पनि इच्छुक रहेको छ। तर रूपाका अभिभावकहरूले उसको प्रस्तावलाई धम्की र त्रास देखाएर निमिट्यान्न पार्न खोजेका छन्।

धेरै भन्दा धेरै केटीहरू अभिभावकहरूलाई विश्वासपूर्वक यस्ता कुराहरू भन्ने गर्दैनन्। देशभरिमा गरिएको एक अध्ययनमा यस्तो तथ्य पत्ता लागेकोछ कि गर्भवती युवतीहरू प्रसुत विशेषज्ञ वा अन्य निजी क्लिनिक (जहाँ गर्भपतन गराइन्छ) मा जान्छन्, विवाहित भएको स्वाँग गर्दछन् र गर्भपतन गराउँछन्। यसका लागि उनीहरूको प्रेमीले मायालु श्रीमान् भएको नक्कली भूमिका निर्वाह गर्छन्।

विरूवानान थापुरमको प्रसुती विषयकी सहायक प्रोफेसर (प्राध्यापक) डा. शिला शेनोयले एरनाकुलम जिल्लामा यस्तै प्रकारको एक शोधकार्य संचालन गरिन् जहाँ किरोशावस्थामा गरिने गर्भपतनको ठूलो विगविगी रहेको तथ्य पत्ता लाग्यो। उनी भन्छिन्- २० प्रतिशत महिलाहरू जो गर्भपतन गराउन खोज्छन् ती अविवाहित किशोरीहरू मात्र छन्। यद्यपि, केटा र केटी बीचको स्वस्थ्य अन्तरक्रियामा (यौन सम्पर्क) रोक लगाइएको छ। तापनि उनीहरू अस्वस्थ सम्बन्ध कामय राख्न एक अर्कामा भिडेकै छन्। यदि हामीले यसलाई समयमा नै रोकेनौं भने अब जन्मने हाम्रो सम्पूर्ण पुस्ता नै साइको सो मेटिकको विरामी र अन्य समस्याहरूले ग्रसित जस्तै नितम्ब पीडा, ढाडका विरामीहरू र मानसिक तनाव रहेकाहरूको मात्र जन्म हुनेछ।

गैर कानूनी गर्भपतनका लागि भारत विश्वमा नै पहिलो छ। विश्वको १५ लाख गर्भपतनका विरूद्ध भारतमा मात्र प्रति वर्ष ४ लाख यस्ता गर्भपतनले ठाउँ ओगट्छ। १९९१ को एक अनुमानित अध्ययनले के देखाएको छ भने देशमा भएको २५ लाख प्रजननमा ११ लाखको गर्भपतन गरिएको थियो र यस्ता गर्भपतनको ठूलो संख्या चाहिं सिकारू र अनाडिहरूद्वारा गरिएको थियो। हालै स्वास्थ्य तथा परिवार कल्याण मन्त्री दलीत एहिलमलाइले गर्भपतनको संख्यामा बृद्धि भएको कुरालाई स्वीकार गर्दै



संसदमा भने "हाल वैधानिक तथा अवैधानिक दुवै तरिकाका गर्भपतनको संख्यामा ढलमल ढलमल गर्दै बढीरहेको छ।" तर "भारतमा गर्भपतनहरू" को लेखिका डा. रामी छाब्रा यी सबै अध्ययनहरूको परिणामको बारेमा प्रश्न उठाउँछिन् "हामी कुन सामाजिक अर्थशास्त्र समूहको कुरा गर्दैछौं र त्यसको प्रतिशत कति हो? उनीहरू प्रश्न गर्छिन् "म जहिले पनि यस्ता अध्ययनहरू हेर्न माग गरिरहेकी छु र यसका प्रयोग विधिहरूलाई विश्लेषण गर्न चाहिरहेकी छु। जहिले पनि अति सुक्ष्म अल्पसंख्यक समुदायले नै नियमलाई तोडेको देखिएको छ तर यो औषत बालबालिकाहरूका लागि सत्य छैन।"

युवाहरूलाई यौनिक दुर्घटनामा पुऱ्याउने काम सिनेमा र टेलिभिजनले गरेको दोष लगाउँछिन् र भन्छिन्- "यदि दिनहुँ युवाहरूको अगाडि उत्तेजित गराउने र कुल्कुल्याउने किसिमका सन्देश र विज्ञापनहरूले उनीहरूको दिमागमा बमबारी गरिन्छ भने त्यसबाट उनीहरू आकर्षित वा मोहित नहुन उनीहरूलाई ज्यादै नै कठिन हुन्छ। आखिरमा, आफ्नो विकसित भएको उत्तेजित भावनालाई उनीहरू सन्तुलित राख्न सक्दैनन्"। करो लवाग क्लिन्किको प्रसुती विशेषज्ञ डा. कमला राय भन्छिन्- "युवाहरूबीच ठूलो संख्यामा यौनिक गतिविधि भइरहेको छ यदि उनीहरू असुरक्षित यौन सम्पर्कमा जान्छन् भने उनीहरूले परिवार नियोजनको आकस्मिक औषधिहरू जसले यस्तो कार्य पछिको ५ दिन भित्रमा पनि प्रभावकारी काम गरिरहन्छ त्यसको बारेमा पनि जान्न आवश्यक छ। यसमा केटीहरू त आधारभूत स्वास्थ्य सम्बन्धी समस्याहरूबारे पनि अनभिज्ञ नै छन्।"

अर्की प्रसुती विशेषज्ञ डा. पुनीत बेदी पनि दुवै जोडीहरूमा अज्ञानताको साधारण तह आश्चर्य चकित तुल्याउने रहेको कुरालाई स्वीकार गर्दै भन्छिन्- "२० वर्ष उमेर पार गरिसकेका धेरै जसो केटीहरू पनि यस विषयमा ज्यादै नै कम जान्दछन्। जब यौन क्रियाबारे नै कुनै जानकारी रहँदैन भने कसरी युगल जोडीहरूले गर्भ निरोधकको प्रयोग गर्ने योजना बनाउने छन् भनेर आशा गर्न सकिन्छ?"

यौन सल्लाहाकारहरू के कुरामा विश्वास गर्छन् भने जबसम्म यस विषयमा छलफल गर्न परम्परागत वा रूढीगत हिसाबले रोक लगाइन्छ, यो विषय कि न पूर्ण रूपमा अस्वीकार हुन्छ अथवा यसमा कुनै कुरै हुँदैन। यसले गर्दा विषयको गुणात्मक तथ्याङ्कमा कमी मात्र ल्याउने छ।

अप्रिल १९९८ मा दिल्लीमा सम्पन्न गरिएको ७१ युवाहरूको यौन व्यवहार ढाँचाको १५ महिने पुरानो अध्ययनले यस्ता भित्री गुराहरूलाई बुझ्न अरू सुदृढ बनाएको छ। बाल विशेषज्ञ डा. गीता सोन्धीको नेतृत्वमा गएको अनुसन्धान टोलीले पत्ता लगाए अनुसार, मुख्यः केटाहरूले केटीहरूसंग बोलचालको थालनी गर्ने तरिका हिन्दी सिनेमाबाट सिकेका हुन्छन्। उनीहरू व्यापक रूपमा अश्लिल चलचित्र पनि हेर्ने गर्छन्।

धेरै सभाहरूमा लिएको अन्तरवार्तामा युवाहरूको बहुमत जमातले यो पनि स्वीकार गरे अनुसार वास्तविक "यौनको पाठ" जस्तै हात समात्नु, प्रेमपूर्वक कुरा गर्नु यस्ता सबै प्रारम्भिक प्रस्तावहरू सिनेमाबाट प्रभावित भएर गरेका छन्। जब एकपल्ट अनुसन्धान टोली र उनीहरू बीचको अवरोधहरू हट्यो उनीहरू गर्भ निरोधक, एड्स तथा एसटीडीहरू र यस्ता विषयहरूमा अन्य सुझावहरू जान्न र बुझ्न अति नै उत्सुक भए। सोन्धी भन्छिन्- "यी युवाहरू, मुख्यतः केटाहरू, परिवार र अश्लिल चलचित्रको दोहोरो प्रभावहरू बीच चिरा परेका छन्। यसले उनीहरूलाई अति नै अलमल्लको स्थितिमा ल्याएर छाडेको छ र किशोर किशोरीहरूको समस्यालाई बुद्धिमतापूर्ण तरिकाले सुल्झाउने प्रयास गरिनु पर्छ। दुर्भाग्यवशः परिवारहरू व्यापक रूपमा फैलिएको यस्ता विषयहरूलाई आफ्नो व्यक्तिगत मानहानीसंग जोडेर पूर्ण रूपमा विषयको कटौती गर्दछन्। यस्तो प्रवृत्तिले केटीहरूलाई उग्र केटाहरूको पञ्जामा पर्ने झन् खतरा बढ्न सक्छ। जसबाट बाबुआमाहरूले उनीहरूलाई सुरक्षित राख्न चाहेका हुन्छन् र प्रायः गरी केटाहरूले केटीहरूको मर्म र सिधापनको फाइदा उठाएर यौन सम्बन्ध राख्न विवस गर्छन्। यदि केटीले त्यसलाई अस्वीकार गरेमा सामाजिक बदनामीको डर देखाएर अन्य केटा साथीहरूसंग पनि यस्तो सम्बन्ध राख्न जबर्जस्ती गर्छन्।"

परिवार सेवा संस्थाकी मिरनालीनी केल विद्यालयहरूमा यौनका विषयलाई खुल्ला रूपले छलफल गर्न नदिने वर्तमान चलनको निन्दा गर्दै भन्छिन्- "हामीले के पत्ता लगाएका छौं भने विद्यालयका अधिकारीहरू, अभिभावकहरूको असहमतिले गर्दा डराउँछन्। उनीहरू हामीलाई त्यहाँ घुम्न र ठूला कक्षामा केटाकेटीहरूलाई परिवार नियोजनको आधारभूत सन्देशहरू दिन पनि दिँदैनन्।"

समय बदलिरहेछ। जसै हामी २१ औं शताब्दीमा फड्को मार्दैछौं यही समय हो जुन समयमा हामीले युवाहरूलाई उनीहरूको आफ्नै किसिमको सम्बन्धको विकास गर्ने ठाउँ दिनु पर्छ। यसले अनैतिक गतिविधिको व्यवहारलाई जन्म दिँदैन। यदि तल्लो वर्ग (अभिजात वर्गको) को प्रादूर्भाव हुनेछ जसले अश्लीलतालाई पथ प्रदर्शकको रूपमा प्रयोग गर्नेछ जो सामान्य हुनेछ।

साभार : डब्लु. एफ. एस./सञ्चारिका समूह

प्रजातन्त्र र निरीह जनता

– डा. राजेश गौतम

साधारण व्यक्तिहरूमा पनि असाधारण क्षमता रहनु नै प्रजातन्त्रको जग बलियो रहनु हो।

प्रजातन्त्रले साधारण व्यक्तिहरूलाई त्यस्तो अवसर प्रदान गर्दछ, जसले उसको क्षमताको विकास गर्दछ र ऊ आफ्नो योग्यता र क्षमताको आधारमा कुनै पनि उचाइसम्म पुग्न सक्दछ। तर आज साधारण व्यक्तिलाई भोट लिने समयमा बाहेक अरू समयमा वास्ता गरिन्छ? जोडतोड र तोडजोडको राजनीतिमा फुर्सद कस्लाई छ? अब्राहम लिङ्कनको भनाइ थियो- "प्रजातन्त्र जनताद्वारा, जनताको निम्ति, जनताको सरकार" हो। तर आज नेपालमा जनता कहाँ छन् र ? हामी त राजनैतिक दलहरूका स्वामिभक्त कुकुरहरू हौं। आज नेपाल राजनैतिक विचारले तितर वितर भएको छ, टुक्रा-टुक्रा भइरहेको छ। फुटपाथमा बसेको नाङ्गलो पसलेको नाङ्गलोमा अनेकौं सामानहरू जसरी छरिएका हुन्छन् त्यसैगरी यस देशमा पनि अनेकौं राजनैतिक विचारहरू, अनेकौं जातिहरू, अनेकौं सम्प्रदायहरू छरिएका छन्। एकता कहिं छँदैछैन। सिङ्गो राष्ट्रको पत्तै छैन। नागरिक कहीं छँदै छैनन्। ऊ भीडमा हराइसकेको छ। भीड त्यसलाई भनिन्छ जहाँ हजारौं टाउकाहरू छन्, तर दिमाग छैनन्। हजारौं छातीहरू छन्, तर मुटु छैनन्। यस भीडको हातमा कहिले लठ्ठी हुन्छ त कहिले ढुंगा हुन्छ। तर जनता यदि कहीं भएता पनि जनताको कुरा सुन्ने कस्ले ? संविधान जनताको लागि बनाइएका हुन्छन् न कि जनता संविधानको लागि। निर्वाचनको कुनै महत्व छैन, मतदानको कुनै अर्थ छैन। अधिकांश मतदान केन्द्र या त लुटिएका हुन्छन् या त घेरिएका हुन्छन्। मतदान गर्ने जनता जति नै हुन् त्यसको महत्व हुँदैन। जति थोरै मत खसे पनि नेता छानिन्छन् र जनप्रतिनिधिमा दरिन्छन्। जनप्रतिनिधिहरूको सरकार गठन हुन्छ तर त्यो सरकार सचिवालयका केही कोठाहरूमा सशस्त्र पहरा भित्र बसेर जनताको देखावटी सेवा गरिरहन्छन्। जनता सरकारको अत्तोपत्तो नै हुँदैन। आश्वासन, मोलतोल, किनबेच, अपहरण, फैं-फगडा, बन्दूक, गोली र रगतको आहालबाट चुनिएको सरकार आफ्नो बहुमत सिद्ध गर्नमा नै समय बिताउन थाल्दछ भने विचरा जनता के गर्न सक्दछन्। यो भन्दा मजाक प्रजातन्त्रको अरू के हुनसक्छ?

निर्वाचनको नाममा के हुन्छ? लुगा बाँडिन्छ, कम्बल बाँडिन्छ, नोटका पोकाहरू खोलिन्छन्, रक्सी खुवाइन्छ, मासु खुवाइन्छ। लठ्ठी र गोलीहरू चल्दछन्। मतदान केन्द्रहरू घेरिन्छन्। मतपत्रहरू लुटिन्छन्। जित्ने जनप्रतिनिधिमा दरिन्छन्, हार्ने अदालत जान्छन्। माथिबाट हेर्दा आदर्श बोकेका हुन्छन्। तलबाट हेर्दा आदर्श कुल्चेका हुन्छन्। कुराहरू जे जस्तोसुकै गरेर पनि यथार्थतामा प्रत्येक राजनैतिक दलहरूले उम्मेदवारहरूको छनौट उनीहरूको बुद्धिलाई हेरेर हैन उनीहरूको शक्तिलाई हेरेर गरेका हुन्छन्। त्यो शक्ति राजनैतिक, धार्मिक, जातीय जे पनि हुनसक्दछ। यति मात्र हैन त्यो शक्ति अन्तर्राष्ट्रिय र माफिया पनि हुनसक्दछ। जनता त्यस्तालाई नेता चुन्न बाध्य हुन्छ।

जनताको अर्को बाध्यता पनि छ। ऊ नेता त छान्दछ, तर कानून बनाउँदैन। ऊ नेतालाई फिर्ता बोलाउन पनि सक्दैन। निरीह भएर उसका चर्तिकलाहरूलाई नै हेरिरहन्छ। नेताहरू जिल्लाबाट राजधानी पुग्न पाएका हुँदैनन् सत्ता र शक्तिको दाउपेचमा लाग्न थालिहाल्दछन्। अर्थात् राजधानीमा बसेर ऊ "आयाराम गयाराम र दियाराम लियाराम" का खेल खेल्न थाल्दछन्। यहाँसम्म कि एउटा राजनैतिक दलबाट अर्को राजनैतिक दलमा जाने काम पनि गर्दछन्। जस्ले गर्दा आम जनता प्रजातन्त्रबाट अब टाढिन थालेका छन्। संसदीय व्यवस्थाको साथ साथै प्रजातन्त्रको पनि अबमूल्यन हुँदै गइरहेको छ/भइरहेको छ। र, यो अब दुई नम्बरी व्यक्तिहरूको खेल मात्र हुन पुगेको महसुस हुन थालेको छ।

प्रजातन्त्रमा नेताहरूको महत्वपूर्ण भूमिका हुन्छ। तर चाहे त्यो सत्ता पक्ष होस् या विपक्षी, उनीहरूमा न पहिलेको जस्तो नैतिकता, इमान्दारी, सेवा र त्यागको भावना छ न दृढता र जुझारूपनको उन्माद नै छ। अब स्थिति यस्तो भइसकेको छ, नेताको ठाउँ गुण्डा र अपराधीहरूले र गुण्डा र अपराधीहरूको ठाउँ नेताहरूले लिइरहेका छन्/ लिदै गइरहेका छन्। केही वर्ष अगाडि एउटा राजनैतिक दलका वरिष्ठ नेताले त "कही उनीहरूले मारे कहिं हामीहरूले मार्यौं" भनी बोलेका पनि थिए। प्रजातन्त्रको नाममा सस्तो लोकप्रियता र सत्ता र शक्तिको अधिकारको लागि मात्र सबै दौडिरहेका छन्।

अहिले हाम्रो प्रजातन्त्र तीन सूत्रहरूमा समेटिएको छ, (क) अन्तरात्माको आवाज, (ख) आयाराम, गयाराम र लियाराम दियारामको खेल र (ग) बहुरूपी जोकर र चाकडीरूपी नेतृत्व। के यी सबै स्वस्थ प्रजातन्त्रका द्योतक हुन्? आजको राजनीति, किनबेच, अवसरवादी र भ्रष्टाचारको अखडा बनेको छ। जहाँ एक मिनेटमा रामलाई रावण र रावणलाई राम बनाइन्छ / बनाइदिन्छन्। व्यक्ति पूजा, चारित्रिक हनन र मानसिक असन्तुलनको उदाहरण अहिले हाम्रो राजनीतिमा प्रशस्त देख्न पाइन्छ। जहाँ राष्ट्रिय रूपमा नै धमिराहरूको घुसपैठ हुन्छ त्यहाँ पतन नभएर के सृजना हुन्छ र? बुझ्नु पर्ने मुख्य कुरा के हो भने तिनतिकडमबाट सत्ता र शक्ति प्राप्त हुन सक्दछ तर राष्ट्रिय चरित्र भने बन्दैन, न यसबाट राष्ट्रिय समस्याहरूको समाधान नै हुन्छ। प्रजातन्त्र छल, कपट, लाठी, बन्दूकले हैन नेतृत्वको दमले चल्दछ। नेतृत्व दासहरूको जय जयकारबाट हैन सेवा, अध्यवसाय, त्याग र

आलेख

आजको राजनीति, किनबेच, अवसरवादी र भ्रष्टाचारको अखडा बनेको छ । जहाँ एक मिनेटमा रामलाई रावण र रावणलाई राम बनाइन्छ- बनाइदिन्छन् । व्यक्ति पूजा, चारित्रिक हनन र मानसिक असन्तुलनको उदाहरण अहिले हाम्रो राजनीतिमा प्रशस्त देख्न पाइन्छ । जहाँ राष्ट्रिय रूपमा नै धमिराहरूको घुसपैठ हुन्छ त्यहाँ पतन नभएर के सृजना हुन्छ र ?

कठीन परिश्रमले बन्दछ/बन्ने गर्दछ। त्यसैले यदि राष्ट्रमा भइरहेको राजनैतिक अन्यौलको अन्तको साथै राष्ट्रियताको सुरक्षा गर्ने हो भने सैनिक र प्रहरीलाई बलियो बनाउनु भन्दा आफ्नो चरित्रलाई बलियो बनाउन बढी आवश्यक भएको छ। शुरूवात् ठूलाबाट नै गर्नुपर्दछ/ हुनुपर्दछ।

प्रश्न उठ्न सक्दछ, हाम्रो प्रजातान्त्रिक सरकार के जनताको लागि हो? प्रजातन्त्रको पुनर्स्थापना पछि आएका तीनैवटा सरकारहरूले श्रमजीवी, दलित, शोषित, कमजोर र पिछडिएका वर्गहरूको हितको लागि केही नीतिहरू अपनाए र त्यसतर्फ काम पनि गरे। तर के वास्तवमा नै श्रमिकहरू र गरीबहरूले राष्ट्रिय विकासमा उचित अंश प्राप्त गरेका छन्? सायद छैन। यसको फाइदा वास्तवमा पूँजीपतिहरू, प्राविधिक अधिकारीहरू, व्यापारीहरू र बीचका चाटुककार जसको संख्या कूल जनसंख्याको मुस्किलले १०-१२ प्रतिशत नै होलान् लाई नै नेपालमा प्राप्त हुन्छ/भइरहेको छ। यथार्थ हो, नेपालमा प्रजातन्त्रले प्रत्यक्ष रूपमा बर्जुवा र सामन्ती हितलाई नै प्रोत्साहित गरेको छ। यदि जनता भन्नुको हाम्रो अर्थ पूँजीपतिहरू, व्यापारीहरू, राजनेताहरू, नेताहरू, उच्च प्रशासकीय र प्राविधिक अधिकारीहरू नै हुन्, जसले निर्वाचनमा मोटर, पेट्रोल र पैसाको व्यवस्था गरी अनुकूल जनमत तयार गर्न र मत दिलाउन मद्दत गर्न सक्दछन्/पुऱ्याउन सक्दछन् भने निश्चित रूपले यो जनताको सरकार हो? तर यदि यसको तात्पर्य समाजमा, क्रान्तिकारी परिवर्तनका लागि प्रस्तुत गर्नुसंग छ भने यो जनताको सरकार हैन।

प्रजातन्त्र भनेको हिजोको रामराज्यको परिकल्पना हो र त्यही रामराज्य जनताको लक्ष्य हो। रामराज्यमा राम प्रत्येक मानिसको आवाज सुन्दथे। नीति र नैतिक मर्यादाहरूको पालना राजपाट र सुख वैभव सबैको परित्याग गर्दथे। तर सत्ताको दौडमा आज राजनेताहरूलाई जनताको कुरा सुन्ने फुर्सद कहाँ छ र? जो स्वयंको लागि स्वयं नै असन्तुष्ट छ भने अरूको दुःख र समस्याको समाधान उसले कसरी गर्दछ/गर्न सक्दछ? जनतालाई प्रजातन्त्रको नाममा समाजवाद र जनवादको भुलभूलैयामा राखिएको छ र जनता त्यही भुलभूलैयामा आँखा चिम्लेर हिडिरहेका छन् र अब त हिड्न जानी पनि सकेका छन्। निहीत स्वार्थ भएका तत्व चाहे त्यो स्वदेशी होस् या विदेशी होस्, नेपाली समाजको दुर्गतीको बाटो हेरिरहेका छन्। हेर्न खोजिरहेका छन्। समय असमय उनीहरूले यसमा हावा पनि भरिरहेका छन्। यो दूर्भाग्यपूर्ण स्थिति हो। आम जनता अब जाग्नु पर्दछ र भूलभूलैयाको संसारबाट हटेर आफ्नो भविष्य यथार्थमा निर्माण गर्नुपर्दछ।

दयाका वीर : दयावीर

- रघुनाथ लामिछाने



२००१ साल, झाडाबान्ताको व्यापक प्रकोप, बर्षेनी सयौं निरपराध जनताको ज्यान नै खत्तम, एकातिरको स्थिति यस्तो। अर्कोतिर जहाँनिया राणाशासनको बर्बर दमन, केही गर्न पनि हनुमान शैलीको चाकडीका साथ अनुमति अनिवार्य। यस्तो परिस्थिति मानवीय संवेदनाको घेराभित्र कैद हुनु प्रायः सम्भव थिएन र हुँदैन पनि। तर पनि जनता यी सबै टुलुटुलु हेर्न बाध्य थिए। त्यही बाध्य जमातबाट एउटा यस्तो विद्रोहीको उपस्थिति भयो कि जो कसैसंग पनि जनताको बाँच्न पाउने अधिकारविरूद्ध सम्झौता गर्न चाहँदैनथ्यो र समाजमा केही गर्नुपर्छ, त्यसैमा मात्र जीवनको सार्थकता छ भन्ने ठान्थ्यो। काठमाण्डौस्थित केलटोलको मध्यमवर्गीय परिवारमा १९६८ साल, वैशाख २२ गते जन्मेको त्यो विद्रोही आजपर्यन्त मृत्युभन्दा जनसेवासंग बढी चिन्तित छ। यस्तो ऐतिहासिक व्यक्तित्व, जसलाई आज हामी दयावीरसिंह कंसकार भनेर चिन्छौं।

"जस्तो नाम, उस्तै काम" - स्व. केशर शमशेरले दयावीरसंग साह्रै प्रभावित भएर सार्वजनिक रूपमा टिप्पणी नै गरेका थिए। २२, २३ वर्षे उमेरमा आफ्नो प्रगतिको सारा चिन्तालाई थाँती राखेर जनसेवामा तल्लीन हुनु वास्तवमै एउटा अनौठो कदम हो। "यस्तो काम गर, जसबाट धेरै मानिसको जीवन रक्षा होस्" भन्ने आफ्नै बाबुको भनाइसंग अति प्रभावित दयावीरलाई नामअनुसार नै काममा लाग्न यसले ठूलो प्रेरणा प्रदान गऱ्यो। जनताका लागि केही गरेर मात्र मर्नुपर्छ भन्ने मान्यताका हिमायती दयावीरले सर्वप्रथम आफ्नै पसलमा केही साधारण औषधी राखी निःशुल्क वितरण गर्ने कार्य गरी परोपकार कार्यको व्यावहारिक शिलान्यास गर्नुभएको थियो।

उहाँको यो प्रयास विभिन्न आरोह-अवरोहका साथ अघि बढ्दै गयो। जनताका माझमा दयावीर र उहाँको पसल आँखाको नानी बन्दै जान थाल्यो। प्रजातन्त्रको स्थापनाकालअघि तत्कालीन राणा शासकहरूले उहाँको प्रयास अवरूद्ध पारे। गुलाव काँडाबीच पनि फक्रेरै छाड्छ, हृदयदेखिको भावना किन मर्न पाउँथ्यो? फेरि एक बृहद् जनसमारोहबीच यो संस्था सक्रिय भयो। त्यसपछि यो संस्था विस्तार फैलदै गई आज नेपालमा परोपकार शब्द दयावीरको पर्याय बन्न सफल भएको छ।

आठ कक्षासम्ममात्र अध्ययन गर्नु भएका दयावीरसिंहले कुनै महान् कार्यका लागि शैक्षिक योग्यता धेरै चाहिन्छ भन्ने मान्यतालाई पनि खिल्ली उडाइदिनुभयो। जेठो सन्तानका रूपमा पारिवारिक जिम्मेवारी सम्हाल्दै आफ्ना सारा तनाव र अभावका बाबजुद पनि आफ्नो अभियानलाई मूर्तता प्रदान गरेर विश्वसामु नै एउटा उदाहरणीय व्यक्तित्वको पहिचान दिन सफल हुनुभयो, जसको तुलना फ्लोरेन्स नाइटिंगेल र हेनरी ड्युनाभन्दा कमका व्यक्तिसंग हुन सक्दैन भन्दा अत्युक्ति नहोला किनकि परिस्थिति र अवस्थालाई हेर्ने हो भने उहाँको योगदान चानचुने आँक्न मिल्दैन।

जनताका छोराले पढे भने बाठा हुन्छन् र आफ्नो कुर्सी डगमगाउँछ भन्ने सोचाइको तत्कालीन राणाशासनको खिलाफमा जुट्दै आफ्नो अभियानलाई निरन्तरता प्रदान गर्न सक्षम दयावीरले उतिबेलै कन्या पाठशालाको परिकल्पना गरेर ठूलो जोखिम मोल्न पनि पछि पर्नुभएन। केही महिलालाई नर्स तालिम लिन भारत पठाउने सोचाइ पनि कम दूरदर्शीपूर्ण सोचाइ थिएन। महिला अधिकारका लागि सदा क्रियाशील दयावीर महिलाको उन्नतिविना परिवार र राष्ट्रको उन्नति हुनै सक्दैन भन्नेमा पनि दृढ हुनुहुन्थ्यो। उहाँको यही भावनाका कारण उहाँका कयौं कामहरू महिला केन्द्रित पनि देखिएका छन्।

साझा अर्थव्यवस्था र घरेलु उद्योगका माध्यमबाट मात्र नेपाल जस्तो देशको विकास सम्भव छ भन्ने धारणा राख्ने दयावीरले आफ्नो भन्दा पनि साधारणको आर्थिक स्थिति सुध्रियोस् भन्ने हेतुले करूणा कापः नामक कपडा कारखाना खोल्नुभयो र बिस्कुट उद्योगतिर पनि ध्यान आकर्षित पार्नुभयो। जनतालाई सुसूचित र शिक्षित पार्नुपर्छ भन्ने धारणा पनि संगाल्नुहुने दयावीरले विद्यालय पनि स्थापना गर्नुभयो। आर्थिकरूपमा सवल, स्वस्थ जीवन र चेतनाले सुसज्जित पारी

बाँकी २६ पेजमा

मानवअधिकार आन्दोलनको वर्तमान चुनौति

सुशील प्याकुरेल

मानवअधिकार आन्दोलन विभिन्न जटिलताहरू बीच र उतार चढावका साथ अघि बढ्ने आन्दोलन हो। शान्तिपूर्ण स्वरूपभित्र आफ्नो क्रियाकलापलाई अगाडि बढाउने यो आन्दोलनले समय समयमा निकै अप्ठ्याराहरू सित जुझ्नु पर्ने हुन्छ।

मानवअधिकार आन्दोलनका प्राथमिकता र चुनौतिहरू समय सापेक्ष र स्थान सापेक्ष हुन सक्छन्, यद्यपि यो आन्दोलन सार रूपमा राष्ट्रको सीमा भित्र मात्र सीमित रहँदैन। तथापि राष्ट्रको स्थितिले यस आन्दोलनलाई प्रभाव पारेकै हुन्छ।

२०४६ साल अघि नेपालको मानवअधिकार आन्दोलन मूलतः प्रजातान्त्रिक संघर्ष अर्थात् राष्ट्रमा बहुदलीय र खुला राजनीतिक व्यवस्थाको स्थापनार्थ बढी सक्रिय थियो। त्यसबेला यसको प्राथमिकता राजनैतिक दलहरूले राजनैतिक स्वतन्त्रताको लागि संचालन गरेको आन्दोलन थियो। तत्कालीन समयमा यसको चरित्र बढी राजनीतिक भएको कारणबाट कतिपय समयमा यो दलगत जस्तो पनि देखा पर्दथ्यो। त्यतिखेर मानवअधिकार आन्दोलनको प्राथमिकता राजनीतिक आन्दोलनलाई सघाउनु थियो। त्यसबेला मानवअधिकार संस्था र कार्यकर्ताहरू "व्यवस्था" विरोधीकै श्रेणिमा राखिएका थिए र स्वाभाविक पनि थियो। मानवअधिकार आन्दोलन झ्वाट्ट हेर्दा कम सामाजिक र बढी राजनीतिक देखिन्थ्यो।

२०४६ सालको जनआन्दोलन पश्चात् अल्प समयको लागि यो बढी सामाजिक चरित्रको देखियो। जनआन्दोलनका घाइतेहरूको उद्धार, शहादत प्राप्त गरेको परिवारलाई सहयोग, शहीदहरू प्रति सम्मान इत्यादि यसको प्राथमिकता भित्र पर्‍यो। यसले क-कस्लाई थुनामा राखेको छ, कस्को राजनीतिक अधिकार हनन भयो भन्ने भन्दा पनि उपचार र सहयोगमा आफूलाई बढी संलग्न गराउनु परेको थियो। मानवअधिकार संस्थाहरूले घाइते र शहीदका छोराछोरीको पढाईको व्यवस्थामा समेत आफूलाई संलग्न गराउनु पर्‍यो। त्यसको साथै संविधानको निर्माण हुने प्रक्रिया थालनी भएपछि संविधानलाई बढी मानवअधिकारप्रति प्रतिबद्ध बनाउने भन्ने बारेमा मानवअधिकार संस्था एवं मानवअधिकार कर्मीहरू लागि पर्नुपर्‍यो। पञ्चायती व्यवस्थाका बेलामा भएका ज्यादतीहरूको छानवीन र त्यसबेला बेपत्ता पारिएका व्यक्तिहरूको खोजी, कतिपय अन्तर्राष्ट्रिय मानवअधिकार अनुबन्धहरूमा नेपालको राष्ट्रिय प्रतिबद्धता जाहेर गर्न लगाउनु उस्को प्राथमिकता भयो। जनआन्दोलनको केही समयपछिको यसको सामाजिक प्राथमिकता अब बढी Advocay तिर भयो। Loby र Advocy मा मानवअधिकार आन्दोलनको संलग्नताको प्रतिफलले मल्लिक आयोग गठन, बेपत्ता पारिएका मानिस पत्ता लगाउने समिति र सन् १९७७ को राजनीतिक तथा नागरिक अधिकार र आर्थिक-सामाजिक एवं सांस्कृतिक अधिकारको संयुक्त राष्ट्र संघीय अभिसन्धिमा नेपाललाई राज्य पक्ष बनाउनु रह्यो। संगसंगै नेपाल अधिराज्यको संविधानको निर्माणमा पनि यसले उल्लेखनीय भूमिका खेल्यो। तत्कालीन अवस्थामा कतिपय बेलामा मानवअधिकार कर्मीहरूले आफूलाई सडकमा ल्याउन बाध्य भए। दरबारले हस्तक्षेप गरी संविधान आयोगको घोषणा गरेको विरोधमा र आयोगले संविधान निर्माण गर्ने प्रक्रियामा लाग्दा लाग्दैको स्थितिमा अनाधिकार रूपबाट अर्को संविधानको खेस्रा बाहिर ल्याएको विरोधमा सशक्त रूपमा मानवअधिकार आन्दोलन लागि पर्नु पर्‍यो। ०४७ सालदेखि एक वर्षको अवधिमा मानवअधिकार आन्दोलनको चरित्र सामाजिक, राजनीतिक दुवै नै थियो। संविधानको घोषणा पश्चात ०४८ सालमा सम्पन्न आम चुनावमा पनि मानवअधिकार कर्मीहरूको संलग्नता उल्लेखनीय छ। संसारका अरू नवोदित प्रजातन्त्रहरूमा कमै मात्रामा देखिएको मानवअधिकार संघ संस्थाहरूको चुनावमा संलग्नता नेपालको सन्दर्भमा भने व्यापक रूपमा देखियो।

एकातिर चुनावलाई निष्पक्ष बनाउने तर्फ उनीहरू लागि परे, जस्को लागि व्यापक जन संलग्नता र परिचालन आवश्यक थियो भने पंचायत कालमा पनि हुने गरेको चुनाव र प्रजातन्त्र भित्रको चुनावको भिन्नता व्यापक जनतालाई बुझाउँदै निर्दलीय व्यवस्थाका हिमायतीहरूलाई जनताबाट चुनिन सक्ने सम्भावना न्यून गराउने पनि मानवअधिकार आन्दोलनको एउटा

आजको मुद्दा

सरकारप्रतिको आलोचना र आर्थिक अधिकारको प्रत्याभूतिको मागले गर्दा मानवअधिकार आन्दोलनको राजनीतिक दलहरू सित विस्तारै दुरी बढ्न थाल्यो। यो बढी निरपेक्ष चरित्रको बन्न थाल्यो। यसको प्राथमिकताभित्र जनताको आर्थिक अधिकार पर्न थाल्यो। मानवअधिकार आन्दोलन द्रुत गतिमा शहरबाट गाउँ प्रवेश गर्न थाल्यो। जनताको साक्षरता र सामाजिक विकासमा उनीहरूको संलग्नता बढी हुन थाल्यो। उनीहरूको जनस्तरसम्मको फैलावटमा द्रुतता देखा पर्‍यो। कुना कन्दरासम्म मानवअधिकार संस्थाहरू पुग्न थाले। जन सामिप्यमा तिब्रता आयो।

दायित्व र प्राथमिकता बन्न पुग्यो। ०४८ सालको चुनाव अघिको आन्दोलनले फेरि बढी राजनीतिक रूप धारण गर्न पुग्यो। तत्कालीन अवस्थामा सक्रिय रहेका सबै संस्थाहरू मतदाता शिक्षामा होस् वा निर्वाचन पर्यवेक्षणमा संलग्न भएर होस् प्रजातन्त्रको संस्थागत विकासको काममा लागि परे। उनीहरूले ठोस र उपलब्धीपूर्ण योगदान पनि गरे।

०४८ सालको आम चुनाव पछि देशमा बहुदलीय व्यवस्था संवैधानिक रूपमा पनि प्रतिस्थापित भएर राजकीय काम संचालन गर्न थाल्यो। जनतालै नागरिक र राजनैतिक अधिकारको प्रत्याभूति पाए। जनता सार्वभौम बन्यो। तर सरकारबाट जनताको आकांक्षा माथि लगातार कुठाराघात भई राख्यो। सरकारले पंचायती शासकको ज्यादती दबाउन अघोषित सम्झौता गरी सकेको थियो। मल्लिक आयोगको प्रतिवेदनलाई विवादास्पद बनाउँदै पूरै बेवास्ता गर्ने प्रयास भयो। सार्वभौम संसदको अधिकारमाथि हस्तक्षेप भयो, जसले गर्दा देशमा अशान्तिको स्थिति देखा पऱ्यो। तीन वर्षे बालकदेखि ४ तलामा बसेकी युवतीसम्मलाई पनि प्रहरीले गोली हानी हत्या गरे। यस्तो स्थितिले मानवअधिकार आन्दोलन एकातिर विस्तारै सरकारको ज्यादतीको विरोध गर्ने एउटा आलोचकको रूपमा प्रस्तुत हुने स्थितिको सृजना भयो भने अर्कोतिर जनता र सरकार दुवैमा मानवअधिकारप्रतिको चेतना आवश्यक भएको महसुस भयो।

देशमा जनतालै राजनीतिक अधिकारको उपभोग गर्ने अवस्था भएता पनि आर्थिक रूपमा ज्यादै अशक्त समुदायले आर्थिक परनिर्भरताको अवस्थामा राजनीतिक अधिकारको उपभोग गर्ने कुरा पनि उपहास मात्र भयो। सुदूर तथा मध्य पश्चिमाञ्चलका जिल्लामा विद्यमान कमैया प्रथा जुन बाँधा श्रम प्रणाली भित्रैबाट संचालित भएको थियो- यसलाई समाप्त पार्न लागी पर्नु मानवअधिकार आन्दोलनको प्राथमिकता बन्न पुग्यो। विस्तारै राजनीतिक तथा नागरिक अधिकारको लागि बढी क्रियाशील रहेका मानवअधिकार कर्मीहरूले आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको लागि लाग्नु पर्ने स्थिति टङ्कारो रूपमा प्रस्तुत भयो।

पहिले बढी रूपमा राजनीतिक आन्दोलनमा संलग्न र सामिप्य भएको मानवअधिकार आन्दोलन यसबाट आर्थिक र राजनीतिक दुवै क्षेत्रमा संलग्न हुन

थाल्यो। सरकारप्रतिको आलोचना र आर्थिक अधिकारको प्रत्याभूतिको मागले गर्दा मानवअधिकार आन्दोलनको राजनीतिक दलहरू सित विस्तारै दुरी बढ्न थाल्यो। यो बढी निरपेक्ष चरित्रको बन्न थाल्यो। यसको प्राथमिकताभित्र जनताको आर्थिक अधिकार पर्न थाल्यो। मानवअधिकार आन्दोलन द्रुत गतिमा शहरबाट गाउँ प्रवेश गर्न थाल्यो। जनताको साक्षरता र सामाजिक विकासमा उनीहरूको संलग्नता बढी हुन थाल्यो। उनीहरूको जनस्तरसम्मको फैलावटमा द्रुतता देखा पऱ्यो। कुना कन्दरासम्म मानवअधिकार संस्थाहरू पुग्न थाले। जन सामिप्यमा तिव्रता आयो। यसले उसको प्राथमिकतामा पनि परिवर्तन आउन थाल्यो। कृषि श्रमिक, कमैया, हलीया, छुवाछूत, महिला र बालबालिका इत्यादि उसको प्राथमिकता बन्न पुग्यो। ०४७-०५१ को अवधि भनेको मानवअधिकार संस्थाहरूको फैलावको अवस्था रह्यो। यो बीचमा मानवअधिकार संस्थाहरूले उल्लेखनीय प्रगति गरेको पाइन्छ।

०५२ साल फागुनमा नेकपा (माओवादी) ले नयाँ जनवादी क्रान्तिको आह्वानका साथ जनयुद्धको घोषणा गर्न पुग्यो। शुरूमा ४० वुँदे मागबाट शुरू भएको यो आन्दोलनप्रति सरकार ज्यादै नकारात्मक रह्यो। विचारको आधारमा दमनमा तिव्रता आयो। जनतामाथिको निर्मम दमनको फलस्वरूप हिंसामा वृद्धि भयो। वर्ग शत्रुलाई सजाय दिने नाममा माओवादीद्वारा हत्या र माओवादी भएको शंका लागेकै भरमा व्यापक जनहत्या प्रारम्भ भयो। हालसम्म तीन सय जना भन्दा बढी निहत्था जनतालै रगत बगाई सकेका छन्। रोल्पाबाट शुरू भएको यो सिलसिला अब नेपालको मध्य पहाडी भागको अधिकांश र तराई भागको पनि उल्लेख्य स्थानमा पुगिसकेको छ। सरकार दिनप्रतिदिन निरंकुश बन्दै गएको छ भने माओवादीहरू असहिष्णु।

यस्तो अवस्थामा शान्तिको लागि काम गर्नु मानवअधिकार आन्दोलनको प्राथमिकता भएको छ। यस बीचमा भएका मूल्य र मान्यतामा ह्रास तथा बढ्दो हिंसाले पूरै समाज प्रभावित बनेको छ। स-साना गाउँहरू पनि हिंसा र प्रतिहिंसाको चपेटामा परिसकेका छन्। सरकार र सरकारमा सहभागी दलहरू किंकर्तव्य विमुढ भएका छन्। देश अब पूरै हिंसाको भुमरीमा परेको छ। यसले गर्दा नेपाली समाजको शान्तिकामी चरित्र बढी हिंसात्मक र असहिष्णु बन्न पुग्दै छ। इतर विचार राख्नेप्रति असहिष्णुतामा ज्यादै वृद्धि भएको छ। सरदर दिनहुँ एक जनाको हत्याको सिलसिलाले राष्ट्र नै जनहत्या प्रति संवेदनशील बन्न छाडेको महसुस हुन थालेको छ। समाजमा नराम्रो विघटन र विभाजन हुँदै गरेको छ। एकले अर्काको समुल नष्ट गर्ने गरी राजनीतिक दलहरू "युद्ध" मा अगाडि बढ्दैछन्। विखण्डनकारी र निरंकुशतावादी शक्तिहरू "धामिलो पानीमा माछा मार्ने" उद्यत भएका छन्।

यस्तो वर्तमान अवस्थामा मानवअधिकार कर्मीहरूको काँधमा फेरी एक पटक गहन दायित्व आएको छ। देशमा बढ्दै गएको यस्तो आतङ्कपूर्ण स्थितिमा उनीहरू मौनता वा फगत वक्तव्य वा केही



मागिएको वा दमन-यातनामा परेको स्थलगत प्रतिवेदन प्रकाशित गरेर मात्र बस्न सक्दैनन्। प्रजातन्त्र र जनअधिकार अनि शान्तिमाथि आएको यो खतराप्रति संवेदनशील बन्नु आजको चुनौति हो र यसलाई स्वीकारेर अगाडि बढ्नु आवश्यक भएको छ।

अहिले समाज सुधार वा अन्य कतिपय कामलाई थाती राखेर भए पनि शान्तिको लागि काम गर्नु मानवअधिकार आन्दोलनको प्राथमिकता बन्न पुगेको छ। यसैलाई मध्यनजर राखी एक महिने शान्ति अभियानको थालनी गरेका छन्- मानवअधिकार कर्मीहरूले। मानवअधिकार आयोगको स्थापाना, हत्या बन्द गर्ने र शान्तिको पहल गर्ने माग सहित शुरू भएको यस आन्दोलनले व्यापक जन समर्थन बटुल्दैछ।

सरकारले जनताको हत्या बन्द गर्नु पर्छ र माओवादीहरूसित समस्याको शान्तिपूर्ण समाधानको बाटो खोज्नु पर्छ भने माओवादीहरूले पनि समाज परिवर्तनको नाममा हत्याको बाटो छाड्नु पर्छ र शान्तिको बाटोमा आउनु पर्छ भन्ने मानवअधिकारकर्मीहरूको माग छ। वार्ताको वातावरण आजको प्राथमिक आवश्यकता हो। जसको लागि मानवअधिकार आन्दोलन कृतसंकल्पित छ।

मानव विकास प्रतिवेदन र नेपाल

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (युएनडिपी) ले गत भदौ २५ गते मानव विकास प्रतिवेदन सार्वजनिक गरेको छ । विश्वका १ सय ७४ राष्ट्रहरूका बारेमा उल्लेख गरिएको उक्त प्रतिवेदनमा नेपाल १ सय ५२ औं स्थानमा रहेको उल्लेख गरेको छ ।

विश्वमा नै सबैभन्दा बढी घूमपान गर्नेमा नेपालीहरू रहेका प्रतिवेदनले बताएको छ भने मादक पदार्थ सेवनमा पनि यो निकै अगाडि रहेको छ । अन्य प्रतिवेदनमा उल्लेख भएअनुसार विकासशील देशहरूका अम्मलीले प्रतिवर्ष प्रतिव्यक्ति १ सय ६० खिल्ल चुरोट पिउँछन् ताकि नेपाली भने यो संख्या ३ सय ४१ खिल्ली छ । जुन समकक्षी राष्ट्रहरूका तुलनामा निकै बढी र अप्रत्यासित पनि छ ।

मानव विकास प्रजातन्त्र पुनर्स्थापनापछिका ५ वर्षमा उल्लेख्य वृद्धि भएको चर्चा गर्दै प्रतिवेदनमा लेखिएको छ- सन् १९७० को दशकको मानव विकासको वृद्धिदर २.७ भएकोमा सन् १९९२-१९९५ को वृद्धिदर बढेर ७.२ पुगेको छ । अनय विकासशील देशहरूका जनताको तुलनामा नेपाली धेरै खान्छन् तर प्रोटिनको मात्रा भने हाराहारिमा छ । प्रतिवेदनमा लेख्छ- विश्वका करीब ४२ अर्व मानिसमध्ये ४० प्रतिशत आधारभूत आवश्यकताबाट समेत बञ्चित छन् । यसबाट के देखिन्छ भने नेपालीहरूको ठूलो संख्या पनि त्यही ४० प्रतिशतको कुवामा छिर्न बाध्य छ ।

धनी राष्ट्र भनेर कहलाएका देशका १० करोड वयक्ति अझै गरिवीको छट्पटाहटमा बाँच्न विवश भएको तथ्य अघि सारेर प्रतिवेदनले देश धनी हुँदैमा व्यक्तिको स्तर त्यही रूपमा उठ्नै पर्छ भन्ने नभएको स्पष्ट गरिएको छ । त्यस्ता देशहरूमा बढेको भोकमरी, बेरोजगारी र सुकुम्बासी हुने समस्याले त्यस्ता देशहरूलाई सोच्न पनि प्रतिवेदनले विवश गराएको छ । मानव विकास प्रतिवेदन १९९८ नामक उक्त प्रतिवेदन अनुसार वर्तमान विश्वको सम्पन्न मानिने अमेरिकाका २० प्रतिशत जनता निरक्षर रहेको तथ्य पनि उजागर गरिदिएको छ ।

क्यानडा सबैभन्दा माथि रहेको उक्त प्रतिवेदनले ठहर दिएको छ । त्यसैगरी विश्व उपभोग खर्चको ८६ प्रतिशत भागमा २० प्रतिशतले मात्र कब्जा जमाएको र बाँकी १४ प्रतिशतमा मात्र ८० प्रतिशत निर्भर रहनु पर्ने रोचक तर सोचनीय तथ्यांक पनि प्रतिवेदनमा सविस्तार व्याख्या गरिएको छ । नेपालका लागि पनि यो प्रतिवेदन गौरवकै विषय बनेको छ, किनकि नेपालले गत वर्षभन्दा दुई वटा देशलाई यस पटक तल पारेर पौरख गर्न सकेको छ ।

स्वास्थ्य क्षेत्रको प्रगति नगण्य रहे पनि खाद्यान्न आपूर्ति, उपभोग स्थिति र औषत आयु वृद्धिमा नेपालको स्थिति सन्तोषप्रद् रहेको देखिन्छ । आयु वृद्धिदर विगत २० वर्षदेखि प्रतिवर्ष आठ महिनाका दरले बढेको पनि त्यहाँ उल्लेख छ । "मानवीय विकासका लागि उपभोग" नारा रहेको यस वर्षको प्रतिवेदनमा मानव विकासका लागि राष्ट्रहरूले धनी र गरीववीचको उपभोगको दुरी घटाउन प्रयास गर्नुपर्ने पनि बताइएको छ । धनी र गरीव मुलुक बीचको असमाताको खाडल बढ्दै जानुलाई पनि प्रतिवेदनमा चिन्ताका साथ उल्लेख गरिएको छ ।

चिन्ता र चासोमा केन्द्रित मानवअधिकार

- सुरेश आचार्य
महासचिव (पत्रकार महासंघ)

अहिले नेपालमा मानवअधिकारको स्थितिको प्रश्न उठ्ने वित्तिकै एउटा राजनीतिक समस्या जोडिन्छ- माओवादी जनयुद्धको। यो समस्या उत्पन्न भएको अढाइ वर्ष बितिसकेको छ। यस अवधिमा तीनवटा सरकार परिवर्तन भएको छ र अहिले चौथो सरकारले मुलुकमा शासन गर्दैछ। जनयुद्धको प्रारम्भका बेला सत्ताशिन प्रधानमन्त्री शेरबहादुर देउवाले हालै जनयुद्धका बारेमा हल्का ढंगले टिप्पणी गर्नुभएको छ। उहाँका कथनको सार छ - डा. बाबुराम भट्टराई ४० सूत्रीय माग लिएर आउनु भएको थियो तर उहाँ माग पूरा होस् भन्ने पक्षमा हुनुहुन्नथ्यो, तत्कालीन प्रधानमन्त्री देउवाले यो चाहिं लुकाउनु भएको छैन- "राजतन्त्र नै समाप्त गर्ने जस्ता संविधान विपरित माग पूरा गर्न सक्दिन भनेर मैले उहाँलाई भनेको थिएँ।"

माओवादी जनयुद्ध शुरू भएपछि सरकार र युद्धकारी पक्ष दुवैबाट मानवअधिकारको उल्लंघन भएको छ। युद्धकारीहरूले जनहत्यालाई आधार बनाएर राज्य सत्ता कब्जा गर्ने लक्ष राखेका छन्। भाषागत रूपमा माओवादीको विश्लेषण फरक होला। तर उनीहरूको निष्कर्ष चाहिं यही हो। उनीहरूले यो यथार्थलाई लुकाएर सफलता प्राप्त पनि हुँदैन। मुलुकमा शान्ति सुव्यवस्था कायम गर्नु राज्यको दायित्व हो। त्यसैले माओवादी गतिविधि तीव्र भएका ठाउँमा सरकारले उनीहरूका गतिविधि नियन्त्रण गर्न खोज्नु स्वभाविक हो। यहाँ अस्वभाविक चाहिं के भएको छ भने राज्यका लागि माओवादी वा अर्को कुनै नेपाली नागरिक समान हुन्। तर राज्यले दुबै पक्षमाथि समान व्यवहार गर्न सकेको छैन अथवा चाहेको छैन। माओवादीले उसले आफ्नो उद्देश्य अनुरूप नै कसैको हत्या गरेको छ भने त्यो मानवअधिकारको उल्लंघन हो। मानवअधिकारको उल्लंघन गर्नेमाथि कानून बमोजिम कार्वाही गरिनु पर्छ। हत्याको बदला हत्या गरिनु, अत्यन्त अप्रजातान्त्रिक शैली हो, जसका विरूद्ध अहिले सरकारमा बस्नेले लामो लडाईं लडेका छन्। त्यसबेला राज्यले गरेको हत्या जायज हुन सक्छ, जब माओवादीले भैं सरकारले पनि उसका विरूद्ध युद्धको घोषणा गर्दछ। अन्यथा सरकारसंग अभियुक्तलाई कार्वाही गर्ने थुप्रै संयन्त्र छन्। यस्ता संयन्त्र अपुग भए भनेर फेरि निरंकुश शैलीलाई पछ्याउनु पर्ने कुनै कारण छैन। मानवअधिकारको खोजी प्रजातान्त्रिक शासन व्यवस्थामा मात्र संभव हुन्छ यसैले प्रजातन्त्रको सुदृढीकरणका लागि नयाँ संयन्त्रहरू अबलम्बन गर्नुपर्‍यो भने त्यसका निम्ति हिच्किचाउनु चाहिं पर्दैन्।

माओवादी जनयुद्धका सन्दर्भमा धेरै मानवअधिकारवादी संगठनहरूले अध्ययन र सर्वेक्षण गरेका छन्। तर मानवअधिकारवादी संस्थाहरू पनि स्वतन्त्र र निष्पक्ष हुन सकेका छैनन्। राज्यले आफूलाई सुरक्षा दिन्छ भन्ने कुरामा विश्वास नभएर हो वा माओवादीप्रतिको सहानुभूतिका कारण अथवा माओवादीहरूबाट अनावश्यक रूपमा आक्रमणको तारो बनाइन्छ भन्ने भयले होस्- माओवादीका तर्फबाट भएका उल्लंघनका घटनाको मानवअधिकावादी संस्थाहरूले यथार्थ चित्रण गरिरहेका छैनन्। माओवादीका तर्फबाट नृशंस हत्या भएको छ। हत्याका विवरणले सामान्य मानिसको आङ्ग जिरिङ्ग गर्छ। हातखुट्टा काट्ने, शरीरलाई छियाछिया पारेर काट्ने र त्यति गरेका खण्डमा पनि नमरेमा मात्र टाउको छिनाल्ने जस्ता विभत्स घटनाले कुनै क्रुर तानाशाहको हुकुमी आदेशको सम्झना जो कसैलाई गराउँछ। यी विवरणहरू भयमुक्त भएर बाहिर आएका छैनन्।

मानवअधिकारवादीहरू निर्भयको स्थितिमा नरहेका कारण सरकारलाई माओवादीका नाममा निहत्था नागरिकको हत्या गर्न प्रोत्साहन मिलेको छ। सरकारले जनयुद्धका पक्षधर वा समर्थक वा विचारका समर्थकलाई मात्र जुनढंगले प्रताडित गरेको छ- माओवादीहरू अहिले जनयुद्धलाई त्यसैको प्रतिशोधका रूपमा अगाडि बढाइरहेका छन्। प्रतिशोध नै भए पनि माओवादीहरू जति व्यवस्थित र संयमित ढंगमा पाइला चाल्दैछन्, त्यसको विरोधीहरूले पनि किन प्रशंसा गरेका छन् भने सरकारले झैं उनीहरूले आत्तिएर हताशमा कार्वाही गरेका छैनन्। प्रारम्भिक चरणमा सामन्तहरूको हत्यामा केन्द्रित जनयुद्धहरू यतिबेला छानी छानी विपक्षी नेताहरूको हत्यामा पुगेको छ। किनकी सरकारले पनि शान्तिपूर्ण जीवन बिताएर जनयुद्धको सफलताको कामना गर्नेमाथि शंकाकै भरमा छानी छानी हत्या गरेको छ। मानवअधिकारवादीहरू निष्पक्ष हुनुपर्ने आग्रह यसकारण हो कि सरकारले मात्र उल्लंघनकारी कार्य गरेको कुरालाई मात्र प्राथमिकता दिंदा त्यसलाई एकपक्षीय भनेर प्रचार गर्न सरकारलाई सजिलो पर्छ र सरकारमा कसैप्रति जिम्मेवार नहुने भावनाको विकास हुन्छ। अहिलेको अवस्था त्यो भन्दा भिन्न छैन।

दुवै पक्षबाट मानवअधिकार उल्लंघन प्रतिशोधका रूपमा शुरू गरिएपछि समाधानको उपाय के हुन सक्छ? मानवअधिकारका दृष्टिकोणले मात्र भन्ने हो भने दुवै पक्षले मानिसलाई यातना र पीडा दिन छाडेपछि समाधान भयो भन्न सकिन्छ। तर माओवादीहरूले उठाएको सवालले यति मै समाधान भएको मान्न दिंदैन। विचारको लडाईंमा शान्तिपूर्णढंगले राज्यसत्ता हात पार्न सकिन्छ भन्ने कुरा नेपाल कै सन्दर्भमा पनि पुष्टी भएको छ। उनीहरूलाई यो बाटोमा ल्याउने उपाय के हुन सक्छ? यो उपायको खोजी गर्ने सन्दर्भमा तत्कालीन प्रधानमन्त्री देउवाले गर्नु भएको टिप्पणी हल्का नै भएपनि चूरो चाहिं त्यसभित्र लुकेको हुन सक्ने भएकाले यथार्थको धरातलमा सरकार, माओवादी र सबै राजनीतिक दलहरू ओर्लन सक्नु पर्छ। राजनीति मुलुक निर्माणका लागि हो भन्ने सहमतिको विन्दु पहिल्याउन कसैले कन्ज्युस्याईं गर्नु पर्दैन। मानवअधिकावादीहरू पनि यस निम्ति सहायक हुन सक्छन्। सरकारका लागि राजनीतिक स्थिरेताका निम्ति यो समस्या समाधान गर्न जति आवश्यक छ, मानवअधिकारवादीहरूका लागि मानवअधिकारको पूर्ण प्रत्याभूति त्यति नै महत्वपूर्ण छ।

कुसाइत कस्लाई ?

– कणाद महर्षि

जाडो महिना खुबै छिप्पिएको छ। तुपारो परेको विहान अलि चाँडै घाम लाग्छ। कुहिरो लागेको दिन त कुरै गर्नु पर्दैन, दश एघार बजेसम्म सुइ सुइ गर्नु पर्छ, सूर्यको राषबाट जीउ तताउने रहर त्यसै सेलाउँछ।

आज पनि सिङ्गै शहरलाई कुहिरोले ढ्याम्मै छोपेको छ। वीस, पच्चिस गज परको वस्तु चिन्न पनि धौ धौ पर्छ।

कुरा गर्ने मन छैन। साँचो भनुँ केही गर्ने इच्छा छैन। यो हुस्सुले विहान देखिने आज मेरो मनको रमाइलोपन भागेको छ। ठट्टा गर्नुपर्ने मेरा वानीका पंक्तिहरू विलाएका छन्। हुन त नपर्ने हो यस्तो तर के भो-भो।

देखेको अरू केही होइन, सिघाय एउटा माग्ने बूढा। दुवै घुँडा प्वाल परेको सुरूवाल, धेरै ठाउँमा च्यातिएको दौरा, त्यसमाथि निकै ठाउँमा टालेको फाटेको डस्टकोट लगाएको चाहुरिएको अनुहार, कुप्रिएको ढाड, कठ्याग्रिएको हात-गोडा र जाडोले लुगलुगाइ रहेको सिङ्गै शरीर-बूढा।

कसो-कसो मलाई असाध्यै विज्यो-वा ! तिम्रो जीर्ण-जीर्ण आकृतिले मलाई छिया-छिया विदीर्ण पाऱ्यो। मेरा विचारका श्रृंखलामा असंख्य यस्तै बृद्धका अनुहारहरू पाले-पालो चियाउन थाले। असहय भएँ आफै भित्र। मेरो आवाजले यो ढसमस्म कुहिरो फुटालेर सूर्य भित्र्याउने कहिले होला नि !!

बूढाले भरथेक सहाराको लागि लठ्ठी समाएका छन्। नर्कटको लठ्ठी!

नर्कटको लठ्ठी कति बलियो होला र। सायद बूढा जत्तिकै निर्वलियो छ यो लठ्ठी। लठ्ठी जत्तिकै निर्वलिया छन् बूढा। अथवा बूढा र लठ्ठी दुवैको आयु उत्तिकै समान छ अबको निम्ति।

कुप्रिएको उमेरमा मागेरै पेट पालिरहेका यी बूढा, देख्दा भलादमी जस्तो एउटा मान्छेको अगाडि गएर उभिन्छन्। जाडोले काम्दै हात पसार्छन् :

– हजूर! बूढो मान्छे !! गरीब मान्छे ! काम गर्न सक्दिन ! हजूरको जय होस्! जिन्दगी भरी साहित नै साहित परोस्।

– छि ! छि ! कस्तो अपसगुन। कुन कुसाइतमा निक्लेछु म घरबाट।

विहान विहान देखि माग्ने उभिन्छ अघिल्तिर। छि ! घिनलाग्दो बूढा! जा हट ! बूढा विस्नारि पाइलो फर्काउँछन्।

बूढालाई धपाएपछि भलादमी एक्लै फत्फताउँछ – के काम वन्ला अब! कठाग्रिंदै पन्छिएका बूढाको अनुहार पढ्ने कोशिश गर्छु म। लाग्छ बूढा सोच्दैछन्– नकाम गरे मैले। बाबुसाहेब जस्ता मान्छेलाई कुसाइत पारे मैले। आफ्नै लागि पनि राम्रो गर्न सकिन। यस्तो जाडोमा त्यस्तो बाक्लो स्वीटर, त्यति लामो ओभरकोट, भुवै भुवाको पन्जा, रहर लाग्दा जुत्ता, टोपी र नरम राम्रो गलवन्दी गुँथेका बाबु साहेबले सके रुपिया नभए मोहर पक्कै पनि दिनेछन् भन्ने विश्वास लागेर सबभन्दा पहिला आज उनीसंग मागेको व्यर्थ भो, खेर गो। सके आज साइत नपर्ने पो हो कि हरे ! कस्तो विडम्वना !! एउटा मान्छे – त्यो बाबु साहेव, को अगाडि अर्को मान्छे– यो बूढा घिनलाग्दो बन्यो, अपसगुन पाऱ्यो।

भन्न मन लाग्छ– वा आज तिमीले त्यो बाबुसाहेबसंग मागेर आफूलाई साहित पारेनौ।

सडकमा कुहिरो छेडेर मोटर दगुर्छ। मोटरको बेगले दायाँ बायाँ चिसो सिरेटो हुत्याउँछ। छेउ लागेको माग्ने बूढालाई ज्यादै ठिहिऱ्याउँछ। तैपनि किन हो बूढाले त्यो बाबु साहेबलाई फेरि एकचोटी फर्केर हेरे। कता कता बूढा कामेको स्वरले बोलिरहेको हुन्छ– मेरो छोरा र त्यो बाबु साहेबको उमेर झण्डै एकै होला। भर्ति हुन गएको छोरो फर्केन र पो। फर्केको भए पक्कै पनि मेरो लागि एउटा विदेशी उनीको रग ल्याएको हुन्थ्यो होला। एउटा स्वाकी स्वीटर दिन्थ्यो होला। जाडोमा उसले न्यानो गरी बिनाएको कुरा सुनाउँथ्यो होला। .... । घर भासिन दिन्थेन होला। बारी भासिन जोगाउँथ्यो होला। म पनि यसरी नासिन्न थिएँ होला।

कुहिरो उम्रेको छैन। बूढा काँपिरहेकै छन्। उनलाई अझ माग्नु नै छ। म सोच्छु – बूढालाई बाबु साहेबले केही दिएन त भैगो, दिनै पर्ने कुनै कर थिएन। नदिए पनि गाली र घृणा त नगर्नु पर्ने हो, कुनै अधिकार थिएन। ल भैगो गाली र घृणा पनि गऱ्यो रे, बाबु साहेबको अभिमानले माग्नेलाई मान्छे नठानेर। तर सबभन्दा हुनु नपर्ने कुरा यो भयो– अलच्छिना त्यो बाबु साहेब देखेर बूढाभित्रका पुराना घाउहरू उप्किए। बूढाले छोरा संझिए, घरबारी संझिए र संझिए विगत। यो ज्यादै दुख्ने घाउको पीडाले जाडोमा काँपिरहेको बूढालाई नराम्रोसंग ढालिदिन सक्छ।

त्यसैले त यस्ता बाबु साहेबलाई राम्रोसंग ढालि दिनुपर्ने भनेको।

बूढाको शिरमाथि पेटीको रूखमा जमेको शीत खस्छ। उनी लुगलुगाउँदै वाटो काट्न खोज्छन्। नजिकैको अनुहार चिन्न अप्ठेरो पर्ने कुहिरो भित्र फेरि एउटा मोटर बेतोडले हुँडकिन्छ। माग्ने बूढा थर्थराउँदै उभिन्छन्। दायाँ बायाँ हेरेर पुनः वाटो काट्छन्।

दाह्रीमा भिजेको शीत पुछ्न लाग्दा पनि बूढाको हात कामेकै छ। बढेको दम समाल्न एकछिन उभिंदा पनि शरीर लुगलुगाएकै छ। दाताको छेउ पसार्दा पनि हात कामेकै छ। समाएको नर्कटको लठ्ठी थर्थराएकै छ।

चावेल, काठमाडौं-७

निश्वार्थ राजनेता

– आत्माराम शर्मा

"प्रजातन्त्रका निर्भिक सेनानी, मानवअधिकारप्रति सचेत राजनेता, "नेपालको प्रजातान्त्रिक आन्दोलनमा तपाईंले खेल्नु भएको भूमिका अत्यन्तै प्रशंसनीय छ। जहानियाँ निरंकुश राणा शासनको विरूद्धमा होस् या २०१७ साल पछिको निर्दलीय तानाशाही व्यवस्था, तपाईं सधैंभरि निरंकुशता र तानाशाहीका विरूद्ध निरन्तर जुत्दै आउनु भयो। राणा शासन र पंचायती शासनका अगाडि रतिभर नझुकी दृढ, शाहस, कठोर संकल्प र उन्नत स्वाभिमानकासाथ तपाईंले प्रजातन्त्रका लागि अनवरत संघर्षको नेतृत्व गरि नै रहनु भयो ..... तपाईंले जुनसुकै समयमा पनि मानवअधिकारलाई प्रमुख विषयका रूपमा उठाउँदै आउनु भयो। फलत! तपाईं संयुक्त राष्ट्रसंघीय मानवअधिकार पुरस्कारबाट समेत सम्मानित बन्नु भयो .... तपाईं जस्तो व्यक्तिलाई अभिनन्दन गर्न पाउँदा हामी मानवअधिकारवादीहरू अत्यन्त हर्षित छौं। नेपाल र नेपालीको लागि तपाईंले दिनु भएको योगदान, तपाईंले गर्नु भएको त्याग, तपाईंले गराउनु भएको मार्गदर्शन इतिहासमा स्वर्ण अक्षरले लेखिने छ भन्ने विश्वासका साथ तपाईंको जीवनमा उच्चतम सफलताको कामना गर्दै हृदय देखिनै तपाईंलाई अभिनन्दन गर्दछौं।"

यी शब्द स्व. गणेशमान सिंहको सम्मानमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लगायत् पाँचवटा विभिन्न मानवअधिकारवादी संस्थाहरूद्वारा ०५१ चैत २७ गते इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९४ को विमोचनका अवसरमा नेपालका प्रजातान्त्रिक आन्दोलनका सेनानी स्व. गणेशमान सिंहलाई प्रदान गरिएको अभिनन्दन पत्रमा उल्लेख गरिएका शब्द सुमन हुन्।

आज स्व. गणेशमान सिंह हाम्रो सामु नरहनु भएको एक वर्ष बितेको छ। यस बीच काठमाण्डौको वागमती र विष्णुमती नदीमा धेरै पानी बगिसकेको छ। गौरवमय इतिहासका युग पुरूष र राजनेताको अभावमा नेपालको राजनीतिको आरोह अवरोहमा धेरै नै दुषित पाशाहरू पल्टिसकेका छन्। करीब ५ दशकसम्म राष्ट्र र जनताको लागि निश्वार्थ रूपमा स्व. गणेशमान सिंहले निश्चल राजनैतिक जीवन बिताएर जानुभयो। यो उहाँको गौरवमय र हालसम्म अलिखित रहेको विरासतबाट पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका नेपाली जनता परिचित छन्। नेपालमा मात्र होइन छिमेकी मित्रराष्ट्र लगायत् विश्वका अन्य देशमा समेत उहाँको सुवास फैलिएको थियो। त्यो निडर, शाहसिक लौह पुरूष, नेपालको प्रजातान्त्रिक आन्दोलनका अथक योद्धा र ०४६ सालको ऐतिहासिक संयुक्त जनआन्दोलनका कमाण्डर श्रद्धेय गणेशमानको दुःखद देहान्त ०५४ असोज २ गते विहान करिव ३ बजे उहाँकै निवास क्षेत्रपाटीमा भएको थियो। उहाँको जन्म १९७२ कार्तिक २४ गते काठमाण्डौमा भएको हो। सुब्बा ज्ञानमान सिंह र सानुनानी श्रेष्ठ (सुभद्राकुमारी) को उहाँ सुपुत्र हुनुहुन्थ्यो।

देशमा एक शताब्दीदेखि शासन गर्दै आएको निरंकुश जहानियाँ राणा शासनको थिचोमिचो र अन्यायवाट देशको मुहार नुहिरहेको, जनताहरू राणाहरूको छायाँ देखि पनि थरथराएर काँपी रहेको समयमा उहाँले त्यो क्रुर राणाशासन खतम गर्ने अठोटकासाथ राजनीतिमा प्रवेश गर्नुभएको थियो। अन्यायी र अत्याचारी राणा शासनको त्यो समयमा उहाँले गर्नुभएको योगदान र समर्पणको इतिहास हामी सबैले केही पढेका र सुनेका छौं। स्व. सिंहले प्रजातान्त्रिक आन्दोलनमा निर्वाह गर्नुभएको योगदानको स्मरण गर्दै स्व. गणेशमानको देहान्त पछिको शवयात्रामा उर्लेको नेपाली जनताको शोकाकूल जनसमुदाय र राष्ट्र त्यस दिन धुरू धुरू रोएको थियो।

एउटा लामो समयसम्म पंचायती शासकबाट हेपिएका र थिचिएका नेपाली जनताको अभिभावकको रूपमा पनि उहाँले उल्लेख्य भूमिका निभाउनु भएको थियो। उहाँले ग्रहण गर्नुभएको अभिभावकत्व, नेपाली जनतालाई दिनुभएको शाहस, उत्साह र लगनशीलता अविस्मरणीय रहेको छ। साथै नेपाली जनतालाई रैतीको मानसिकताबाट सार्वभौमसत्ता सम्पन्न जनता बनाउन उहाँले गर्नुभएको योगदानको उच्च मूल्यांकन भने राष्ट्रले अवश्य गर्नु पर्दछ। जनताका हक अधिकार र सम्मानका खातिर लामो समयसम्म अनवरत रूपमा प्रजातन्त्रको लडाईं लड्नु भएकाले र मानवअधिकारको पुनर्वहालीको लागि स्व. सिंहले गर्नुभएको योगदानको कदर गर्दै अन्तर्राष्ट्रिय संघसंस्थाहरूले समेत उहाँको उच्च सम्मान गरे। उहाँलाई २०५० सालमा संयुक्त राष्ट्र संघद्वारा प्रदान गरिएको अन्तरराष्ट्रिय मानवअधिकार पुरस्कारबाट नेपाल राष्ट्र नै सम्मानित हुनपुग्यो। यस्ता मानवको निधनले मानवअधिकारको आन्दोलनलाईसमेत गम्भीर क्षति पुग्न गयो। मानवअधिकारका पक्ष पोषण गर्ने नेतालाई गुमाउनु पर्दा मानवअधिकारको राजमार्ग नै भत्किएको महसुस उहाँको निधनपछि मानवअधिकारवादी संघसंस्थाले जारी गरेका वक्तव्यमा उल्लेख गरिएका थिए।

धनी परिवारमा जन्मिएर, त्यो परिवारको सुखसयल र मोजमस्तीमा नरमाइ संघर्ष नै संघर्षमा आफूलाई समर्पण गर्नुभएका स्व. गणेशमान जीवनभर प्रजातन्त्रको लागि लड्नु भयो। आफ्नो जीवनको अन्तिम क्षणसम्म आफूलाई राष्ट्रको हितको पक्षमा समर्पण गरेर निरंकुशतासंग भिड्दै आउनु भएका प्रजातन्त्रका विशिष्ट पहरेदार गणेशमान सिंह २०१७ सालको प्रजातन्त्रको हत्यापछि, २०२५ सालसम्म करिव ८ वर्ष सुन्दरीजल जेलमा बन्दी हुनु भयो। वि. पी. कोइरालाको देहान्त पछि नेपाली कांग्रेसको सर्वोच्च नेताको सम्मान ग्रहण गर्नुभएका सिंहले ०४६ सालको ऐतिहासिक संयुक्त जनआन्दोलनमा प्रजातान्त्रिक शक्तिहरूलाई एकताबद्ध गरी आन्दोलनको नेतृत्व समेत सम्हाल्नु भयो। प्रजातन्त्रको स्थापनापछि बहुदलीय व्यवस्थाको पहिलो प्रधानमन्त्री हुन श्री ५ बाट आग्रह गर्दा सिंहले ग्रहण गर्नुभएन र एउटा यथार्थ र निश्वार्थ भावनाको उदाहरण प्रस्तुत गर्नुभएको थियो।



एउटा लामो समयसम्म पंचायती शासकबाट हेपिएका र थिचिएका नेपाली जनताको अभिभावकको रूपमा पनि उहाँले उल्लेख्य भूमिका निभाउनु भएको थियो । उहाँले ग्रहण गर्नुभएको अभिभावकत्व, नेपाली जनतालाई दिनुभएको शाहस, उत्साह र लगनशीलता अविस्मरणीय रहेको छ ।

आफ्नो जीवनको अन्तिम केही वर्षहरूमा उहाँले आफ्नै पार्टीबाट तिक्तताको अनुभव गर्नु पर्‍यो। सत्ताशिन नेपाली कांग्रेसको सिद्धान्त र व्यवहारमा तालमेल भएको नदेखेर पटक पटक उहाँले आफ्नो पार्टीलाई सचेत गराउने प्रयास गर्नुभयो। तर सिंहको सोचको उचित कदर भएन। भावनामाथि कुठाराघात भइनै रहे। त्यस पछिका दिनमा सिंहले आफूलाई गम्भिरतापूर्वक समीक्षा गर्नुभयो र ०५१ सालमा नेपाली कांग्रेस पार्टी परित्याग गर्नुभयो। अन्ततः आफ्नो जीवनको अन्तिम क्षणमा आएर सत्ता स्वार्थ र पार्टी राजनीति समेत त्यागेर "गार्जिएन एन्जेल्स" को रूपमा उहाँ रहनु भएको थियो। यस्ता अतुलनीय व्यक्तित्वको जीवन्त योगदान र इतिहास जो कसैले जति नै शब्द खर्च गरी लेखेर उल्लेख गरे पनि कम नै हुने भएकोले म यतिस्वेर उहाँको नाममा मात्र यति नै शब्द सुमन चढाउँदै रोकिएको छु।

के हो नेपालको सन्दर्भमा युवाअधिकार ?

– प्रकाश ज्ञवाली

- मैले चुरोट, सूर्ती सेवन गर्न पाउनु पर्छ, यो मेरो मौलिक अधिकार हो।
- जुवा, तास खेल्नु, मादक पदार्थ सेवन गर्नु पनि नैसर्गिक मानवअधिकार नै त हुन् नि।
- मैले आफ्नो पैसा खर्च गरेर जस्तोसुकै कपडाहरू पहिरन सक्छु, जे मनमा लाग्छ त्यो गर्न सक्छु, त्यो त मेरो अधिकारको कुरा हो।
- पश्चिमी संस्कृति भनेर भएन नि, यो युवाहरूको माग हो, समयको परिवर्तन हो, आधुनिकताको परिचय हो, आधुनिक युवाहरूको लागि मानवअधिकारको अभिन्न अंग हो।

नेपालले अहिलेसम्म मानवअधिकारका विविध पक्षहरूसंग सम्बन्धित दर्जन भन्दा बढी अन्तर्राष्ट्रिय अभिसन्धीहरूमा हस्ताक्षर गर्नुको साथै त्यसको कार्यान्वयनको निम्ति प्रतिवद्धता जनाइसकेको छ। तर व्यवहारमा हेर्‍यौं भने त्यसको कार्यान्वयन शुन्य छ। तसर्थ लामो आलोचना भन्दा पनि यसलाई "मुखमा राम राम, बगलीमा छुरा" भन्नु अत्युक्ति नहोला।

एकातर्फ सरकारी पक्ष देशका पीडित समुदायहरूको उत्थान र विकासप्रति यस्तो अवस्थामा छ भने अर्कोतर्फ देशको सबैभन्दा सशक्त, बौद्धिक, जाँगरिलो र क्रियाशिल शक्ति युवा वर्गमा पनि विस्तारै विभिन्न विकृति र विसंगतिहरू देखा पर्न थालेका छन्। फलस्वरूप अहिले कतिपय नेपाली युवा, विद्यार्थीहरू माथि उल्लेखित धारणा व्यक्त गर्दै मानवअधिकारको दृष्टिकोणले आफ्नो चरित्रमा आएको विकृतिलाई सही ठहर्‍याउने प्रयत्न गर्दछन्, यद्यपि त्यसका पछाडि राज्य, समाज र परिवारद्वारा पुऱ्याइनु पर्ने ध्यान र जिम्मेवारी पूरा नगरिएको किन नहोस्। नेपाली युवा विद्यार्थीहरू विविध कारणले प्रभावित भएर विस्तारै विकृतिको मारमा परिरहेका छन्। तसर्थ पनि कतिपय नेपाली युवा तथा विद्यार्थीहरूद्वारा "विद्यालयमा हो-हल्ला गर्न पाउनु पर्छ, शिक्षकलाई कुटपीट गर्न पाउनै पर्छ, महिलाहरूलाई जिस्क्याउँदै हिड्न छुट हुनुपर्छ" जस्ता कुराहरूलाई पनि मानवअधिकारको परिभाषाभित्र राख्न पछि नपर्ने प्रवृत्ती बढ्न थालेको छ। नकारात्मक सवाललाई समयमै पहिल्याउन सकियो भने भविष्यमा त्यसले ठूलो असर नगर्ने भएकोले यसप्रति नेपाली युवाहरूले समयमै ध्यान दिनु आवश्यक छ।

यस्तो विकृतिको नियन्त्रणका निम्ति राज्य, समाज र परिवारले ठोस योगदान दिनै पर्छ। विकृति आउन थालेका सवालहरूलाई नियन्त्रण गर्नैपर्छ र त्यसको निम्ति आवश्यक वातावरण कायम गर्नैपर्छ।

चुरोट, गाँजा, चरेश, जाँड, रक्सी आदि सेवन गर्ने, फेशनको नाममा उच्छृंखलता प्रदर्शन गर्ने जस्ता विकृति भावी पुस्तामा पारेको प्रभावलाई "आधुनिकता" को परिभाषाले संरक्षण प्रदान गर्ने परिपाटी आउन थालेको छ। युवाहरूमा "आधुनिक" शब्दले सकारात्मक प्रभाव पार्नुको साटो नयाँ नयाँ प्रविधि र समाज सुधार एवं विकासका खोज अनुसन्धान गर्नुको साटो, तथा विदेशमा पत्ता लगाइएका र चलनचल्तीमा आएका राम्रा-राम्रा सवालहरूबाट शिक्षा लिनुको साटो विकृत चलनहरूको अनुशरण गर्नुलाई "आधुनिक" सम्झने परिपाटी फैलन थालेको छ। साँस्कृतिक, सामाजिक, राजनीतिक आदि क्षेत्रहरूमा आएका नकारात्मक प्रवृत्तिहरूबाट सिङ्गो विश्वकै युवाहरू नै प्रभावित भएको वर्तमान परिप्रेक्ष्यमा नेपाली युवाहरूमा पनि त्यसको विकृति सर्नु स्वभाविकै हो। तर यसबाट नेपाल जस्तो अविकसित र गरिब राष्ट्रले बढी ठूलो क्षति बेहोर्नु पर्छ। तसर्थ युवा वर्गले यस्ता विकृतिहरूबाट सर्तक हुनैपर्छ।

नेपालको परिप्रेक्ष्यमा समाजको सबैभन्दा ठूलो उर्जा, बौद्धिक वर्ग र अशिक्षा एवं बेराजगारीले प्रताडित वर्ग भनेको युवा हो। सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक हरेक क्षेत्रका समस्याहरूबाट यो देशका युवाहरू नै सबैभन्दा बढी पीडित छन्, प्रभावित छन्। अहिले हाम्रो देशको शिक्षा क्षेत्रलाई व्यापारीकरण गरिएको छ। यसलाई दान र बकसको रूपमा परिभाषित गरिएको छ। सरकारले युवाहरूलाई उचित शिक्षा र रोजगार प्रदान गर्नेबारे कुनै निश्चित योजना बनाएको छैन। कुरामात्र बढी गरिन्छ - सरकारबाट काम भने शून्य छ।

यस्तो अवस्थामा नेपाली युवाहरूको अधिकार भनेको मूलरूपमा शिक्षा र रोजगार नै हो। शिक्षा क्षेत्रमा रहेका विकृति र विसंगतिहरूलाई हटाएर बैज्ञानिक, सर्वसुलभ, व्यवहारिक र जनवादी शिक्षा प्रणाली लागू गर्नुपर्छ। १६ वर्ष भन्दा माथिका युवाहरूको निम्ति उपयुक्त रोजगारीको व्यवस्था हुनुपर्छ। शिक्षा र रोजगारलाई दान वा बकसको रूपमा नलिएर अधिकार बहालीको रूपमा राज्यले कार्यान्वयन गर्नुपर्छ।

जहाँसम्म चुरोट, रक्सी आदि सेवन



नेपालको परिप्रेक्ष्यमा समाजको सबैभन्दा ठूलो उर्जा, बौद्धिक वर्ग र अशिक्षा एवं बेराजगारीले प्रताडित वर्ग भनेको युवा हो । सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक हरेक क्षेत्रका समस्याहरूबाट यो देशका युवाहरू नै सबैभन्दा बढी पीडित छन्, प्रभावित छन् । अहिले हाम्रो देशको शिक्षा क्षेत्रलाई व्यापारीकरण गरिएको छ । यसलाई दान र बकसको रूपमा परिभाषित गरिएको छ । सरकारले युवाहरूलाई उचित शिक्षा र रोजगार प्रदान गर्नेबारे कुनै निश्चित योजना बनाएको छैन ।

गर्न पाउनुपर्छ भन्ने जस्ता विषयलाई पनि मानवअधिकार वा युवा अधिकार भन्ने सवाल छ, त्यो मानवअधिकारको गलत व्याख्या हो। अधिकार संगसंगै कर्तव्य पनि गाँसिएको हुन्छ, तसर्थ यसलाई पनि ख्याल राख्नु आवश्यक छ। हाम्रो देशमा यो विकृति आउनुमा अशिक्षा र बेरोजगारी नै हो। अशिक्षा र काम नभएको अवस्थामा "खाली दिमाग" बाट यस्तै विकृतिहरू पैदा हुन्छन्।" - प्रजातान्त्रिक राष्ट्रिय युवा संघका उपाध्यक्ष रमेश सिलवाल नेपालका युवाहरूको अधिकार र विकृतिका सम्बन्धमा यस्तो विचार व्यक्त गर्नुहुन्छ।

मानवअधिकारको परिभाषा र यो आन्दोलनका वर्तमान विषयवस्तुहरूको बारेमा मानवअधिकार तथा शान्ति समाजका अध्यक्ष कृष्ण पहाडि यस्तो विचार व्यक्त गर्नुहुन्छ - "मानवअधिकार भनेको ती अधिकारहरू हुन्, जो हरेक व्यक्तिले उपयोग गर्नका लागि तोकिएका छन् र संरक्षण गरिएको छ। अहिले मानवअधिकार आन्दोलन खास विषयमा केन्द्रीत छ। राजनीतिक, सामाजिक, साँस्कृतिक, आर्थिक आदि विभिन्न विषयको सम्बन्धमा कतिपय सन्धि, महासन्धी तथा अनुबन्धहरू पारित गरिएका छन्। यी अनुबन्धहरूको उद्देश्य जनतालाई भयबाट मुक्ति दिनु हो। शान्ति, न्याय र स्वतन्त्रताको जगको रूपमा संसारभरि नै यी अधिकारहरूको रक्षा गरिनु पर्छ। जहाँसम्म चुरोट, रक्सी आदि वस्तुहरूको सेवन गर्ने कुरा छ, त्यो व्यक्तिपिच्छेका आ-आफ्ना धारणा हुन्। यी र यस्ता वस्तुहरू अहिले उपभोग्य सामग्रीको रूपमा प्रयोग गरिएका छन्। कानूनले कुनै कुरा निषेध गर्दैन भने त्यसलाई बाध्यात्मक भन्दा पनि नैतिकता, कर्तव्य, आफ्नो स्वास्थ्यमा पर्ने असर आदिको आधारमा विचार गर्नु पर्छ।"

"कुनै पनि व्यक्तिको अधिकार भनेको उसको जे मनमा लाग्यो त्यो गर्न पाउनु पर्छ भन्ने होइन। यदि कसैले आफ्नो मनमा जे लाग्यो त्यसलाई नै मानवअधिकार हो भन्ने व्याख्या गर्छ भने त्यो "अधिकार" भन्ने शब्दकै अवमूल्यन हो। युवावर्ग समाजको अमूल्य अंग भएकोले आफूलाई लागेको मात्र र सवाल आफूलाई फाइदा हुनेलाई मात्र अधिकारको परिभाषा दिने गर्नु हुँदैन। राम्रो कुराको समर्थन र गलत कुराको विरोध गर्नुपर्छ। समयको सदुपयोग गर्दै समाजलाई विकासको बाटोमा अगाडि बढाउन युवाहरू हरतरहले सक्रिय रहनु पर्छ।" - माथिको विचार हो नेपाल तरूण दलका केन्द्रीय सदस्य शंकर भण्डारीको।

खासगरी विद्यालय र क्याम्पस देखि युवाहरूमा विविध विकृतिहरू विकसित भएको पाइन्छ। यसो भनेर विद्यालय र क्याम्पसलाई विकृतिका उपज भन्न खोजिएको होइन। तर विकृति आउने उमेरको हिसाबले पनि स्कूल र क्याम्पसमा अध्ययन गर्दा देखि नै युवाहरू बढी उपयुक्त हुन्छन्। यसका साथै नेपालका शैक्षिक क्षेत्रहरूमा देखिएका विकृति र विसंगतिहरूतर्फ राज्यद्वारा कुनै ध्यान नदिइएकोले पनि त्यसबाट युवा विद्यार्थीहरू बढी प्रभावित भएका छन्। तसर्थ विद्यार्थीहरूलाई बढी अनुशासित, अध्ययनशील, समाजप्रति उत्तरदायी र आफ्नो तथा अरूको अधिकार एवं कर्तव्यप्रति सदा सजग बनाउनेतर्फ आवश्यक ध्यान दिनु जरूरी छ-अहिले।

यी र यस्तै पथ प्रदर्शन गर्ने उद्देश्यले नेपालमा विभिन्न विद्यार्थी संगठनहरू पनि क्रियाशील छन्। ती संगठनहरूले राष्ट्रिय समस्याका साथै विशेषतः शैक्षिक क्षेत्र र त्यससंग सम्बन्धित क्षेत्रहरूको बारेमा बढी ध्यान दिने प्रतिवद्धता आफ्ना विधान, कार्यक्रम र घोषणापत्रहरूमा सबैभन्दा महत्वपूर्ण तरिकाले उल्लेख गरेका पनि छन्।

अहिले युवा विद्यार्थीहरूको बीचमा आएको विकृति र यसको समाधानबारे अनेरास्वविय्यू चौधौं राष्ट्रिय सम्मेलन आयोजक कमिटीका सह-संयोजक हिक्मत कार्की भन्नु हुन्छ - "वर्तमान परिप्रेक्ष्यमा नेपाली युवाहरूको प्रमुख अधिकारका सवाल भनेको "शिक्षा र रोजगार" नै हुन्। यी लगायत् स्वास्थ्य सेवा, सुरक्षा आदि क्षेत्रहरू पनि युवाहरूको अधिकारका रूपमा विद्यमान उल्लेख्य अधिकारहरूका रूपमा रहेका छन्। कुनै व्यक्तिका व्यक्तिगत चासो र रूचीका सवालहरू हुन सक्छन्। ती मध्ये कुनै गलत र कुनै सहि हुनसक्छन् तर हामीहरूले सकारात्मक र राम्रा सवालहरूलाई अगाडि बढाएर लग्नुपर्छ भने स्वास्थ्यको हिसाबले समाजमा पर्ने असर र आफ्नो व्यक्तिगत जीवनप्रति त्यसले पार्ने प्रभावका आधारमा गलत हुने सवालहरूलाई अन्त्य गर्न तर्फ लाग्नुपर्छ। गलत सवालहरूलाई हटाउनुपर्छ, राम्रा कुराहरूलाई पछ्याउनु पर्छ।"

त्यस्तै नेपाल विद्यार्थी संघका केन्द्रीय सचिव लक्ष्मण वस्नेत बताउनु हुन्छ- "नेपाली युवा, विद्यार्थीहरूको सबैभन्दा महत्वपूर्ण र ठूलो अधिकार शिक्षा र रोजगार हो। विद्यार्थीहरूले सर्वसुलभ तरिकाले शिक्षा हासिल गर्न पाउनुपर्छ र योग्यताको कदर हुनुपर्छ अर्थात् शिक्षा अनुसारको रोजगार पाउनु पर्छ। यदि कसैले "मैले चुरोट खानु, विद्यालय, क्याम्पसमा हो-हल्ला गर्नु मेरो अधिकार हो भन्छ भने त्यो विकृति हो। त्यस्तो विचार लफङ्गो र दादागिरी हो। त्यस्तो विचारबाट संचालित गलत क्रियाकलापलाई रोक्नु पर्छ।"

माथिका युवा तथा विद्यार्थी नेता एवं मानवअधिकारकर्मीको विचारलाई विश्लेषण गर्ने हो भने अहिले नेपाली युवा तथा विद्यार्थीहरूमा विस्तारित हुन थालेका विकृत विचारहरूबाट "मानवअधिकार" को गलत प्रयोग हुने प्रष्ट छ।

तसर्थ समाजको सबैभन्दा जिम्मेवार युवावर्गले गलत चिन्तनलाई त्याग्नु अनिवार्य छ। युवा वर्ग कै आधारमा सिङ्गो देशको चौतर्फी विकास वा विनाश निर्भर रहेको हुन्छ। मानवअधिकार आन्दोलन पनि यसैको एउटा पाटो हो। आजका युवा तथा विद्यार्थीहरूबाट नै भोलिका चुनौतीपूर्ण दिनहरूमा मानवअधिकार आन्दोलनको नेतृत्व हुनुपर्छ। त्यस अर्थमा पनि नेपाली युवाहरूले अधिकारको अपव्याख्याबाट सचेत एवं सजग हुनैपर्छ। नेपाली युवाहरू "मानवअधिकार" बारे सबैभन्दा बढी गम्भीर, चिन्तनशील र जिम्मेवार हुनै पर्छ।

नेपाली युवाहरूमा व्याप्त अशिक्षा र बेरोजगारीले समेत आर्थिक, साँस्कृतिक, सामाजिक आदि क्षेत्रहरूमा पनि गम्भीर समस्याहरू उत्पन्न भएका छन्। ती समस्याहरूबाट युवाहरू नै सबैभन्दा बढी मारमा परेका छन्। तसर्थ यी समस्याहरूको समाधान नै अहिलेको परिस्थितिमा नेपाली युवाहरूको मानवअधिकार हो। गास, बास, कपास, शिक्षा, स्वास्थ्य, वातावरण, संस्कृति आदि क्षेत्रहरूमा विद्यमान समस्याहरूको समुचित समाधानका निम्ति नेपाली युवाहरूले कठिन संघर्ष गर्नुपर्ने स्थिति छ- अहिले। यसका साथै राजनीतिक अपराधिकरण, भ्रष्टाचार, महंगी, घुसखोरी र कालाबजार तथा राज्य स्वयं र अन्य पक्षहरूबाट संचालित हत्या, आतंक एवं मानवअधिकारको हनन जस्ता राष्ट्रिय विकृतिहरूसंग आवश्यक पौंठेजोरी खेल्नुपर्ने दायित्व पनि नेपाली युवाहरूकै काँधमा रहिआएको छ।

यिनै सवालहरू नै नेपाली युवाअधिकारका विषयवस्तु हुन्। यिनै अधिकारहरूको प्राप्ति र विकृति विसंगतिहरूको अन्त्यका निम्ति नेपाली युवाहरूले चेतनायुक्त संगठित अभियान संचालन गर्नु आवश्यक छ। अनिमात्र "युवाअधिकार मानवअधिकार" सार्थक हुनेछ।

वास्तवमै बालबालिका हाम्रा गुरु हुँदारहेछन्

– कविता अर्याल

मेरा प्यारो दिदी जवान
नमस्कार !

"म एउटा बाल मजदुरी काम गर्ने बालक हुँ। तपाईहरूलाई भेट्दा मलाई ज्यादै नै खुसी लागेको थियो तर अब तपाई हामीहरूबाट टाढा जाँदै हुनुहुन्छ। त्यसले गर्दा मलाई नरमाइलो लाग्दैछ। मैले तपाईको दुःख राम्रो बुझेको छु। अब फेरी हाम्रो भेट हुँदैन होला।"

– तपाईको भाइ
मनोज

मलेशियाबाट आफ्नो यात्रा समाप्त गरी फिलिपिन्स फर्किन लागेकी बालिका जवान कुमारी चौधरीले विदाइको क्षणका दिन तयार पारेको पत्रको एउटा अंश यसप्रकार थियो। त्यस्तै १३ वर्षीय नेपाली विष्णु र १४ वर्षीया फिलिपिनो मेरी बेन्जाविन यात्रामा सधैं हाम्रा साथै बस्थे। अफ्रिकी छोरो जेरी र बङ्गाली सेकुलको मित्रता सबैको लागि आकर्षणको बनेको थियो। नेपालीको गाउँमा हुर्केकी एउटी बालिका लिखनीलाई गोएन साउथ अफ्रिकाकी बालिका आफ्नो कोठामा सुत्न जान आग्रह गर्दै थिइन्। मानौं ऊ लिखनी विना सुत्न नसक्ने भएकी छिन्। आफ्नी दिदी भन्छिन् ऊ यात्रा भरिनै फिलिपिन्समा भेटेको, खेलेको बालिकाको भलाइलाई भुल्न सक्दैन्। उ बारम्बार भलाइको मात्र कुरा गर्छ।

बालश्रम विरूद्ध फिलिपिन्सबाट शुरू भएको विश्वयात्राका यी दृष्यहरू साह्रै अविष्मरणिय र हृदयस्पर्शी सम्झनाहरू हुन। यात्रामा एक अर्काका भाषा, धर्म र संस्कृतिबाट पृथक बालबालिकामा घनिष्टता बढ्दै गएको थियो। कोही एक अर्काविना सुत्न नसक्ने, कोही एक अर्का विना खान नसक्ने भएका थिए। यसरी प्रत्येक बालबालिका मित्रताको साङ्लोमा थाहा पाई नपाई आपसमा बाँधिइसकेका थिए। विश्वमा विद्यमान रहेका करोडौं बाल श्रमिकहरूले बाल श्रमबाट मुक्त हुन पाउनु पर्छ साथै निःशुल्क र सार्थक शिक्षा आर्जन गर्न पाउनु पर्छ भन्ने नाराका साथ १९९८ जनवरी १७ मा विश्वयात्राको सुरूवात फिलिपिन्सको राजधानी मनिलाबाट सुरू भएको थियो। यात्रामा जानुभन्दा अगाडि सबैमा एक प्रकारको उत्सुकता साथै चिन्ता पनि थियो। यति धेरै बालबालिकालाई कसरी एक देशबाट अर्को देशमा लैजाने। बच्चाहरू थाक्लान् दुःख देलान्, विरामी पर्लान् आदि। यात्राको प्रारम्भमा करिब १५, १६ राष्ट्रका हामी ४० जना भन्दा बढी सहभागी

थियौं, जसमा २० जना भन्दा बढी बालबालिकाको सहभागिता रहेको थियो। विश्वयात्राको लागि प्राथमिकतामा बालश्रमको अनुभव भएको बालबालिकालाई राखिएको थियो। त्यसैले सबैजसो देशबाट निकै सानो उमेर देखि विभिन्न किसिमको बालश्रम गरेका केटाकेटी थिए भने कोही कोही केही वर्ष अघिमात्र कुनै संस्थाको संरक्षकत्वमा आएका तर यस अघि निकै कठिन परिस्थितिमा श्रम गर्न बाध्य बनाइएका बालबालिकाको जमात थियो। हामीमा एककिसिमको कौतुहलता थियो, भिन्नै भाषा र संस्कृतिका बालबालिकाको कारणबाट हामीले ठूलै कठिनाइको सामना गर्नुपर्ने हो कि। तर त्यतिबेला हामी सबैलाई चकित बनायो, जब एक अर्काको भाषाबाट अनभिज्ञ बालबालिकामा घनिष्टता बढ्दै गयो। यसबाट हामी सबैले एउटा ठूलै शिक्षा पायौं। भाषा एउटा माध्यम मात्र हो तर यदि हामीमा मानवता छ भने त्यो विना पनि एक अर्कामा सम्प्रेषण गर्न सकिदोरहेछ।

विश्व यात्रामा जानु पर्नेछ बालबालिकालाई कसरी सम्हाल्ने धेरै समस्या होला उनीहरू थाक्लान, दुःख देलान् आदि हाम्रो चिन्ता विपरित सबै बालबालिका यात्राको अन्त्यसम्म करिब ६ महिना भरिनै निकै उत्साहित भए। कुनै बेला केही शारीरिक रूपमा थकित महसुस त गर्थे तर उनीहरूमा एउटा दृढ अठोट थियो यो यात्रालाई अगाडि बढाउनु पर्छ र बालश्रम शोषणलाई अन्त्य गर्न देश-देशमा गएर जनचेतना अभिवृद्धि गर्नुपर्छ। त्यसैले शारीरिक रूपमा थकित भएतापनि मानसिक रूपमा थकित छौं भन्ने कुरामा सहमत हुन मान्दैनथे। त्यतिबेला हाम्रा बालबालिका सामु हामी निकै गर्वित भएको महसुस गर्दथ्यौं। सहभागी सबै बालबालिकामा एक अर्काप्रति आदर, प्रेम र सहानुभूति थियो। उनीहरू प्रत्येक क्षणमा एक अर्कालाई सघाउन उत्सुक हुने, एक अर्काको दुःख सुखका कुरा गम्भीरताकासाथ सुन्ने र सोध्ने गर्दथे। त्यसै कतै बाल श्रमिकहरू देखे सोध्ने, तिनीहरूप्रति निकै चासो राख्ने, दया भाव देखाउने प्रत्येक बालबालिका आफ्नो धारणा अभिव्यक्त गर्ने क्रममा सधैं आफू बाल श्रमविरूद्धमा डटेर लड्ने कुरा आफ्ना क्रियाकलापबाट अभिव्यक्त गर्ने गर्दथे।

बालबालिकाले यात्रालाई सुव्यवस्थित र अनुशासित बनाउनको लागि औपचारिक रूपमा विधिवत चुनाव गराएर एउटा समूह निर्माण गरेको थियो। यात्राको क्रममा कसैबाट भुल हुन गएमा बैठक बसाल्ने र जसबाट गल्ति भएको हो उसलाई गल्ति सुधार्न लगाउने गर्दथे। आफैमा एउटा नमूना बनेको थियो बाल समूह। यस यात्राको क्रममा बालबालिकाबीचमा विकास भएको मित्रता हामी सबै सहभागीहरूको लागि पनि शिक्षा बनेको थियो। हामीले बालबालिकालाई सही बाटो देखाउन सकेमा बालबालिकाहरूमा आपसमा माया, ममता, सहयोगी भावनाको विकास हुँदै प्रत्येक राष्ट्रले असल नागरिकको जन्म दिन सक्ने थियो। जो मानव मानव बीचको पर्खाल नबनोस् र मानवअधिकारको पक्षधर भएर समाजमा जरो गाड्न सकोस्। •

काकाको कमाल

मनोज गजुरेल

(मावली काका आफ्नो घरमा नोकरसंग कुरा गरिरहेका हुन्छन्।)

मावली काका : (एक्लै फतफताइरहेको) हैन। नोकरले पनि के सारो हेप्न थाले भन्या। खेतमा पानी लगाउन जानु पर्छ, झिसमिसेमै उठेर जा है भनेको टेरपुच्छर लगाएको हैन। यो बुधे घामले डाँडा पाखा रातामय भइसके । यसका घैंटामा घाम लागेको छैन। बुधे, ए बुधे, हैन, अझै पसारिरहेको छस्? तलाई काम नै नगरी कसले घिचाउँछ हँ। खुरूक्क गएर खेतमा पानी लगाएर आइज। भन्दा लाग्नु पर्छ नि। कुरा गऱ्यो कुरैको दुःख।

बुधे : कसरी जान सक्नु हजुर। हनहनती ज्वरो आएर रिंगटा लागिरहेको छ। सकेको बेला न काम गरेकै छु नि, विराम लागेको बेला त विशेक हुन पाउनु पऱ्यो नि हजुर।

मावली काका : कुरा गऱ्यो कुरैको दुःख। तेरो सबै जनाको ठेक्कापट्टा त लिएको छैन नि मैले। वर्षाको बेला छ। पानी झमझम परिरहेको छ। जोत्नु पर्छ खन्नु पर्छ। काम गर्ने नोकर भएपछि, नोकर भएर बस्न जान्नु पर्छ। तलाई त्यसै काम लगाएको छैन मैले तेरो हजुर बाबु डकार प्रसादले मेरो ऋण लगेको थियो। फेरि सात सालमा तेरो बाबु खकार प्रसादले ५०० लगेको थियो। १५०० को ब्याजको स्याज, स्याजको प्याज, प्याजको के के गरेर ५००० भएको छ। तेरो बाबु त गइगो, तैंले तिर्नु पर्छ। त्यो ऋण तिरिसक जा। कुरा गऱ्यो कुरैको दुःख।

बुधे : तपाईंलाई त के दुःख र? न काम गर्नुपर्छ, न बुद्धि प्रयोग गर्नुपर्छ। काम गरिदिने म छँदैछु। हेर्नुस्, यस्तो अवस्थामा पनि जबर्जस्ती काममा पठाउँदा त तपाईंलाई पाप लाग्छ। कस्तो शासन हो यो? नोकर भन्दैमा मेसिन जस्तो पेल्नु त भएन नि।

मावली काका : चुप। बडो राजनीतिको कुरा गर्छन्। दालभात तरकारी जिउधन सरकारी- भनौला जस्तो पो गर्छस् ए। नाम चाहिं बुद्धिमान्। बुद्धि चाहिं झिंगाको कान जति पनि छैन। सुन, कर्ममा जसको जे लेखेको हुन्छ नि, त्यही भोग्नु पर्छ। खप्परमा "श्री" लेखेको रहेछ भने श्री नै श्री हुन्छ, पिचरी लेखेको रे छ भने त के पो गर्न सकिन्छ र। जस्तो खप्पर त्यस्तै ठक्कर, यी मेरो खप्परमा श्री नै लेखेको रैछ, सबै पुगसरी आएको छ। तेरो कर्ममा नै सून्य लेखिदिएपछि अहिले मसंग झगडा गरेर के गर्छस्- जा खुरूक्क खेतमा, कुरा गऱ्यो कुरैको दुःख।

बुधे : कर्ममा लेखेर आएको हैन मावली काका, तपाईंहरू जस्ता ठूला भनाउँदा र टाठा बाठा भनाउँदाहरूले हामीलाई पिचरी बनाएका हुन्। तपाईंको ऋण पनि ५००० हैन त्यो मलाई थाहा छ। ५०० लाई ५००० बनाएर नै तपाईंहरू पिचरी लेख्दै हुनुहुन्छ। ठीक छ, म ऋण जसो तसो तिरिदिन्छु। म आफ्नो ज्यान स्वतन्त्रपूर्वक पाल्न चाहन्छु। मावली काका।

मावली काका : (छक्क पर्दै) मावली काका। तँ मेरो नोकर, बुधेले मलाई नाम काटेर बोलाईस्। आफूले दुध ख्याएको साँपले आर्फैलाई टोक्छ भन्थे- यी आज मलाई ख्याप्प टोकी छाड्यो। तलाँई अब भात धेरै भयो। पं. भस्मप्रसादको भातले पोल्यो। हेरौं त कसरी काम नगर्दो रैछस्। खान्न खान्न लोकाचार, खान थाले माना चार तलाई बाँधेर, झ्यालखानामा लगे, पैसा नतिराई तेसै छोड्छु भनेको छस् कि क्या हो ? साँपलाई दुध ख्वाएपछि कुरा गऱ्यो कुरैको दुःख।

शिक्षिका : ओहो, मावली काका। के साँपको कुरो गर्दै हुनुहुन्छ। घरभित्र साँप पस्यो कि क्या हो। साँपलाई जिस्कायो, विना काम चलायो भने त टोकी हाल्छ नि मावली काका। आफूले पालेको साँपलाई सम्मान गर्ने सिक्नु पर्छ, अनि पो टोक्दैन त।

मावली काका : साँपका खुट्टा हुँदैनन् त भन्थे। यो साँप, दुईवटा खुट्टाले ठम ठम हिंड्छ। ख्याप्प टोकेर प्याट्टै मारे त हो नि - भित्र भित्रै कुटुकुटु खान्छ। तिमीसंग त के कुरा गर्नु? कुरा गऱ्यो कुरैको दुःख। खानेबेलामा यो बुधे नाकमुखले हसुर्छ। त्यसको ४ पुस्तालाई मैले शरण दिएको थिएँ। शरणको मरण गर्नु हुन्न भनेर, त्यसका बाजे बराजुदेखि घरमा राखें। आज त्यसका बाजेले खाएको ऋण नतिरी निस्केर जान्छु पो भन्छ, हरौं त, कुन खुट्टाले मेरो घरबाट निस्केर जाँदो रैछस्। त्यसका डुँडुला पिडिक पिडिक भाँचिन भने मेरो नाम पनि पं. भस्मप्रसाद उर्फ मावली काका हैन। लजा। के सोच्या छ तैंले? कुरा गऱ्यो कुरैको दुःख।

शिक्षिका : खुट्टा भाँच्ने र करंग गर्ने चाहिं छोडौं काका। कुनै पनि कानूनमा विनाकारण कसैलाई दुःख दिन पिट्न पाईंदैन। फेरि तपाईं नै भन्नुस् न विनाकारण कसैले तपाईं माथि हात लगाए भने सहय हुन्छ? हुँदैन नि फेरि बुधे भन्दैछ, तपाईंले ५०० लाई ५००० बनाएर तमसुक बनाउनु भएको छ रे। यो त तपाईंलाई कानूनले समाउँछ। बुधेलाई जबरजस्ती काममा लगाउन पाउनु हुन्न बुझ्नु भो। यो त दास दासी बनाउने जस्तो काम भो। यो प्रथाको उन्मूलन त उहिल्यै भइसक्यो नि।

मावली काका : ओहो। जबरजस्ती? के को जबरजस्ती? अछ्युँ खाए, वच्छ्युँ खाए झुसे वारूलो। म त कानून र मानवअधिकार मात्रै मान्ने मान्छे। तिम्रो कुरा कसरी मान्छु।

मैले काम गर्न राख्नेको नोकरलाई कुटौं कि, माया गरौं, बाँधौं कि काममा लगाऔं। यो त मेरो मानवअधिकार हो। कानून बुझेकी छयौ, खाएको ऋण नतिर्नेको दुवै गोडा पिडिक पिडिक भाँचेर अपाङ्ग बनाउनु पर्छ। कुरो गर्ने मतलवै छैन। कुरा गऱ्यो कुरैको दुःख।

बुधे : हो सारै बुझ्नु भएको रैछ कानून।

शिक्षिका : पख बुधे, हेर्नुस् मावली काका, तपाईंको मनचिन्ते कानून आँफैले जान्नोस्। एक त देशको कानूनले व्यक्तिगत कानूनलाई मान्दैन। त्यसमाथि आफू ठूलो हुन तपाईंले के गर्नु भएको छैन र? तर नेपालको कानूनले के भन्छ भने अपराध प्रमाणित नभएसम्म कुटपिट त के गाली वेइज्जती समेत गर्न पाईंदैन। यस्तोमा अपमान र गाली वेइज्जती विरूद्ध मुद्दा चल्न सक्छ। त्यसमा पनि काम गर्न राख्नेको मजदूर र मालिकहरूबाट नै बढी शोषित भएका हुन्छन्। तपाईं बुधेको गरीबीको फाइदा उठाएर काममा दल्न खोज्दै हुनुहुन्छ। कानून भनेको कानून हो, तपाईंले भन्दैमा त्यो अकानून हुँदैन नि। तपाईंको यो शोषणलाई न त कानूनले मान्छ न त मानवअधिकारको मान्यता मै पर्छ।

मावली काका : कानून त ठूला वडाले बनाएका हुन्। उनीहरूकै स्वार्थ हेरेर बनाएका हुन्छन्। कानून भनेको त्यस्तै हो, मानवअधिकारको कुरो गरन। मेरो काम गर्न राख्नेको नोकरलाई मैले तह लगाउन नपाउने भन्ने कहाँ लेख्या छ, लेख्या छ कहीं?

बुधे : नभए पनि म चाहिं बस्ने वाला छैन हैं।

शिक्षिका : हेर्नुस्, मान्छे जन्मेदेखि नै स्वतन्त्र हुन्छ। मानिस जन्मिदा ऋण र धनको भारी बोकेर त जन्मिएको हुँदैन। अर्काको करकापमा परेर वा पारेर कसैलाई पनि शोषण गर्न पाइदैन र स्वतन्त्रतापूर्वक बाँच्न पाउने जन्मजात अधिकार सबैलाई छ। चाहे त्यो ठूलो होस् वा सानो। स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकारमाथि कसैले ललाई फकाई वा डर देखाएर जबरजस्ती काम गराएमा त्यो मान्छेको स्वतन्त्रतापूर्वक बाँच्न पाउने मानवअधिकारको ठाडै उल्लंघन हुन्छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा एकमा यही कुरालाई स्पष्टसंग किटानीकासाथ लेखिएको छ। यसो गरेको खण्डमा कानूनले पूरापुर कार्वाही गर्न सक्छ।

मावली काका : त्यसो भए खेतमा मै जानु पऱ्यो?

शिक्षिका : आफ्नो काम अर्काले गर्छ त? आँफै त गर्नु पर्छ नि। कुरा गऱ्यो कुरैको दुःख!

दयावीर.....

जनतालाई आफ्ना अधिकारबारे प्रशिक्षित पारी हरेक सवालमा अग्रणी गराउने सोचाइअनुरूप कार्य गर्ने सवालमा थुप्रै हण्डर भोग्नुपरे पनि काममा भएका सफलताले आज उहाँको मनमा शान्तिले वास गर्न पाएको छ।

परोपकार प्राथमिक उपचार केन्द्र, परोपकार निःशुल्क दान विभाग शाखा, परोपकार सेवा शिविर, परोपकार ऐम्बुलेन्स सेवा, परोपकार अनाथालय, परोपकार श्री ५ इन्द्र राज्यलक्ष्मी देवी प्रसूति गृह, परोपकार आदर्श हाइस्कूल, परोपकार संस्था बाल घुम्ती चिकित्सालय जस्ता निस्वार्थ संस्थाहरूको छाता भएर वसेको परोपकार आफैंमा एउटा गहन अनुसन्धानको विषय हुनुमा दयावीरको महानता र सेवाभावको भूमिकाको कदर जति गरे पनि कम नै हुन्छ। महामारीको समयमा पुऱ्याइने सेवाका लागि परोपकार दस्ता तयार छ भने भक्तपुर, ललितपुर, कीर्तिपुर र बुटवलमा समेत दान विभाग शाखा खोलेर यसले आफ्नो क्षेत्र फराकिलो पारिरहेको छ। महिलाहरूको प्रसव पीडालाई राम्रैसंग बुझ्नु भएका दयावीरले प्रसूति गृहका लागि सर्वप्रथम पहल गरी आजको रूपमा ल्याइपुऱ्याउन ठूलो भूमिका निर्वाह गर्नुभएको छ। जसका लागि दयावीर शब्दका थुप्रोवाट मात्र स्तुत्य वन्न लायक व्यक्ति हुनुहुन्न भन्ने प्रष्ट हुन्छ।

कोही मानिस दुःखले प्रताडित छ र केही गर्न सकिएन भनेर छटपटिने दयावीर कयौं पटक अनिद्राले समेत सताइनु भएको छ। अर्काको चिन्तामा लीन हुने कलियुग व्यक्ति शायदै मात्र पाउन सकिएला। यस अर्थमा पनि दयावीर महान् हुनुहुन्छ भन्न हिच्किचाउनु आवश्यक छैन। २००१ सालमा शान्तरत्न नामक एक जना व्यक्ति रगतका कारण मृत्युको संघारमा पुगिसकेका थिए तर दयाका खानी दयावीरले उनी रगत नपाएका कारण मर्दैछन् भन्ने थाहा पाएर आफ्नो रगत दिई उनलाई नयाँ जीवन दिनुभयो। रगत खेर गयो भने मरिन्छ भन्ने त्यतिवेलाकै समयमा दूरदर्शी निर्णय गरी एक जनाको जीवन नै उहाँले वचाउनु भयो भने प्रथम नेपाली रक्तदाता भन्ने श्रेय पनि लिन सफल हुनुभयो।

टोल-छिमेकका साधारण विवादहरूलाई आफैं हक्की निर्णय गरी सवैलाई सन्तुष्ट पार्न सक्ने खुवीका धनी व्यक्तित्व दयावीर न्यायमूर्ति पनि हुनुहुन्थ्यो। उहाँको निर्णय क्षमता देखेर कर्मशोभा तुलाधर नामक एक सज्जन महिलाले दयावीरलाई केही उपहार दिन खोजिन तर उहाँले लिन मान्नुभएन, अन्तमा केही सीप नलागेपछि उपहार स्वीकार गरी तुरून्तै संस्थालाई हस्तान्तरण गरिहाल्नु भयो। असनको एउटा राम्रो घर परोपकारको थप सम्पत्ति वन्यो। यतिमात्र होइन, दयावीरले आफूले पाएको थुप्रै दान, दातव्य र पुरस्कारसमेत संस्थालाई नै दिएर गुनमाथि पनि ठूलो गुन लगाउनुभएको छ। पछिल्लो पटक अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रदान गरेको प्रकाश मानवअधिकार पुरस्कारको रकमसमेत दयावीरले संस्थालाई नै दिनुभएको छ। जीवनको उत्तरार्द्धमा आएर पनि सेवा नै गरिरहनुभएका दयावीरको यो कार्य आफैंमा प्रशंसनीय छ।

दर्जनौं धार्मिक संघसंस्थाहरूसंग पनि सम्वन्धित दयावीर बौद्ध धर्मका दीक्षाहरूबाट विशेष प्रभावित हुनुहुन्छ। त्यसैले उहाँका समकक्षी रूद्रलाल मुल्मीले दयावीर धार्मिक चिन्तनवाट पनि बढी प्रभावित भएको बताउनुभएको थियो भने अर्का समकक्षी आशाराम शाक्यले दयावीरको दयामा वीरता कमाउने प्रमुख रहस्य नै "वेद र बुद्धको संस्कार" बताएर उहाँको धार्मिक- दया, सेवाभाव पक्षको उजागर गरिदिनुभएको छ। अहिले पनि उहाँ दर्जनौं धार्मिक संघ-संस्थाका अध्यक्ष, सदस्य र सल्लाहकार हुनुहुन्छ। हिन्दू धर्मको एक अंश बौद्ध धर्म र धर्मको दयासंग जोडिएको अन्तरसम्वन्धको वकालत यस अर्थमा दयावीरले राम्रोसंग गर्न सक्नुभएको अनुभूति हुन्छ। उहाँले विभिन्न देशका धार्मिक तथा शान्ति सम्मेलनहरूमा धेरै पटक नेपालको प्रतिनिधित्व गरेर नेपाल र नेपालीका प्रतिवद्धता उजागर गराइसक्नुभएको छ।

प्रजातन्त्रिक आन्दोलनमा पनि डटेर लाग्नुभएका दयावीर व्याडमिन्टन खेलको सौखिन पनि हुनुहुन्थ्यो। पटक पटक जेल जीवन पनि खप्न वाध्य हुँदा पनि राणा शासकहरूबीच महसुर, ठाडो र चाम्रो भनेर चिनिने दयावीरको कयौं राणाहरूसंग भएको ठाडा वातचितहरू सम्बन्धित कृतिहरूमा प्रकाशित पनि छन्। राणा शासनको विरूद्धमा पर्चा छाप्ने, बाँड्ने र गोप्य कामसमेत गर्ने गर्नुभएका दयावीरले प्रजातन्त्रमा मात्र सेवाभाव सम्भव हुन्छ भन्ने स्पष्टरूपमा बुझ्नुभएको थियो। समकालीन मित्र सिद्धिगोपाल वैद्य उहाँको प्रयासको सराहना गर्दै भन्नुहुन्छ- हामीलाई राजनीति होस् कि सेवा, केही गर्नुपर्छ भनेर झकझक्याउने व्यक्ति उही हो। रोगीहरूले साक्षत् ईश्वर मान्ने हुँदा दयावीर लगायत् हाम्रो पूरै जमातको जनस्तरमा ठूलो सम्मान थियो भनी बताउने वैद्य आफैं पनि दयावीरसंग धेरै प्रभावित हुनुहुन्छ। व्याज, साइनबोर्ड र पाल टाँगेर सेवा गर्नसमेत राणहरूको धम्की खानुपर्ने, कुन वेला के हुने हो पत्तो नहुने अवस्थाका वेलामा पनि अनेकौं वहानामा समाजसेवा जारी राख्न सफल दयावीर जुक्ति र उपायहरूका पनि खानी हुनुहुन्थ्यो। परिस्थिति र वातावरणलाई आफूअनुकूल बनाउन सक्ने खुवी उहाँको अर्को स्तुत्य पक्ष थियो।

यस्ता विशिष्ट समाजसेवीको इच्छा पूर्ण गराउन सक्दो सहयोग गर्नेहरू पनि कम महत्वपूर्ण हुँदैनन्। पञ्चायनीस्थित २५ रोपनी जग्गा प्रसूति गृहलाई दिने ज. सिंहशमशेर, तत्कालीन उद्योग तथा वाणिज्य मन्त्री गणेशमान सिंह, तत्कालीन युवराज श्री ५ महेन्द्र तथा दर्जनौं व्यक्तिको योगदान पनि नेपाली समाजसेवाको इतिहासमा स्वर्णाक्षरले लेखिने विषयवस्तु हुन। यस्ता व्यक्तित्वहरूलगायत् अविछिन्नरूपले लागिरहने समाजसेवीहरूको प्रेरणाबाट आजको पुस्ताले शिक्षा लिने र व्यावहारमा प्रयोग गर्ने हुनसक्यो भने जीटीभी पुस्ता भनिने आजका युवाहरूका मानसिकता केही राम्रा काममा पनि उपयोग हुन सक्ने भरोशा गर्न सकिन्छ।

जीन्दगीमा गुन एक पटक लगाउन सकिन्छ र त्यो दोहोरिइरहन सक्छ भन्न सकिन्न। तर दयावीर यस्ता व्यक्तित्व हुनुहुन्थ्यो, जसले वारम्वार नेपाल र नेपालीहरूलाई गुन लगाइरहनुभएको छ। ८७ वर्षको वुढेसकालमा पनि उहाँ दयाको राहत अरूलाई पस्कन लालायित हुनुहुन्छ, समाजसेवाको अझै भोको हुनुहुन्छ र नयाँ पुस्ता यस कार्यप्रति लागून् भन्ने सदिच्छा राखिरहनुभएको छ, हामी पनि यस्ता दयाको खानीका लागि शीघ्र स्वास्थ्यलाभको कामना गर्दै शुभकामना व्यक्त गरौं।



जेनेभा तालिम कार्यक्रम

अभिप्रेरणाको बलियो सन्देश

- मुकुन्द कट्टेल

स्विजरल्याण्डको जेनेभामा अवस्थित "अन्तर्राष्ट्रिय मानवअधिकार सेवा" नामक गैर सरकारी संस्थाको आयोजनामा सञ्चालन गरिने **जेनेभा तालिम कार्यक्रम** निकै उपयोगी अन्तर्राष्ट्रिय स्तरको तालिम कार्यक्रम हो- मानवअधिकार कार्यकर्ताका लागि। अन्तर्राष्ट्रिय मानवअधिकार कानून तथा कुटनीतिमा विशेष जोड दिने यो कार्यक्रम संयुक्त राष्ट्र संघ मानवअधिकार आयोग, सह-आयोगहरू र संयुक्त राष्ट्र संघका अन्य निकायहरूको कार्यपद्धति, अन्तर्राष्ट्रिय मानवअधिकार कानून निर्माण प्रक्रिया आदि बारेमा जानकारी दिने लक्ष्य राख्दछ।

जेनेभा तालिम कार्यक्रम संयुक्त राष्ट्र संघ मानवअधिकार आयोगको वार्षिक शत्रसँगै संचालन गरिन्छ। यसको आशय तालिमका सहभागीहरूलाई आयोगको कार्यक्रम सम्बन्धी व्यावहारिक ज्ञान दिनु हो। हरेक दिन विहान सहभागीहरू अन्तर्राष्ट्रिय कानून निर्माण प्रक्रिया सम्बन्धी छलफलमा सहभागी हुन्छन्, दिउँसो संयुक्त राष्ट्र संघको परिसरभित्र संचालित नियमित कार्यक्रमको अवलोकन गर्दछन् र दोस्रो दिन अवलोकन मूल्यांकन तालिमका आयोजकहरूसंग प्रस्तुत गर्दछन्। त्यसो त, सहभागीहरूलाई मानवअधिकार आयोगको शत्र शुरू हुनु भन्दा एक हप्ता अघि नै जेनेभा बोलाइन्छ र संयुक्त राष्ट्र संघ प्रक्रिया, अन्तर्राष्ट्रिय कानून आदि विषयसंग विशेष जानकारी दिइन्छ।

मानवअधिकार आयोग

मानवअधिकार आयोग संयुक्त राष्ट्र संघको प्रमुख अंग हो जसले मानवअधिकारहरू सम्बन्धी आवश्यक दस्तावेजहरू निर्माण गर्दछ र कार्यान्वयन भए नभएको मूल्यांकन गर्दछ। मानवअधिकारका अन्तर्राष्ट्रिय घोषणापत्रहरू, सन्धि अभिसन्धिहरू, मानवअधिकार आयोग, यसका सहआयोगहरू र तिनका कार्यदलहरूबाट निर्माण गरिन्छन्। तिनलाई संयुक्त राष्ट्र संघको सामाजिक तथा आर्थिक परिषद् र साधारण सभाले अनुमोदन गरेपछि अन्तर्राष्ट्रिय कानूनको रूपमा लागु गरिन्छ।

संयुक्त राष्ट्र संघीय मानवअधिकार आयोगमा विश्वका सबै सदस्य राष्ट्रहरू क्षेत्रीय प्रतिनिधिको रूपमा प्रतिनिधित्व गरिएका हुन्छन्। आयोगका सदस्यहरू हरेक तीन वर्षका लागि क्षेत्रीय समूहगत आधारमा निर्वाचित हुन्छन्। ल्याटीन अमेरिकी तथा क्यारिबियन मुलुकहरूबाट ११, पश्चिम युरोप तथा अन्यबाट १०, अफ्रिकन मुलुकबाट १५, एशीया तथा प्रशान्तबाट १२ र पूर्वी यूरोपबाट ५ गरी मानवअधिकार आयोग ५३ सदस्य राष्ट्रहरू मार्फत प्रतिनिधित्व गरिएको एक विश्व-संसद हो। यसको अध्यक्ष आयोगका सदस्य राष्ट्रका प्रतिनिधिहरू मध्येबाट प्रत्येक वर्षका लागि पालैपालो क्षेत्रीय प्रतिनिधित्व हुने गरी निर्वाचित हुन्छन्। यो वर्ष आयोगको अध्यक्षका लागि दक्षिण अफ्रिकाका राजदुत ज्याकोब सेलेवी निर्वाचित भए।

प्रतिवर्ष एक नियमित घटना चक्रको रूपमा बितेका चउन्न वर्षदेखि मानवअधिकार आयोगको सभाकक्ष खचाखच भरिंदै आएको हो। हरेक वर्ष सदस्य राष्ट्रका प्रतिनिधिहरू देशको मानवअधिकारको "राम्रो" चित्र प्रस्तुत गर्न "उच्चस्तरीय प्रतिनिधि मण्डल" का साथ जेनेभा गइरहेकै हुन्। "एक देश एक भोट" को हैसियतले "हुन्छ", "हुन्न" या "तटस्थ" मध्ये कुनै एक मतदान प्रक्रियामा सदस्य राष्ट्रका प्रतिनिधिहरूले हात उठाइ आएकै हुन्। स्वतन्त्रता र सम्मानका लागि आवाज उठाउने जनताहरूका छातीमा बन्दूकको धूलो टक्टक्याएर संयुक्त राष्ट्र संघको सभा कक्षमा "सबै उत्तम, सबै सुन्दर" कलात्मक शब्द-जालहरू महामहिमहरूको

मुखारविन्दबाट अभिव्यक्त भइ आएकै हो। यस अर्थमा मानवअधिकार आयोगको चउन्नौं शत्र पनि मात्र एक नियमित घटनाशत्र हुनु पर्ने हो। तर यो वर्षको मानवअधिकार आयोगको शत्र अलिकित फरक, अलिबढी आकर्षक र उल्लेख्य कार्यक्रमको रूपमा सम्पन्न भएको महसूस गरियो।

यो अनुभूति हुनुका पछाडि केही वस्तुगत आधारहरू रहे। पहिलो, यो वर्ष मानवअधिकार घोषणा पत्र जारी भएको पचासौं वर्ष, अर्थात् विगत पचास वर्षका प्राप्ति र क्षतिहरूको मूल्यांकन गर्ने प्रतिबद्धता जाहेर गरिएको विशेष वर्ष। दोस्रो, भियना मानवअधिकार सम्मेलन आयोजना पछिको पाँचौं वर्ष अर्थात् पाँच वर्ष अघि अष्ट्रियाको भियनामा राष्ट्र प्रमुखहरूले गरेको कागजी प्रतिबद्धता- मानवअधिकारको सम्मान तथा कुनै प्रकारको विभेद र बाधा मुक्त आधारभूत स्वतन्त्रता अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको आधारभूत नियम हो- व्यवहारमा कत्तिको लागु गरियो परीक्षा गरिने वर्ष। तेस्रो, र मेरो विचारमा सबैभन्दा महत्वपूर्ण आधार, गोराहरूको आँखामा धेरै लामो समय-कालसम्म मान्छेको तहभन्दा थुप्रै तल रहेका दक्षिण अफ्रिकी "काली आमाहरू" का छोरा गोराहरूको हालीमुहाली रहेको अन्तर्राष्ट्रिय मञ्चमा गोराहरूकै नेता छानिएको वर्ष। अर्थात्, दक्षिण अफ्रिकाका राजदूत ज्याकोब सेलेवी मानवअधिकार आयोगको अध्यक्ष छानिएको वर्ष।

उद्घाटन शत्र

संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रका प्रतिनिधिहरू, गैर सरकारी संस्थाका प्रतिनिधिहरू, पत्रकार आदिका बीच चउन्नौं सत्र संयुक्त राष्ट्र संघका महासचिव कोफि अन्नानबाट उद्घाटन गरियो।

उद्घाटन भाषण गर्दै संयुक्त राष्ट्र संघका महासचिव कोफी अनानले भन्नुभयो- कि आजको मानवअधिकार उल्लंघन भोलिको झगडाको कारण बन्दछ, तसर्थ उल्लंघन र झैं-झगडा, जसले नयाँ प्रकारको उल्लंघनहरूको निर्माण गर्दछ, तुरून्त बन्द गरिनु पर्दछ।

मानवअधिकार कसैको पेवा होइन, यो कुनै सरकारसंग मात्र सम्बन्धित हुँदैन, कुनै देश विशेषसंग सीमित हुँदैन बरु यो त मानव जातिको आधारभूत पक्ष हो। र, मानवअधिकारहरू सबै तह र समाजका सबै पक्षसंग चासो गाँसिने कुराहरू हुन्। मानवअधिकार अफ्रिकन अधिकार हुन्, एशीयन अधिकार हुन्, युरोपियन र अमेरिकन अधिकार हुन्।

हामीले अन्यायको विरोधमा बोलेनौं भने, आज या प्रत्येक दिन हाम्रो विवेकमाथि अमानवीय र असहिष्णु प्रहार हुनासाथ व्यक्तिगत रूपमा या समूहगत रूपमा बोलेनौं भने, हामीले कर्तव्य पूरा गरेको ठहरिनै छैन- हाम्रो आफ्ने लागि र भावी सन्तति, जसको रक्षाका लागि हाम्रा पुर्खाहरूले संयुक्तराष्ट्र संघको स्थापना गरेका थिए।

उद्घाटन शत्रको अर्को वक्ता हुनुहुन्थ्यो- मेरी रोबिन्सन- मानवअधिकारका लागि संयुक्त राष्ट्र संघको उच्च आयुक्त। श्रीमती रोबिन्सनले यो ५० वर्ष हर्षोल्लासको वर्षको रूपमा मनाउन नसकिने तर्क राख्दै भन्नुभयो- यसै दशकमा मात्र दुई पटक नरसंहारका घटनाहरू दोहोरिए। जसका कारण लाखौं मारिए। युद्धको हतियारको रूपमा बलात्कारलाई प्रयोग गरिएको छ, मानवअधिकार संयन्त्रहरू र अन्तर्राष्ट्रिय कानूनको बेइज्जत गरिएको छ। आज पनि अरबौं मानिसहरू अत्यन्त गरीबिको अवस्थामा, कुपोषणको शिकार, रोग र निराश बाँचिरहेका छन्। दशौं लाख बालबच्चाहरू शुद्ध खाने पानीको अभाव र रोकथाम गर्न सकिने रोगकै कारण मर्दछन्। स्वागत गर्नमा गर्व गर्ने देशहरू शरणार्थीहरू, आश्रय मागेहरू र बसाई सर्नेहरूका लागि ढोका बन्द गरिरहेका छन्। हामीले सबैभन्दा लाज मान्नु पर्ने कुरा त यो हो कि आफ्ने प्रतिबद्धता आफैले लागु गर्न सकेनौं। तर यसो हुँदाहुँदै पनि मानवअधिकारको सन्देश आशाको सन्देश भएको छ, यो यस्तो सन्देश हो जसले परिवर्तनको संकेत गर्दछ। यसको प्रमाण मेरो छेउमा बसिरहनु भएको मानवअधिकार आयोगको अध्यक्ष हुनुहुन्छ। दक्षिण अफ्रिकाको प्रजातन्त्रले, साँच्ची नै, अभिप्रेरणाको एउटा बलियो सन्देश बोकेको छ, आशा गरौं पीडादायी अवस्थाहरू बदलिन्छन्, हामी तिनलाई बदल्न सक्षम छौं।

"आजको दक्षिण अफ्रिका धेरै फरक छ, संयुक्त राष्ट्र संघमा भाग लिन सक्षम भएको छ। हामी यस्तो देश र जनता भएका छौं जो मुस्किलले जितिएको स्वतन्त्रतालाई औंधि माया गरिरहेछौं। हामी हाम्रो नयाँ संविधान र मानवअधिकारको विकास र विस्तारका लागि निर्मित राष्ट्रिय संस्थाहरू प्रति औंधी गौरवान्वित छौं। यसो हुँदाहुँदै पनि म यो चाहिं दावा गर्न सक्दिन कि हामीसंग विशुद्ध सुन्दर मानवअधिकारको कीर्तिमान छ, यस्तो पटक्कै होइन। दशकौंदेखिको हीनता र मानवअधिकार उल्लंघनका कारण हाम्रो समाजमाथि थोपरिएका खराबीहरू निश्चय पनि रातारात मेट्न सकिन्न।" उद्घाटन मन्तव्य राख्दै ज्याकोब सेलेवीले दक्षिण अफ्रिकी समाजको चित्र अघि सार्नुभयो। जसको खराबीको कारण, उहाँको विचारमा, बिगतको गोराहरूको अत्याचार थियो।

छलफल र प्रस्तावहरु

उद्घाटन शत्रको समाप्ति पछि चवन्नौं शत्रका नियमित कार्यक्रमहरू सुरू भए- अध्यक्ष सेलेवीको कठोर, तर तर्कसंगत रूष्ठ तर शालीन निर्देशनमा। तेस्रो विश्वको कुशल नेतृत्व क्षमताको सहजै पुष्टि गरे ज्याकोब सेलेवीले। उनका अडानहरू खासगरी हेपाहा राष्ट्रहरू- अमेरिका, यूरोपेली देश आदि जो संयुक्त राष्ट्र संघ भित्रै पनि दादागिरी देखाइरहेका छन्- का विरूद्ध रत्तिभर झुकेनन्।

खासगरी अमेरिकाले क्यूबाको विरोधमा अघि सारेको प्रस्ताव माथिको छलफलमा अध्यक्ष सेलेबीको एकल निर्देशन अत्यन्तै रोमाञ्चकारी र सबल साबित भयो। अमेरिका आफैले अघि सारेको प्रस्ताव असफल हुने देखेपछि केही दिन छलफल लम्ब्याउन, अर्थात् रूपैया या अन्य प्रलोभनको भरमा भोट प्रभावित गर्ने समय जुटाउन, अनुरोध गऱ्यो। यसलाई क्यानाडा र सारा यूरोपेली देशहरूले लामा-लामा तर्कहरूका साथ समर्थन गरे, अनुनय विनय गरे। क्यूबा कुनै छलफल लम्ब्याउन इच्छुक थिएन तसर्थ प्रस्ताव माथिको छलफल तुरून्त समाप्त गर्न तयार थियो। अध्यक्ष सेलेवीले अमेरिकी तथा अरू यूरोपेली राष्ट्रहरूको अनुरोधको बावजुद प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरी छाडे, अमेरिका प्रस्तावमा असफल भयो। र, सभाकक्ष तालीको गड्गडाहटमा परिणत भयो। यो साबित भयो तेस्रो विश्वको परिपक्व उपस्थिति संयुक्त राष्ट्र संघको कार्य प्रणालीमा निर्णायक हुन्छ।

अवलोकन मूल्यांकन

मानवअधिकार आयोगमा छलफल भएका विषयहरू निर्णयार्थ प्रस्तुत हुँदा परनिर्भरता, क्षेत्रीयता तथा व्यापारिक पक्षहरूको असरको अनुभव गर्न सकिन्थ्यो। प्रायः महत्वपूर्ण विषयहरूमा तेस्रो विश्वका या आश्रित देशहरू तटस्थ बसेको पाइयो। कतिपय देशहरू त भोटको समयमा अनुपस्थित भए ताकि परिणाम हेरेर आफ्नो पक्षमा हुने गरी स्पष्टीकरण दिन सकियोस्। भोट सकिए पछि पनि "म यदि भोटको समयमा सभामा भएको भए,....." जस्ता हाँसउठ्दा तर्कहरू राख्न पाइने- सर्प मरे नमरे

पनि लौरो चाहिं नभाँचिने। शायद, यो सबैभन्दा ठूलो कुटनीति हुन्थ्यो।

"असंलग्न आन्दोलनसंग सम्बन्धित राष्ट्हरूको भूमिका महत्वपूर्ण हुन सक्छ- संयुक्त राष्ट्र संघको कार्य प्रणालीमा। तर यिनीहरू गलत कामका लागि मात्र एक हुन्छन्, राम्रो निर्णय गर्नुपर्दा एक अर्कामा विभाजित।" अन्तर्राष्ट्रिय मानवअधिकार सेवा केन्द्रका निर्देशक आण्ड्रु जोलरको टिप्पणी सही सावित हुन्थ्यो सभा कक्ष भित्रै।

भारत र पाकिस्तान "कुकुर र विरालो" जस्तै देखिए। कास्मिरको विषयमा शब्द क्षेप्यास्त्र राम्रैसंग प्रहार गरे दुवैले एक अर्कालाई। मुसाभन्दा पनि सहजै मान्छे मारिने नाइजेरिया, रूवाण्डा, जायर, बुरूण्डी आदि-आदि देशहरू यति सफा र सुन्दर रूपमा प्रस्तुत भए मानौं यी देशहरू पृथ्वीको साँच्चिने स्वर्ग हो। "सबै सुन्दर, सबै उत्तम" यस्तो लाग्दथ्यो, मानवअधिकार आयोग अन्तर्राष्ट्रिय ढाँटहरूको कपट वचन-सुन्ने आयोग पनि हो। एकातिर कोलम्बीयाका सरकार प्रतिनिधि उच्च स्वरमा भन्दै थिए कि त्यहाँ मानवअधिकार सम्बन्धी कुनै समस्या छैन। ठीक त्यसैबेला सरकारी संरक्षणका आतंककारीहरू बोगोटाका ख्याती प्राप्त प्राध्यापक, वकिल तथा मानवअधिकार योद्धा डाक्टर जोसे एडुवार्डो उमाना मेन्डोजाको हत्या गरिरहेका थिए।

तेस्रो विश्वका मुलुकहरू, जसको बहुराष्ट्रिय वित्तीय क्रियाकलापमा (विश्व वैंक अन्तर्राष्ट्रिय मुद्रा कोष आदिका निर्णायक क्रियाकलापहरूमा) कुनै अर्थपूर्ण भूमिका रहँदैन, संयुक्त राष्ट्र संघको मानवअधिकार सम्बन्धी मञ्चहरूमा भने राम्रो प्रभाव जमाउन सक्दा रहेछन्। उनीहरू त्यहाँ आफ्ना दृष्टिकोणहरूको पक्षमा निर्णय गराउँन सक्दा रहेछन्। तर यो तेस्रो विश्वको बहुमत मानवअधिकार आन्दोलनका लागि त्यति सहयोगी बनेको देखिन्न। किनकि तेस्रो विश्वका एकदलीय या तानाशाही शासकहरू मानवअधिकार आन्दोलन आफ्नो सत्ता र स्वार्थको विपरित दिशामा हिडेको ठान्दछन्। र, मानवअधिकार वहालीका लागि आवश्यक अन्तर्राष्ट्रिय कानूनहरूको निर्माण र सुदृढीकरणको विपक्षमा आफूलाई प्रायः उभ्याउछन्। यो तेस्रो विश्वको एकता रचनात्मक र प्रगतिशील कार्यमा अनुवाद भए विश्वकै जनताहरूको मानवअधिकार वहालीमा सुधार हुने थियो। र, मानवअधिकारकै नाम लिएर आर्थिक र संचार तानाशाही लादिरहेका केही "प्रथम विश्व" का मुलुकहरूको आक्रान्त बाघपञ्जाबाट सम्पूर्ण विश्वले मुक्ति पाउने थियो। तर, यो एउटा कल्पना मात्र सावित भएको छ।

गैर सरकारी संस्थाका प्रतिनिधिहरूको भूमिका निकै उल्लेखनीय दुँदोरहेछ। विभिन्न देशमा भइरहेका मानवअधिकार उल्लंघनका विषयमा गैससहरूले चर्चाहरू उठाइए, सभाको ध्यानाकर्षण गराउदै धेरै वटा विषयमा आफ्नो ऐक्यबद्धता जाहेर गराए। यस बाहेक, विभिन्न क्षेत्रीय सभाहरू मार्फत् गैरसरकारी संस्थाहरूका अनुभवहरू, दुखेसाहरू र खुशीका समाचारहरू साटासाट गर्ने अवसर पनि थियो यो। तर, धेरै व्यक्ति-गैरसरकारही संस्थाहरू केवल जेनेभाको सुन्दरताको अवलोकनका लागि मात्र, अर्थात्, कुनै ठोस योजना र तयारी विना जेनेभा पुगेको पनि पाइयो। वाइनको चुस्की र रंगीचंगी टाइको प्रदर्शनी बाहेक ती व्यक्ति-गैरसरकारी संस्थाहरूको उपस्थितिको अर्को कुनै भूमिका देखिएन।

त्यसो त, केही सरकारी-गैरसरकारी संस्थाहरू (खासगरी भारत र पाकिस्तानबाट) सरकारी दावीको समर्थन गर्नका लागि मात्र आयोग परिसरभित्र उपस्थित देखिन्थे।

मानवअधिकार कार्यकर्ता सम्बन्धी मस्यौदा घोषणा

मानवअधिकार आयोगको चउन्नौं शत्रले अर्को एउटा ऐतिहासिक सफलता प्राप्त गरेको छ। बिगत धेरै वर्षदेखि शुरू गरिएको मानवअधिकार कार्यकर्ता सम्बन्धी घोषणा आयोगको वैठकबाट सर्वसम्मत पारित भएको छ।

फेब्रुअरी १९८० मा आयोगले यो सम्बन्धी एक प्रस्ताव पारित गरेको थियो। प्रस्ताव नं. २३ मा आयोगले सबै सदस्य राष्ट्हरूलाई मानवअधिकारको विकास र पहरेदारी गर्नका लागि समाजका निकायहरू र व्यक्तिहरूलाई प्रोत्साहन गर्न अनुरोध गऱ्यो। वास्तवमा मानवअधिकार कार्यकर्ता सम्बन्धी मस्यौदा घोषणाको इतिहास, यसरी आजभन्दा १८ वर्ष अघि शुरू भएको हो।

११ मार्च १९८१ मा उक्त आयोगले, प्रस्ताव नं. २८ मार्फत् मानवअधिकार घोषणापत्र लगायत अन्य अन्तर्राष्ट्रिय कानूनहरूले स्वीकार र पहिचान गरेका अधिकारहरू लागु गर्न समाजका विभिन्न अंगहरू र व्यक्तिहरूको जिम्मेवारी भएको पुनरावृत्ति गर्दै यस्तो मानवअधिकार प्रबर्द्धनको कठीन यात्रामा सामेल भएका मानवअधिकार कर्मीहरूको विरूद्धमा गरिएका काम कार्वाहीहरू, कडा दण्ड सजाय या यस्तै निन्दनीय घटनाहरूको कडा शब्दमा आलोचना गऱ्यो। वास्तवमा यहींबाट अन्तर्राष्ट्रिय स्तरमा नै मानवअधिकारकर्मीहरू माथिको राज्य-आतंक या अतिवादी सामाजिक सांस्कृतिक संस्था या व्यक्तिहरूको कारण सिर्जना हुने खतराको स्वीकार गरियो। र, मानवअधिकार संरक्षणको लागि आवश्यक व्यवस्था गर्नु पर्ने निर्क्योल भयो।

मानवअधिकार सम्बन्धी कानून निर्माण प्रक्रियाकै इतिहास सबैभन्दा ढिलो गतिमा अघि बढेको घोषणा निर्माण प्रक्रिया अन्ततः यो वर्ष सर्वसम्मत निर्णयको रूपमा पारित भयो।

यो निर्माण प्रक्रियामा शुरूदेखि नै समर्थक राष्ट्हरूमा डेनमार्क, नर्वे, स्वेडेन, क्यानाडा, अष्ट्रेलीया र न्युजिल्याण्ड रहे। बितेका ५/६ वर्षदेखि नेदरल्याण्डस, स्वीजर्ल्याण्ड, आयरल्याण्ड, बेलायत, संयुक्त राज्य अमेरिका र केही वर्ष पहिले देखिमात्र भए पनि फ्रान्स र जर्मनीको समर्थन रह्यो। बिगत १७ वर्षको लामो प्रक्रियामा क्युवा, चीन र सिरियाको भूमिमा निकै अप्ठ्यारो रह्यो, केही एशीयाली मुलुकहरू पनि प्रत्युत्पादक सूचीमा नै दर्ज भए। हालकै वर्षहरूसम्म पनि नाइजेरियाको भूमिका अत्यन्त नकारात्मक रह्यो।

जेहोस्, मानवअधिकार कार्यकर्ताको काम, कर्तव्य र तिनको संरक्षण सुरक्षा सम्बन्धी घोषणाको मस्यौदा यो वर्षको मानवअधिकार आयोगको मिटिङ्गले पास गरेको छ। अब यसलाई यसै वर्षको संयुक्त राष्ट्र संघको साधारण सभाले अनुमोदन गऱ्यो भने अन्तर्राष्ट्रिय कानूनको ठेलीमा अर्को एक श्रेष्ठा डकुमेण्ट थपिनेछ। ढिलै भए पनि मानवअधिकार कार्यकर्ताहरूको संरक्षण र सुरक्षा सम्बन्धी पारित मस्यौदा-घोषणा मानवअधिकार कर्मीहरूको लागि खुशीको खवर हुनुपर्छ। र यो ऐतिहासिक प्रक्रियामा अनवरत आन्दोलनरत अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू खासगरी अन्तर्राष्ट्रिय मानवअधिकार सेवा आदि विशेष धन्यवादका पात्र बनेका छन्।

यो घोषणालाई व्यावहारिक रूपमा सर्वमान्य रूपमा लागु गर्नका लागि यी संस्थाहरूले अझ दह्रो भूमिका निभाउन त्यतिकै आवश्यक छ। किनकि मानवअधिकार आयोगको सभाकक्षबाट बाहिर निस्कनासाथ आफ्ना सबै प्रतिज्ञाहरू, प्रतिबद्धताहरू बिर्सने नकच्चरा राष्ट्र प्रमुखहरूको संख्या इतिहासको कुनै मोडमा पनि घटेको पाइएको छैन।

●

डोल्पाले दिएको उपहार

कुन्दन अर्याल

हामी दुवै जनाको भारीमा लुगाफाटा बाहेक किताबहरू थिए। हामीले प्राची लगायत स-साना प्रकाशनहरू पनि बोकेका थियौं। तर मानवअधिकार वर्ष पुस्तकको पहिलो अंकले हाम्रो भारीको तौल ज्यादै बढाएको थियो। आधा-आधा किलोका पाँच-सात वटा वर्ष पुस्तकहरू हामी दुवैको भागमा परेका थिए।

डा. राजेश गौतम र म। हामी दुई जना भेरीको छेऊछेऊ जुफालबाट दुवैतिर लागिरहेका थियौं। मानवअधिकार वर्ष पुस्तकको दोस्रो अंकलाई परिस्कृत गर्न हामी राजधानी भन्दा टाढा-टाढाका सुझाव बटुल्ने क्रममा डोल्पा पुगेका थियौं।

जुफाल एयरपोर्टमा हाम्रो डोल्पासंग साक्षात्कार भयो। तर हामीलाई सदरमुकाम दुवै त पुग्नु नै थियो। बाटो तेर्सो-तेर्सो नै भएपनि पिठ्यूँका भारी-भारी झोलाले हामीलाई बाटोमा चाँडै नै गलायो। डाक्टर गौतम भन्दा म ज्यादै गलें। हामी भन्दै थियौं- "फर्कंदा त किताबहरू सबै घटी हाल्छन्, मजाले हिंडिन्छ।" तर त्यतिखेर मलाई आफूले लगाएको लुगा पनि भारी लागिरहेको थियो।

साँझ हुन लाग्दा हामी दुवै पुग्यौं। दुवैतिर डाँडाले घेरेर दुना जस्तो बनाएको त्यस सानो बजारका केही टाठाबाठा मानिसहरूसंग हाम्रो जम्काभेट भयो। एक-डेढ घण्टाभित्रै हामीले डोल्पाको राजनीतिक अवस्थाको सतही ज्ञान हासिल गर्‍यौं।

सन् बयानब्बेको मानवअधिकार वर्ष पुस्तकका लागि घटना संकलन गर्न पत्रकार गोपाल गुरागाईं डोल्पा जानुभएको थियो। डोल्पाबाट फर्किएपछि उहाँले वर्ष पुस्तकमा लेख्नुका अतिरिक्त काठमाण्डौको एक साप्ताहिकमा पनि रिर्पोटिङ्ग गर्नुभएको थियो। उहाँको रिर्पोटिङ्गमा डोल्पाका केही राजनीतिक मानिसहरूका बारेमा नकारात्मक टिप्पणी गरिएको रहेछ। उहाँको रिर्पोटिङ्गमा चर्चित मोती पहाडीको प्रसंग पनि परेको रहेछ। त्यतिबेला नेपाली कांग्रेसमय भएको डोल्पामा हामीले गुरागाईंको टिप्पणीका कारण निकै कुरा सुन्नु पर्‍यो।

"डोल्पामा मोती पहाडीको दबदबा कति छ? तपाईंहरूलाई के थाहा? हामीसंग केही कांग्रेस कार्यकर्ताहरूले यस्तै यस्तै प्रश्न उठाउँदै कडा-कडा कुरा गरे।" यहाँ आउने त्यस्ता पत्रकारलाई भेरीमा फ्याली दियौं भने काठमाण्डौबाट जोगाउन कोही आउँदैन" यस्ता धम्कीपूर्ण आक्रोसको पनि हामीले सामना गर्नु पर्‍यो।

तर त्यति धेरै कडा-कडा कुरा गरेर पनि कांग्रेसका. स्थानीय नेता र जिल्ला विकासका पदाधिकारीहरूले हामीलाई सहयोग गरे। भोलिपल्ट नेपाली कांग्रेसका स्थानीय नेता अशोक हमालले हामीसंग लामो कुराकानी गरे। हामीले सिडियोसंग कुराकारी गर्‍यौं। भुण्डिएको पुल तरेर जानु पर्ने बजार पारीको जेलको हामीले अवलोकन गर्‍यौं। सुखा डाडाको नाकै मुनि रहेको जेलमाथिबाट ढुंगा लड्ने हो कि जस्तो अवस्था देख्दा मलाई डर लाग्यो।

भेरीको तीरमा रहेको दुनै बजारका मानिस दोस्रो दिन हामीलाई ज्यादै सहज लागे। हामी रमायौं दुनै बजारमा। राजनीतिक र सामाजिक क्षेत्रमा थोरै वा सीमित मानिसको पकड रहेको हुँदा हामीले पार्टीहरूलाई एउटा कुरामा सजिलो देख्यौं। त्यो के भने- केही मानिस जुन पार्टीमा लाग्छन्, धेरै मानिस त्यतैतिर लाग्ने रहेछन्।

डोल्पाको राजनीतिमा पञ्चायतकाल देखि मोती पहाडी र नरबहादुर बुढाको प्रतिस्पर्धा रहिआएको छ। हामी पुग्दा डोल्पामा मोती पहाडीको जमाना आएको थियो। नरबहादुर बुढाको दुनै बजारको भव्य निवासमा पनि हामीले त्यति चहल-पहल देख्नेनौं।

त्यतिखेर कांग्रेसमय भएको दुनै देखेर काठमाण्डौ फर्किएपछि हामीले संयुक्त रूपमा लेखेका थियौं- "हिजो पञ्च भएकाहरू जसरी आज कांग्रेस भए त्यसरी नै भोलि केन्द्रमा अर्को कुनै पार्टीको शासनसत्ता स्थापित भयो भने यहाँका घरघरबाट चारतारे ध्वजाहरू उतारिने छन्। र, ती ठाउँहरूमा नयाँ पार्टीका झण्डाहरू गाडिने छन्।" हामीले त्यस्तो टिप्पणी गर्नुको कारण के थियो भने- त्यहाँ कांग्रेसले राजनीति वा मेहेनत गरेर आफ्नो प्रभाव विस्तार गरेको थिएन। त्यो प्रभाव त सत्ताका कारण माग देखिएको थियो।

मध्यावधि चुनावको घोषणा भएपछि दोस्रो पटक डोल्पा पुग्दा मैले हाम्रो टिप्पणी सत्य सावित भएको देखें। अशोक हमालले मलाई दुनैमा देख्ने वित्तिकै भनें "अब त छोडियो कांग्रेस-सांग्रेस बुझ्नुभयो। बोर्डलाई लगेर हामीले भेरीमा मिल्क्यायौं।" नेपाली कांग्रेसले मोती पहाडीलाई टिकट नदिएपछि त्यस्तो प्रतिकृया उत्पन्न भएको थियो। मोती पहाडीले स्वतन्त्र भएर चुनाव जिते। संसदमा पुगेपछि उनी गिरिजा प्रसाद कोइरालाको निकट रही रहे। चुनावका क्रममा सिडियोले बालुवाटारको आदेशमा उनलाई खुलेर सघाएका थिए। कांग्रेसको आधिकारिक उम्मेदवारलाई सिडियोले पुरै पक्षपात गरी लेखेटेका थिए।

मध्यावधि चुनावपछि गिरिजाप्रसाद कोइरालाको कुर्सी गुम्यो। एमालेको एकमना सरकार बनेपछि डोल्पाको राजनीतिमा नयाँ तरंग फिजिनु स्वभाविकै थियो। तत्कालीन सञ्चारमन्त्री प्रदीप नेपालसंग चीन भ्रमण गरी फर्किएपछि मोती पहाडीले एमालेमा प्रवेश गरे। तर केही समयपछि एमाले नै लाजमर्दो अवस्थामा पुग्यो। एमाले सत्तामा टिकिरहन नसक्ने निश्चित भएपछि उनले पुनः घोषणा गरे "म त स्वतन्त्र हुँ।" अहिले मोती पहाडी कांग्रेस हुन पुगेकाले उनका पुराना प्रतिद्वन्दी नरबहादुर एमाले भएका छन्। डोल्पामा राजनीतिक पार्टीहरूले मेहनत गर्नु पर्दैन। रेडिमेड नेताहरूलाई हात पारेपछि सुरू हुन्छ डोल्पामा कुनै पनि राजनीतिक पार्टीको काम।

डोल्पामा एक-दुई नेताहरूको तजवीजमा पार्टी राजनीतिको उतारचढाव हुने गर्दछ। र, सोझा-निमुखा जनताको जीवन धामी- झाँक्रीको तजवीजमा अघि बढीरहेको छ। अन्धविश्वास र कुरितीहरूले मानवअधिकारहरूका सम्मुख चुनौती तेर्स्याएका छन्। छुवाछूत प्रथाले डोल्पाको समाजलाई पनि दुई भागमा विभक्त गरेको छ।

मानवअधिकार चेतनासंग सम्बन्धित कुरो हो। तर डोल्पामा चेतनाको ठेक्का केही सिमित मानिसहरूले हात पारेका छन्। प्रजातन्त्र र मानवअधिकारको परिभाषा डोल्पाका टाठाबाठाहरूले काठमाण्डौमा राम्रासंग दिन जानेका छन्। डोल्पाभित्र मनवअधिकार र प्रजातन्त्रको उनीहरू मौलिक परिभाषा प्रस्तुत गर्छन्। पहिले देखि चलिआएको रितीरिवाज वा चाल चलनभित्र मानवअधिकार र प्रजातन्त्रको वेग्लै आकृति वन्न पुगेको छ।

डा. राजेश गौतम र म। हामी दुवैले डोल्पामा प्रजातन्त्र र मानवअधिकारको बिग्रिएको आकृति देख्यौं। त्यसो त प्रजातन्त्र र मानवअधिकारको आकृति देशभर विकृत बनाउन खोजिदैंछ। डोल्पाको मात्र कुरा गर्नु कुनै नौलो सवाल उठाउनु होइन। तर डोल्पाले नेपाली राजनीतिलाई एउटा प्रवृत्ति दिएको छ। देश भरका मोती पहाडीहरूलाई डोल्पाले उपहार दिएको छ। र, राजनीतिको त्यो प्रवृत्तिले प्रजातन्त्र-मानवअधिकार लयायत सबै-सबैको घाँटी अँठ्याएको छ।

अन्तरक्रियाका निम्ति ढोका खुल्ला छ भनेर जे जति डिङ्गरी पिटे पनि वा हुण्डरी चलाए पनि कोही तोरीलाहुेर ढोकाबाट भित्र पस्न हिम्मत गर्दैन। बरू थाहै नपाई जस्केलाबाट भित्र पस्छ र ढोकाबाट बाहिर निस्कन्छ। आखिर यो किन भइरहेको छ? किन भइरहेको छ भने हिजोआज ढोकाबाट भित्र पस्न भन्दा खट्प्वालबाट चिहाउन र झ्याल वा जस्केलाबाट भित्र पस्न बढ्ता सजिलो साबित भएको छ। भित्र पस्न र शोफामा बस्न मात्र होइन गर्जिदै बाहिर निस्कन पनि झ्याल वा जस्केलाले बढी सहयोग पुऱ्याइ आएको छ। ढोका बन्द होस् कि खुल्ला के मतलब? तपाईंले कुनै पनि सानो या ठूलो काम फत्ते गर्ने सुरसारमा लाग्नु भएको छ भने ढोका होइन झ्याल ढक्ढक्याउनुस्। सोझो र निरिह मान्छे मात्रै हिजोआज ढोकाबाट छिर्छ। ढोकाबाट मात्रै छिर्ने निरिह गौप्राणीहरूलाई झ्यालले चुनौति दिइरहेको हुन्छ।

आखिर झ्याल झ्यालै हो, र ढोका ढोका नै हो। यथास्थानमा ढोका कहिले झ्याल हुन सक्दैन र झ्याल कहिले ढोका हुन पाउँदैन। मूल ढोकाबाट पस्दा जो कसैले देख्छ, के को निम्ति को किन पस्यो र भित्र कसले के गरेर बाहिर निस्क्यो भन्ने कुरा जो कसैले बुझ्छ। यसो भएपछि हल्ला होहल्ला हुन्छ। विनावित्थामा कोकोहोलो मच्चिन्छ। यस्तो हुलहालले असुरक्षा निम्त्याउँछ। यस किसिमको भिषण खतराबाट बच्न झ्यालबाट लुसुक्क पस्नुस् , गर्नुपर्ने वा गर्नु नपर्ने यावत कुरो गर्नुहोस् र झ्यालबाटै बुद्धुक्क बाहिर हाम्फाल्नुस्। न कसैले सुईंको पाउँछ, न कसैले हुईंया पिटाउँछ। मान्छेको जात पनि हिजोआज इलाष्टिक पो भएको छ त। ढोकाबाट छिर्न नसक्ने समढन्नको ज्यान झ्यालको सानो चेपोबाट सुत्त छिर्न सक्छ अनि झ्यालबाटै फुत्त बाहिर निस्कन पनि सक्छ।

झ्याल पनि हेर्नाका छन्। कुनै कुनै त हेरि नसक्नाका पनि छन्। आँखा जत्रा प्वालै प्वाल भएको आँखिझ्याल होस् या झल्लरी मल्लरी पर्दावाल-झ्याले प्रेमीहरू झ्यालबाटै ठूलो संसार बढो प्रष्टसंग देखिरहेका हुन्छन्। गजेटमा नछापिए पनि अथवा बजेटमा नदेखिए पनि भित्र-भित्रै हुने गरेका गुप्त र लुप्त कारोवारहरू झ्यालको पारदर्शी ऐनामा टल्की रहेका हुन्छन्। त्यसैले त उनीहरू झ्यालको डण्डीमा झुण्डिएर हण्डी थापिरहेका छन्, कसैले देख्ला कि भनेर मण्डी ओडिरहेका छन्। हिजोआजका कतिपय आधुनिक मैयाहरू र कतिपय आधुनिक मैयाहरूको अत्याधुनिक प्रेम सिर्फ यस्तै झ्याल मार्फत मौलाइरहेको छ। कुनै छन् नेपाल भारत बीचको चौविसे घण्टा खुल्ला रहने खुल्ला सीमाना जस्ता खुल्ला झ्याल त कुनै छन् उपति न आर्जनमा दिन दिनै आयोजना हुने नेपालबन्द जस्तै हर्दम बन्द रहने बन्द झ्याल, ग्रील ठोकेका झ्याल, जाली हालेका झ्याल, हावाका निम्ति मात्र निर्मित हावादारी झ्याल, खोल्यो कि पानीका छिटा अथवा बौछिटा छिर्ने झ्याल। यी अनेक नाम र स्वरूपका झ्यालहरू सिरिफ मान्छेले सदुपयोग गरिहेका छन्, मान्छेले दुरूपयोग गरिरहेका छन्। नातिले लट्टाइ घुमाउँदै चङ्गा उडाउन देखि हजूरबाले पित्तलको हुक्कामा तमाखु गुङ्गुडाउनसम्म झ्याल हाजिर छ। कैयौं आधुनिक छोरा र बैंसले मात्तिएका मोराहरूलाई झोलका खोल लुसुक्क फाल्न यही झ्यालले साथ दिएको छ। कैयौं आमाहरूलाई नानीहरूको आची र सडकतर्फ हुत्याउन यही झ्यालले सजिलो पारिदिएको छ। कैयौं बाबाहरूलाई आफ्नो कालो धन्दामा पर्दा हाल्न यही झ्यालले सहयोग पऱ्याइ आएको छ।

दिन भरी बन्द हुने र रात भरी खुल्ला रहने झ्यालको कडरन र कथा बेगलै छ। रातभरी बन्द रहने र दिन भरी खुल्ने झ्यालको व्यथा अर्कै छ। बेला बेला खुल्ने र बेला बेला बन्द हुने यस्ता झ्यालहरूको बहु उपयोगिता पर्गेलेर विनावित्थमा मलाई झ्यालखान जान मन छैन। आँखा झिम्काए जस्तो पलकभर खुल्दा या पलकभरमै बन्द हुँदा करोडौंको धन्दा चल्छ। यस्तो धन्दाका बारेमा यहाँ भन्दा बढ्ता भन्नु आगोको भुङ्ग्रोमा हाम्फाल्नु जस्तै हो। भुङ्ग्रो त भुङ्ग्रो आगैको भुङ्ग्रोमा हाम्फाल्ने लरतरो हिम्मत न मसंग छ न तपाईंसंग छ। बरू झ्यालखानको नाम र काम चाँहि गज्जबलाग्दो छैन त? जुन घरमा झ्यालका नाममा मुसा छिर्ने खट्प्वालसम्म हुन्न त्यसैलाई झ्यालखान रे! कोट्याउँदै र परिलाउँदै जाने हो भने यस्ता कोग्ल्याँटा र बिल्ल्याँटा कुरा धेरै छन्। झ्यालकै कुरा गर्नुस् न, ठाडो ठाउँमा तेर्सो झ्याल, तेर्सो ठाउँमा ठाडो झ्याल, सोझो ठाउँमा बाङ्गो झ्याल, आजकलका नेताहरूको जिब्रो बटारिए झैं बटारिएको र लठेब्रिएको ठाउँमा चटक्क परेर बसेको सोझो झ्याल, लाटाहरूको घरमा बाठो झ्याल, विपत्ताका बाठाहरूको घरमा लाटो झ्याल।

कुरा घरको झ्यालको मात्रै कहाँ हो र ? पजेरोको झ्याल मारूतीको झ्याल भन्दा धेरै माथि हुन्छ। माथिको महत्वबारे बताउँदै पर्दैन। पाँच वर्षीय सांसद भन्दा पाँच महिने मन्त्रीको महत्व माथिल्लै हुन्छ। यस्तो नभए मन्त्री खान यसरी कोही मरिहत्तेगर्छ? जमाना नै यस्तो छ- झ्यालबाट छिर्नेहरूले नै चुनावमा टिकट पाउँछन्, सांसद हुन्छन्, मन्त्री बन्छन् र झण्डा हल्लाउँछन्। मुल ढोकाबाट छिर्न खोज्ने ग्वाङ्ग्राहरूले न त टिकट नै पाउँछन्, पाइ हाले न त चुनाव नै जित्छन्, जिति हाले न त मन्त्री नै हुन्छन्। समग्र भनौं, कुर्सी पाउन झ्यालबाट छिर्नोस्, बसिआएको कुर्सी जान लाग्यो बचाउन झ्यालबाट छिर्नोस्, लाखौंको लाभ हुने ठेक्का हात पार्न झ्यालबाट छिर्नोस्, सरूवा हुन झ्यालबाट छिर्नोस्, झरूवा रोक्न झ्यालबाट छिर्नोस्, परीक्षामा फेल हुनु भो पास भएको प्रमाणपत्र लिन झ्यालबाट छिर्नोस्, मोटर चलाउन जान्नु हुन्ने तर झ्यालबाट छिर्नोस् र लाइसेन्स लिनु होस्। कसैलाई धोका दिएर ढोकामै पछार्नु छ, तपाईं झ्यालबाट छिर्नोस्। अब त मूल ढोका भनेकै धोकै धोकाको पोका हो। डोकाका डोका आम्दानी झ्यालबाटै भित्र्याउन सकिन्छ। मान्छेलाई मालामाल बनाउने झ्याल ख्याल ख्याल हुँदै होइन। झ्यालको यस्तो मान र महत्वलाई ख्याल नगर्ने लठ्ठ त मरेको स्याल हो, स्याल। लौ भन्नोस् त झ्यालको औधी ख्याल गर्दै अहिलेसम्म नलेखिएको यो निबन्ध साँच्ची हो कि ख्याल-ख्याल? ●

तपाईलाई थाहा छ ?

प्राचीमा छापिए जस्तै सामाग्रीहरू रेडियो नेपाल र रेडियो सगरमाथामा पनि प्रशारित हुने गरेका छन् । प्रत्येक शनिवार रेडियो नेपालमा विहान ८.३० र एफ. एम. रेडियो सगरमाथामा विहान ७.३० बजे मानवअधिकार शिक्षा कार्यक्रम सुन्ने गरौं ।

ख्याल-ख्याल होइन झ्याल

नरनाथ लुइँटेल

राजनीति वडो रङ्गिन बनेको छ अहिले। नेताहरू छ आठ महिनामा आलो-पालो गर्दै सत्तासंग सुहागरात मनाइरहेका छन्। व्यापारीले व्यापार बढाइरहेको छ। लुते मास्टर सधैं जसो स्कूलमा पढाइरहेको छ। सत्ताको तावेदारीमा कोरस गाउनेहरू गाइरहेका छन् र नयाँ मुल्लाहहरू बढ्ता प्याज खाइरहेका छन्। हुलहाल पनि छैन, कुनै किसिमको बबाल पनि देखिन्न। व्यापार बढाउने, स्कूल पढाउने, कोरस गाउने र प्याज खाने पवित्र कार्यमा कसैले अवरोध खडा गर्न पाएको छैन, तगडा किसिमको रगडा र झगडा केही पनि देखिंदैन। यो शान्त प्रशान्त वातावरणमा झ्यालमा बसेर बाहिर नियाल्न खुब आनन्द आउँछ। झ्यालबाट देखिने संसार फुत्त फेला परेको सुन सुत्त हराउने भन्सार भन्दा अपरम्पार छ। आउनोस् यो पटक घरको सानो प्वाल झ्याल र अलि ठूलो भवाङ् प्वाल ढोका कै बारेमा एकछिन गन्थन मन्थन गरौं।

झ्याल र खटप्वाल कुन जेठो हो भन्ने कुरा फुल र कुखुरा कुन पहिलेको हो भने जस्तै जस्तै हो। झ्याल हाल्ने ठाउँसम्म पुग्न खटप्वालले पुऱ्याएको योगदान नबुझ्नेहरू सिर्फ झ्याललाई मात्र महान् देख्छन्। अनि झ्यालबाटै बाहिर भित्र गर्न मन पराउने वज्रस्वाँठहरू कतिपय बेला खटप्वाललाई नै झ्याल ठान्न र मान्न पनि बेर लाउँदैनन्। तर जो सुकैले जे सुकै ठानोस् खटप्वाल नै झ्यालको गर्भस्थल हो, धर्मस्थल हो। भन्नलाई भनिन्छ ढोकाको काम झ्यालबाट हुँदैन-कालान्तर र प्रकारान्तरमा यो भनाइले पनि भेट खान छोडिसक्यो। आजकल ढोकाबाट समेत नहुने काम झ्यालबाटै तमाम भइरहेको छ। तपाईं भन्नुहोला झ्यालबाट छिर्ने त चोर हो, त्यसरी छिरेर गरिने काम त चोरी हो। तर अब त यस्तो कुरा भन्नु भन्दा पहिले आफ्नै करङ् गन्नु होला, किन कि भनिसकेपछि कतिवटा खुस्किए, कतिवटा अर्ध खुस्काइमा परे र कतिवटा चाँही सगुलै छन् भनेर हिसाब किताब गर्न सजिलो हुने छ। थियो होला, कुनै जमानामा चोर लुच्चा लफङ्गाहरू मात्रै झ्यालबाट छिर्थे र गर्नु नगर्नु गर्थे तर आजकल ढोकाबाट नभै झ्यालबाट छिरेर काम तमाम गर्नेहरूमा सज्जन र भद्रजनहरू कै बाहुल्यता रहेको छ।

जस्केलो झ्यालकै अर्को रूप हो। ढोका त राजनीतिमा देखाउने दाँत मात्रै भएको छ। राजनीतिज्ञहरूले सहमति, समझदारी, वार्ता र



का.जि.का. द. नं. २१/०४९/५०



















मानवअधिकार सम्बन्धी चेतना उन्नत बनाउन
मानवअधिकार साहित्यको अध्ययन गरौं ।